वर्ष ५ | अंक १ र २ | २०७२ कात्तिक

राष्ट्रपतिको कार्यालयको बुलेटिन

# शीतलनिवास



प्रकाशक

राष्ट्रपतिको कार्यालय

## सम्पादकीय

राष्ट्रपतिको कार्यालयबाट वि.सं. २०६७ साल कात्तिक महिनामा 'शीतलनिवास' बुलेटिनको पहिलो अंक प्रकाशन भएको थियो । यसै क्रममा सो बुलेटिनको वर्ष ५, संयुक्तांक १ र २ यहाँहरू समक्ष प्रस्तुत गरिएको छ ।

संविधानको संरक्षक र राष्ट्रप्रमुखको सर्वोच्च भूमिकामा रहनुभएका सम्माननीय राष्ट्रपतिबाट सम्वत् २०७१ साल साउनदेखि २०७२ कात्तिक १२ गतेसम्म सम्पादन भएका व्यवस्थापिका-संसद सम्बन्धी, शपथग्रहण, संवैधानिक अंग तथा निकायका पदाधिकारीहरूको मनोनयन तथा नियुक्ति, वार्षिक प्रतिवेदन एवम् ओहदाको प्रमाणपत्र ग्रहण, विभूषण प्रदान, विभिन्न अवसरहरूमा व्यक्त शुभकामना तथा सन्देशहरू, समारोहहरूमा भएका सहभागिताहरू, महत्वपूर्ण भेटघाट लगायतका विविध कार्यहरूलाई यस बुलेटिनमा समेटिएको छ ।

यसैगरी सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिमका सूचना तथा जानकारी समेत यसमा समावेश गरिएको छ । यसबाट आम पाठक एवम् सम्पूर्ण सरोकारवालाहरूमा सम्माननीय राष्ट्रपति तथा राष्ट्रपतिको कार्यालयबाट सम्पादन हुने विविध कार्यहरूको सम्बन्धमा अवगत भई नागरिकको सूचनाको हकको सम्मान एवम् पालना हुनेछ भन्ने विश्वास गरिएको छ।

अन्तमा, बुलेटिनलाई आगामी दिनहरूमा अझ उपयोगी र प्रभावकारी बनाउन रचनात्मक सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दछौं । बुलेटिनको यो अंक प्रकाशनमा विशेष यो गदान पुऱ्याउनुभएका श्रीमान् सचिव टेकप्रसाद ढुङ्गाना र सहसचिव श्री चक्रबहादुर बुढा, प्रत्यक्ष र परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने राष्ट्रपतिको कार्यालयसंग सम्बद्ध कर्मचारीहरु एवम् अन्य सम्पूर्ण महानुभावहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।


### बुलेटिन सम्पादन समूह :

संयोजक : श्री शंकरप्रसाद सुवेदी, सहसचिव
सदस्य : श्री रेशमराज सिग्देल, उपसचिव
सदस्य : श्री ध्रुवराज आचार्य, उपसचिव
सदस्य : श्री दशरथ राई, शाखा अधिकृत
सदस्य सचिवः श्री भरतप्रसाद ढकाल, शाखा अधिकृत
कम्प्यूटर, फोटो तथा अन्य सहयोगः
श्री गायत्र श्रेष्ठ, नायब सुब्बा
श्री खडानन्द पौडेल, कम्प्यूटर अपरेटर
श्री सुदर्शन खनाल, खरिदार
श्री नारायण महर्जन, खरिदार (फोटोग्राफर)
श्री लक्ष्मण खरेल, सहायक कम्प्यूटर अपरेटर


## समाचार खण्ड

### १. नेपालको संविधान बमोजिम राष्ट्रपतिको काम, कर्तब्य र अधिकार

नेपालको संविधानको भाग ६ मा राष्ट्रपति तथा उपराष्ट्रपतिका बारेमा व्यवस्था गरिएको छ । उक्त संविधानको धारा ६१ देखि ६६ सम्म राष्ट्रपतिको बारेमा विविध प्रावधानहरू रहेका छन् । जस मध्ये धारा ६१(१) मा नेपालमा एक राष्ट्रपति रहनेछ, उपधारा (२) मा राष्ट्रपति नेपालको राष्ट्राध्यक्ष हुनेछ। निजले यस संविधान र संघीय कानून बमोजिम आफ्नो कार्यसम्पादन गर्नेछ, उपधारा (३) मा राष्ट्रपतिले नेपालको राष्ट्रिय एकताको प्रवर्धन गर्नेछ र उपधारा (४) मा संविधानको पालन र संरक्षण गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ भन्ने उल्लेख छ । धारा ६६ मा राष्ट्रपतिको काम, कर्तव्य र अधिकारका बारेमा उल्लेख छ। उपधारा (१) मा राष्ट्रपतिले यो संविधान वा संघीय कानून बमोजिम निजलाई प्राप्त अधिकारको प्रयोग र कर्तव्यको पालन गर्नेछ। उपधारा (२) मा उपधारा (१) बमोजिम अधिकारको प्रयोग वा कर्तव्यको पालन गर्दा यो संविधान वा संघीय कानून बमोजिम कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने भनी किटानीसाथ व्यवस्था भएको कार्य बाहेक राष्ट्रपतिबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य मन्त्रिपरिषदको सिफारिस र सम्मतिबाट हुनेछ । त्यस्तो सिफारिस र सम्मति प्रधानमन्त्री मार्फत पेश हुनेछ। उपधारा (३) मा उपधारा (२) बमोजिम राष्ट्रपतिको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण संघीय कानून बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ । नेपालको संविधानलाई समष्टिमा अध्ययन गर्दा राष्ट्रपतिको अन्य भूमिका देहाय बमोजिम रहेको पाइन्छ :-

- भाग ४ धारा ५३ बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व कार्यान्वयनका सम्बन्धमा गरेको काम र प्राप्त उपलब्धि सहितको नेपाल सरकारले पेश गर्ने वार्षिक प्रतिवेदन ग्रहण गरी उक्त प्रतिवेदन प्रधानमन्त्री मार्फत संघीय संसद् समक्ष पेश गर्ने व्यवस्था मिलाउने ।
- भाग ६ धारा ६८ (क) बमोजिम उपराष्ट्रपतिबाट पेश हुने लिखित राजिनामा ग्रहण गर्ने ।
- सोही भागको धारा ७१ बमोजिम उपराष्ट्रपतिलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउने ।
- – भाग ७ धारा ७६ बमोजिम प्रधानमन्त्रीको नियुक्ति तथा प्रधानमन्त्रीको सिफारिसमा मन्त्रिपरिषद्को गठन गर्ने ।
- सोही भागको धारा ७७ (१) (क) बमोजिम प्रधानमन्त्रीले पेश गरेको लिखित राजिनामा ग्रहण गर्ने ।
- सोही भागको धारा ८० बमोजिम प्रधानमन्त्री, उपप्रधानमन्त्री तथा मन्त्रीलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउने ।
- सोही भागको धारा ८१ बमोजिम प्रधानमन्त्री मार्फत मन्त्रिपरिषदका निर्णयहरू, संघीय संसदमा पेश गरिने विधेयकहरू र ती विषयसँग सम्बन्धित राष्ट्रपतिले आवश्यक ठानेका अन्य विवरण, नेपालको समसामयिक परिस्थिति र वैदेशिक सम्बन्धका विषयका जानकारी लिने ।
- भाग ८ धारा ९३ (१) बमोजिम संघीय संसदको अधिवेशनको आव्हान गर्ने र उपधारा (२) बमोजिम संघीय संसदको दुवै वा कुनै सदनको अधिवेशनको अन्त्य गर्ने । उपधारा (३) बमोजिम प्रतिनिधिसभाको विशेष अधिवेशन वा बैठक आव्हान गर्ने ।
- सोही भागको धारा ९५ बमोजिम संघीय संसदको कुनै सदन वा दुवै सदनको संयुक्त बैठकमा सम्बोधन गर्ने ।
- धारा १०६ (१) बमोजिम प्रतिनिधि सभाको सभामुख र राष्ट्रिय सभाको अध्यक्ष दुवैको संयुक्त सिफारिसमा संघीय संसदको महासचिव, सभामुखको सिफारिसमा प्रतिनिधि सभाको सचिव र राष्ट्रिय सभाको अध्यक्षको सिफारिसमा राष्ट्रिय सभाको सचिवको नियुक्ति गर्ने ।

• भाग ९ धारा ११३ बमोजिम विधेयकहरू प्रमाणीकरण गर्ने । • सोही भागको धारा ११४ बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा अध्यादेश जारी गर्ने ।

• भाग ११ धारा १२९ बमोजिम संवैधानिक परिषद्को सिफारिसमा प्रधान न्यायाधीश र न्याय परिषद्को सिफारिसमा सर्वोच्च अदालतका न्यायाधीशको नियुक्ति गर्ने ।

• सोही भागको धारा १३८ (१) बमोजिम सर्वोच्च अदालत, न्यायपरिषद् र न्यायसेवा आयोगका बार्षिक प्रतिवेदनहरू ग्रहण गरी प्रधानमन्त्री मार्फत उक्त प्रतिवेदनहरू संघीय संसदमा पेश गर्ने व्यबस्था गर्ने।

• सोही भागको धारा १५३ को उपधारा (१) को खण्ड (घ) बमोजिम प्रधानमन्त्रीको सिफारिसमा र खण्ड (ङ) बमोजिम नेपाल वार एशोसियसनको सिफारिसमा न्यायपरिषद्को सदस्य नियुक्ति गर्ने ।

• भाग १२ धारा १५७ (२) बमोजिम प्रधानमन्त्रीको सिफारिसमा महान्यायाधिवक्ताको नियुक्ति गर्ने । उपधारा (४) को खण्ड (क) बमोजिम प्रधानमन्त्री मार्फत महान्यायाधिवक्ताले दिने राजिनामा ग्रहण गर्ने । प्रधानमन्त्रीको सिफारिमा पदमुक्त गर्ने ।

• भाग १३ धारा १६३ (२) बमोजिम प्रदेश प्रमुखहरूको नियुक्ति गर्ने, धारा १६५ (१) को खण्ड (क) बमोजिम प्रदेश प्रमुखको लिखित राजिनामा ग्रहण गर्ने तथा खण्ड (ख) बमोजिम प्रदेश प्रमुखलाई पदमुक्त गर्ने । धारा १६५ (२) बमोजिम कुनै प्रदेश प्रमुख रिक्त रहेको अवस्थामा प्रदेश प्रमुख नियुक्ति नभएसम्मका लागि अर्को कुनै प्रदेशको प्रमुखलाई त्यस्तो प्रदेशको कामकाज गर्नेगरी तोक्ने। धारा १६७ बमोजिम प्रदेश प्रमुखहरूलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउने ।

• भाग २० धारा २३२ को उपधारा (३) बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश मन्त्रिपरिषद् र प्रदेश सभालाई बढिमा छ महिनासम्म निलम्बन गर्ने वा विघटन गर्ने ।

• भाग २१ धारा २३८ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त र आयुक्तको नियुक्ति गर्ने ।

• भाग २२ धारा २४० को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा महालेखापरीक्षकको नियुक्ति गर्ने ।

– भाग २३ धारा २४२ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा लोक सेवा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने ।

• भाग २४, धारा २४५ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा प्रमुख निर्वाचन आयुक्त र आयुक्तको नियुक्ति गर्ने।

• भाग २५ धारा २४८ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने ।

• भाग २६ धारा २५० को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने ।

• भाग २७ धारा २५२ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रिय महिला आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने।

• सोही भागको धारा २५५ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रिय दलित आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने।

• सोही भागको धारा २५८ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रिय समावेशी आयोगको अध्यक्ष र सदस्यको नियुक्ति गर्ने।

• सोही भागको धारा २६१ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा आदिवासी जनजाति आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने ।

• सोही भागको धारा २६२ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा मधेशी आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने।

• सोही भागको धारा २६३ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा थारु आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने।

• सोही भागको धारा २६४ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा मुस्लिम आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने।

• भाग २८ धारा २६६ को उपधारा (३) बमोजिम राष्ट्रिय सुरक्षा परिषद्ले पेश गरेको वार्षिक प्रतिवेदन ग्रहण गरी त्यस्तो प्रतिवेदन प्रधानमन्त्री मार्फत संघीय संसद समक्ष पेश गर्ने व्यवस्था मिलाउने । धारा २६७ (२) बमोजिम नेपाली सेनाको परमाधिपति हुने। सोही धाराको उपधारा (५) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा प्रधानसेनापतिको नियुक्ति र पदमुक्ति गर्ने । उपधारा (६) बमोजिम मन्त्रिपरिषद्को निर्णय बमोजिम नेपाली सेना परिचालनको घोषणा गर्ने।

• भाग ३० धारा २७३ बमोजिम संकटकालीन अवस्थाको घोषणा वा आदेश जारी गर्ने र सोही धारा बमोजिम उक्त आदेश वा घोषणा फिर्ता लिने।

• भाग ३१ धारा २७४ बमोजिम संविधान संशोधनको विधेयक प्रमाणीकरण गर्ने ।

• भाग ३२ धारा २७६ बमोजिम कुनै अदालत, न्यायिक वा अर्धन्यायिक निकाय वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायँलाई कानून बमोजिम माफी, मुल्तवी, परिवर्तन वा कम गर्न सक्ने ।

• धारा २७७ बमोजिम राज्यका तर्फबाट प्रदान गरिने उपाधि, सम्मान र विभुषण प्रदान गर्ने ।

• धारा २८२ (१) बमोजिम समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र कुनै खास प्रयोजनका लागि विशेष प्रतिनिधि नियुक्त गर्ने । उपधारा (२) बमोजिम विदेशी राजदूत तथा कुटनीतिक प्रतिनिधिबाट ओहोदाको प्रमाणपत्र ग्रहण गर्ने।

• भाग ३२ धारा २९४ बमोजिम संवैधानिक निकायहरूले पेश गरेका वार्षिक प्रतिवेदनहरू ग्रहण गरी त्यस्ता प्रतिवेदन प्रधानमन्त्री मार्फत संघीय संसद समक्ष पेश गर्न लगाउने ।

• भाग ३३ धारा ३०५ बमोजिम संघीय संसद्को निर्वाचन भई त्यसको पहिलो अधिवेशन प्रारम्भ नभएसम्म नेपाल सरकार मन्त्रिपरिषद्को सिफारिसमा बाधा अड्काउ फुकाउन आदेश जारी गर्ने।

• नेपालको संविधानमा व्यवस्था भएबमोजिम विभिन्न पदाधिकारीबाट पेश हुने राजिनामा ग्रहण गर्ने ।

## २. राष्ट्रपतिको कार्यालयले सम्पादन गर्ने कार्यहरू

देशको सर्वोच्च निकायको रुपमा रहेको महाराजगञ्जस्थित राष्ट्रपतिको कार्यालयबाट के कस्ता काम सम्पादन हुन्छन् ? भन्ने जिज्ञासा आम पाठक वर्गमा रहनु स्वभाविक भएकाले यस बुलेटिन मार्फत यस कार्यालयले सम्पादन गर्ने प्रमुख कामहरूको जानकारी दिने जमर्को गरिएको छ। विद्यमान कानुनी व्यवस्थामा कहीं कतै यस कार्यालयको काम सम्बन्धी प्रष्ट किटानी व्यवस्था नभए पनि कार्यालयमा उपलब्ध अभिलेख र व्यवहारिक रुपमा गरी आएका कामहरूको आधारमा यस कार्यालयले तपशिल बमोजिमका कार्यहरू सम्पादन गरी आएको स्थिति छ :

२.१ सम्माननीय राष्ट्रपति संलग्न रहनुहुने औपचारिक/अनौपचारिक कार्यक्रमहरूको व्यवस्थापन र समन्वय गर्ने,

२.२ सम्माननीय राष्ट्रपतिबाट हुने सम्बोधन, शुभकामना सन्देश आदि तयार गर्ने,

२.३ सम्माननीय राष्ट्रपतिको स्वदेशी तथा विदेशी व्यक्तित्वहरूसँग भेटघाटको व्यवस्थापन गर्ने,

२.४ सम्माननीय राष्ट्रपतिलाई सम्बोधन गरी प्राप्त निवेदन तथा ज्ञापन पत्रहरूको अध्ययन, विश्लेषण गरी प्रतिक्रिया/जवाफ दिने,

२.५ विधेयक तथा अध्यादेश प्रमाणीकरण सम्बन्धी कार्य,

२.६ संवैधानिक निकायका प्रमुख एवम् पदाधिकारीहरूको नियुक्ति, शपथ र प्रतिवेदन ग्रहण आदि कार्यक्रमहरूको व्यवस्थापन सम्बन्धी कार्य,

२.७ नेपाली राजदूतको नियुक्ति र सहप्रमाणिकरण सम्बन्धी कार्य,

२.८ विदेशी राजदूतहरूको नियुक्तिका लागि सहमति प्रदान गर्ने कार्य,

२.९ विदेशी राजदूतहरूको ओहदाको प्रमाणपत्र ग्रहण सम्बन्धी कार्यक्रम व्यवस्थापन कार्य,

२.१० सम्माननीय राष्ट्रपतिको स्वदेश/वैदेशिक भ्रमण व्यवस्थापन

सम्बन्धी कार्य,

२.११ राष्ट्रपति कार्यालयसँग सम्वन्धित महत्वपूर्ण गतिविधिहरूलाई प्रेस विज्ञप्ति मार्फत सञ्चार माध्यमबाट सार्वजनिक गर्ने,

२.१२ कार्यालयसँग सम्बद्ध विषयमा सम्मानित सर्वोच्च अदालतमा पर्ने निवेदनहरूमा लिखित जवाफ तथा प्रतिरक्षा सम्बन्धी कार्य,

२.१३ आममाफी तथा विभूषण, अलङ्कार प्रदान सम्बन्धी कार्यक्रम व्यवस्थापन कार्य,

२.१४ राष्ट्रपति कार्यालय सम्बद्ध अन्तरराष्ट्रिय सम्बन्ध तथा समन्वय एवम् पत्राचार सम्बन्धी कार्य,

२.१५ सम्माननीय राष्ट्रपतिको नियमित स्वास्थ्य परीक्षण एवम् उपचार तथा सोको व्यवस्थापन सम्बन्धी कार्य,

२.१६ कार्यालयको दैनिक रुपमा आईपर्ने अन्य प्रशासनिक कार्यहरू,

२.१७ सम्माननीय राष्ट्रपतिको प्रमुख प्रशासकीय निकायका रुपमा गर्नुपर्ने अन्य आवश्यक कार्य,

२.१८ कार्यालयको वार्षिक कार्यक्रम कार्यान्वयन, अनुगमन मूल्याङ्कन तथा सुपरीवेक्षण गर्ने,

२.१९ सम्माननीय राष्ट्रपतिबाट हुने आदेश/निर्देशन बमोजिमका अन्य कार्यहरू, आदि ।

## ३. यस अवधिमा सम्माननीय राष्ट्रपतिबाट भएका व्यवस्थापिका संसदको अधिवेशन आव्हान, अन्त्य र संसदमा सम्बोधन

### ३.१ व्यवस्थापिका संसदको अधिवेशन आव्हान र अन्त्य तथा संसदको बैठकमा सम्बोधन

३.१.१ वि.स. २०७२ साल बैशाख १८ गते सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ५१ को उपधारा (१) बमोजिम सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा सम्वत् २०७२ साल वैशाख २४ गते बिहीबारका दिन अपरान्ह ३.०० बजे बस्ने गरी अन्तरराष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा व्यवस्थापिका संसदको अधिवेशन आह्वान गर्नुभयो ।

३.१.२ सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले सम्वत २०७२ साल वैशाख २४ गते प्रारम्भ भएको व्यवस्थापिका संसदको अधिवेशन नेपालको अन्तरिम संविधान २०६३ को धारा ५१ (२) बमोजिम सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा सम्वत २०७२।०१।३० देखि अन्त्य गर्नुभयो ।

३.१.३ सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले वि.सं. २०७२ असार १० गते नेपालको अन्तरिम संविधान, २०६३ को धारा ५१ को उपधारा (१) बमोजिम सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा सम्वत् २०७२ साल असार १५ गते मङ्गलबारका दिन अपरान्ह ३:०० बजे बस्ने गरी अन्तरराष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा व्यवस्थापिका संसदको अधिवेशनको आव्हान गर्नुभयो ।

३.१.४ सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले मिति २०७२ असार २३ गते संसदको बैठकमा सम्बोधन गर्दै नेपाल सरकारको आर्थिक वर्ष २०७२।७३ को ११२ बुँदे बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभयो ।

३.१.५ सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले सम्वत २०७२ साल असार १५ गते प्रारम्भ भएको व्यवस्थापिका संसदको अधिवेशन नेपालको अन्तरिम संविधान २०६३ को धारा ५१ (२) बमोजिम सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा सम्वत् २०७२।०६।०२ गते अन्त्य गर्नुभयो ।

३.१.६ सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले वि.सं. २०७२ असोज ८ गते नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा सम्वत् २०७२ साल असोज १५ गते शुक्रबारका दिन अपरान्ह १:०० बजे बस्ने गरी अन्तरराष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा व्यवस्थापिका संसदको अधिवेशनको आव्हान गर्नुभयो ।



# ४. विभिन्न समारोहमा सहभागिता र सम्बोधन

## ४. १. शीतल निवास बाहिरका कार्यक्रम

### ४.१.१ लोलुफेरा पदयात्राको समुद्घाटन

सम्माननीय राष्ट्रपति डा.रामवरण यादवज्यूले वि.सं.२०७१ साल भाद्र १ गते आइतबारका दिन कास्की जिल्लाको पोखरामा लोलुफेरा पदयात्राको शुभारम्भ गर्नुभयो । लोलुफेरा विकास मञ्चद्वारा आयोजित उक्त कार्यक्रममा राष्ट्रिय तथा स्थानीय तहका विकासप्रेमी समुदायको उपस्थिति रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै सम्माननीय राष्ट्रपतिज्यूले लोमान्थाङ, लुम्विनी, फेवाताल र रारातालालाई एकै पर्यटकीय गन्तव्यसूत्रमा आबद्ध गराई पर्यटन प्रवर्द्धन गर्न अगाडि सार्नु भएको प्रयासको प्रशंसा गर्दै नयाँ पदयात्राको सुरुवातले पश्चिम र मध्यपश्चिम क्षेत्रको विकासमा नवीन आयाम थप्ने विश्वास समेत व्यक्त गर्नुभयो ।

### 4.1.2. Inauguration of International Conference

Rt. Honorable President Dr. Ram Baran Yadav inaugurated the International Conference on Economic, Social and Cultural Rights at Radisson Hotel on Friday, 5th September 2014 organized by International Law Association Nepal Chapter. The august conference was attended by the then Chief Justice Damodar Prasad Sharma, former Chief Justice Kedar Nath Upadhyaya, and other national and international delegates. In his inaugural speech Rt. Honorable President Yadav said that Nepal is fully committed to Rule of Law and Human Rights and Nepal has been trying to end the transition period as soon as possible.

### ४.१.३ जन उत्थान प्रतिष्ठानद्वारा आयोजित कार्यक्रम

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवज्यूले वि.सं. २०७१ साल भाद्र २५ गते बुधबारका दिन स्टाफ कलेज, जावलाखेल, ललितपुरमा जनउत्थान प्रतिष्ठानद्वारा आयोजित 'आजको सन्दर्भः दलित अधिकारका विविध सवालहरू र नयाँ आयाम' विषयक कार्यक्रमको समुद्घाटन गर्नुभयो । माननीय सामान्य प्रशासन मन्त्री लालबाबु पण्डित, लेखक आहुति लगायत विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यूले विज्ञान र प्रविधिको चरम विकास भएको २१ औं शताब्दिमा आइपुग्दा समेत मानव समाजकै कलङ्कको रुपमा रहेको जातीय उच-नीच, विभेदका अतिरिक्त दलित दलित वीचको आपसी विभेदको अन्त्यका लागि सबै पक्षबाट कठोर सामूहिक अठोट हुन जरुरी रहेको र राज्यबाट सञ्चालित दलित उत्पीडित वर्गको उत्थानका कार्यक्रमहरू लक्षित समूहसम्म पुग्ने सुनिश्चितता हुनु पनि त्यतिकै जरुरी रहेको कुरा व्यक्त गर्नुभयो ।



## ४.१.४ मेची बहुमुखी क्याम्पसको स्वर्ण महोत्सव कार्यक्रम

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले वि.सं. २०७१ साल असोज २ गते बिहीबारका दिन झापाको भद्रपुरमा अवस्थित श्री मेची बहुमुखी क्याम्पसको स्वर्ण महोत्सव समारोहको समुद्घाटन गर्नुभयो । संविधान मस्यौदा समितिका माननीय सभापति कृष्णप्रसाद सिटौला, माननीय सदस्य अग्नी खरेल, त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. हीराबहादुर महर्जन लगायतका विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा सम्माननीयज्यूले स्वर्ण महोत्सव स्मारिकाको लोकार्पण गर्नुभयो । समारोहलाई सम्बोधन गर्दै सम्माननीयज्यूले राजधानी काठमाडौं देखि टाढा रहेर पनि क्याम्पसले व्यवस्थापन तथा मानविकी सङ्कायमा स्नातकोत्तर तहसम्मको गुणस्तरीय शिक्षा प्रदान गरिरहेको थाहा पाउँदा आफूलाई अत्यन्त खुशी लागेको बताउदै क्याम्पसको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।



## ४.१.५. स्वर्ण महोत्सव समारोह

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले वि.सं. २०७१ साल असोज ८ गते बुधबारका दिन काठमाडौंको बलम्बुमा अवस्थित बलम्बु मा.वि.को स्वर्ण महोत्सव समारोहको समुद्घाटन गर्नुभयो। संविधान सभाका माननीय सदस्य ध्यानगोविन्द रञ्जित तथा स्थानीय समाजसेवी एवं शिक्षाप्रेमी र अभिभावकहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा सम्माननीयज्यूले 'स्वर्ण महोत्सव स्मारिका-२०७१' को लोकार्पण पनि गर्नुभयो । साथै समारोहलाई सम्बोधन गर्दै सम्माननीयज्यूले नेपालका सामुदायिक विद्यालयहरूको शिक्षाको गुणस्तरका बारेमा राष्ट्रिय रुपमा नै पटक पटक बहस चलिरहेको सन्दर्भमा यस विद्यालयले शिक्षा क्षेत्रमा पुऱ्याएको योगदान तथा शैक्षिक गुणस्तर कायम गर्न खेलेको भूमिका अन्य विद्यालय तथा शिक्षाप्रेमीहरूका लागि पनि उदाहरणीय हुन सक्नेछ भन्ने विश्वास व्यक्त गर्नुभयो ।



## 4.1.6. Inauguration of International Heart Disease Conference

Rt. Honorable President Dr. Ram Baran Yadav inaugurated the International conference on 'Conquering Heart Diesease in the Himalayan Region' in Kathmandu on October 18, 2014. The conference was organized by Cardiac Society of Nepal in collaboration with Mayo Clinic,USA and 'Nepalese Heart Journal' was launched by Rt. Honorable President in the same ceremony. Honorable Health Minister Khagraj Adhikari, International delegate Dr. Lyle Joyce, Member International Conference Organizing Committee, and Dr. Bhagwan Koirala were also participated the program. Giving the keynote speech in the conference Rt. Honorable President wished the immense success of the conference and urged the cooperation of government agencies, NGOS, INGOS and other stakeholders in combating the heart diseases in our country.



## ४.१.७. श्री रत्न पुस्तकालयको ५२ औं वार्षिक दिवस

सम्माननीय राष्ट्रपति डा. रामवरण यादव वि.सं. २०७१ साल कार्तिक ६ गते बिहीबारका दिन श्री रत्न पुस्तकालय, बानेश्वरको ५२ औं वार्षिकोत्सवको अवसरमा पहलमानसिं स्वाँर, भूपि शेरचन र विष्णुदेवी वाइवा (पारिजात) को शालिक अनावरण तथा सम्मान कार्यक्रममा सहभागी हुनुभयो । उक्त अवसरमा सम्माननीयज्यूले पुस्तकालयको वार्षिक मुखपत्र पूजा को विमोचन पनि गर्नुभयो । कार्यक्रमलाई विशेष सम्बोधन गर्दै सम्माननीयज्यूले साहित्यप्रति आफ्नो अगाध आस्था प्रकट गरेकोमा आयोजक तथा पुस्तकालय व्यवस्थापन समितिलाई धन्यवाद दिँदै राष्ट्रलाई योगदान दिने स्रष्टाहरू प्रति देखाउनु भएको सम्मानले राष्ट्रको सभ्यता, सँस्कृतिको विकास र जगेर्ना हुने विश्वास व्यक्त गर्नुभयो । त्यस कार्यक्रममा सम्माननीय राष्ट्रपतिबाट राष्ट्रकवि श्री माधवप्रसाद घिमिरे, संस्कृतिविद् श्री सत्यमोहन जोशी, वरिष्ठ साहित्यकार श्री मदनमणि दीक्षित तथा कोशकार श्री वसन्तकुमार शर्म्मा नेपाललाई पुस्तकालयको मानार्थ सदस्यको प्रमाणपत्र समेत प्रदान गर्नुभएको थियो ।

## 4.1.8 Openning Ceremony of Sustainable Wastewater Treatment and Resource Recovery

Rt. Honorable President Dr. Ram Baran Yadav inaugurated the International Water Association Specialist Conference on 'Global Challenges: Sustainable Wastewater Treatment and Resource Recovery' in Kathmandu on October 27, 2014. Honorable Vice-President of National Planning Commission Dr. Govinda Raj Pokhrel, Prof. Helmut Kroiss of International Water Association were also present there. Addressing to the inauguaral session of the conference , Rt. Honorable President extended his heartfelt thanks to the organizing committee as the conference is held at the appropriate time as Nepal is a developing nation and is at high risk of scarcity of water.

## ४.१.९ पिङ्गला विहारमा स्थापित मूर्ति अनावरण तथा अवलोकन कार्यक्रम

सम्माननीय राष्ट्रपति डा. रामवरण यादव वि.सं. २०७१ साल कार्तिक २० गते बिहिबारका दिन चावहिल काठमाडौंमा अवस्थित पिङ्गला बिहारमा स्थापित मूर्ति अनावरण तथा अवलोकन कार्यक्रममा सहभागी हुनुभयो । संविधान सभाका माननीय सदस्यहरू गगन थापा, भिमसेनदास प्रधान लगायत स्थानीय समाजसेवी तथा जनसमुदायको उपस्थिति रहेको उक्त कार्यक्रमलाई सम्बोधन गर्दै सम्माननीयज्यूले लामो समयदेखि जीर्ण रहँदै आएको त्यस विहारको स्थानीय वासिन्दा र उदारमनका दाताहरूको योगदानबाट जिर्णोद्धार र पुनःस्थापना भएको थाहा पाउँदा आफूलाई खुशी लागेको र हाम्रा पुर्खाले सिर्जना गरेका यस्ता मूल्यवान कला कौशल र सम्पदाहरूको संरक्षण गर्ने प्रथम दायित्व हामीहरूको नै भएको र यो दृष्टान्त अरुहरूका निम्ति समेत अनुकरणीय हुने कुरा व्यक्त गर्नुभयो । साथै उक्त अवसरमा सम्माननीयज्यूले विहारमा अवस्थित मूर्तिको अनावरणका साथै मन्दिरमा रहेका मूर्तिहरूको अवलोकन समेत गर्नुभयो ।



## ४.१.१०. नेपाल जेसीसको स्वर्ण महोत्सव समुद्घाटन समारोह

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले वि.सं. २०७१ साल कार्तिक २५ गते मङ्गलबारका दिन नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादीमा नेपाल जेसीसको स्वर्ण महोत्सव समारोहको समुद्घाटन गर्नुभयो । माननीय सूचना तथा सञ्चार मन्त्री डा. मीनेन्द्र रिजाल, पूर्व मन्त्री डा. भेषबहादुर थापा लगायत अन्य विशिष्ट अतिथिहरूको उपस्थिति रहेको उक्त कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै सम्माननीयज्यूले "शासन व्यक्तिको होइन विधिको हुनुपर्दछ" भन्ने मान्यतालाई आत्मसात गर्दै विश्वभर रहेका क्रियाशील युवाहरूको अन्तर्राष्ट्रिय अभियानको रुपमा रहेको जेसीजले युवाहरूमा अन्तरनिहित व्यक्तित्व, नेतृत्व र भ्रातृत्व विकास गर्दै समाजिक उत्तरदायित्व वहन गर्न सक्ने स्वच्छ र स्वस्थ्य युवा तयार गरी समाजलाई हस्तान्तरण गर्ने लक्ष्यका साथ स्थापना भएको जेसीज अभियान विकासको क्रममा स्थापना भएको नेपाल जेसीजले ५० वर्ष पूरा गरी मनाउन लागेको स्वर्ण जयन्ती-२०१४ को समुद्घाटन गर्न पाउँदा आफुलाई हर्ष लागेको बताउनु हुँदै कार्यक्रमको सफलताको शुभकामना प्रकट गर्नु भयो ।



## 4.1.11 Inauguration of International Buddhist Conference

Rt. Honorable President Dr. Ram Baran Yadav inaugurated the International Buddhist conference at Lumbini of Rupendehi district on 15th November 2014. The program was jointly organized by Theravada Buddhist Academy of Nepal and the Sitagu International Buddhist Academy of Myanmar. In his inauguaral speech Rt. Honorable President said that the conference has significance since Nepal is seriously indulged in the peace and constitutional building process, after successfully overcoming the trauma of decade long insurgency and armed conflict.

The international community is also closely watching present day Nepal with renewed interest in its history and rich cultural heritage, as Nepal is blessed with great capability and potentials to contribute to the establishment of peace and prosperity not only in the country but also in other parts of the region and world as well. It is well designed to provide us with deep and better understanding of human values and global spread of Buddhist philosophy through academic discourse and practice.

Buddhist philosophy of feeling for other's sufferings as our own holds the key to develop a sense of compassion, kindness and brotherhood leading to individual's inner peace and peaceful coexistence. The President wished the grand success of the conference in dealing with the development of World Heritage Site Lumbini.

## ४.१.१२ न्यायाधीशहरूको सम्मेलन उद्घाटन

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले वि.सं. २०७१ साल मङ्सिर १ गते सोमबारका दिन काठमाडौंमा न्यायाधीशहरूको दोस्रो राष्ट्रिय सम्मेलनको समुद्घाटन गर्नुभयो । सम्माननीय प्रधानन्यायाधीश, सम्माननीय सभामुख, नेपाल बार एसोसिएसनका अध्यक्ष तथा अन्य पदाधिकारीहरू र अन्य विभिन्न अदालतका न्यायाधीशहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा सम्माननीय राष्ट्रपतिले नेपालको न्यायपालिकाले नागरिकको मौलिक हक, लोकतन्त्र, संविधानवाद, कानुनी राज्यको रक्षा र शान्तिपूर्ण तरिकाले विवाद निरोपणका निमित्त गरेका कार्यहरूको सही मूल्याङ्कन हुन आवश्यक रहेको विचार व्यक्त गर्नुहुँदै "छिटो छरितो न्याय सबैका लागि न्याय" भन्ने मूल नाराका साथ शुरु भएको न्यायाधीश सम्मेलनको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।




## ४.१.१३ स्वर्ण जयन्ती समुद्घाटन कार्यक्रम

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले वि.सं. २०७१ साल मङ्सिर १७ गते बुधबारका दिन पर्सा जिल्लाको लिपनी विर्तामा अवस्थित नेपाल राष्ट्रिय गीता गजेन्द्रराज जोशी माध्यामिक विद्यालयको स्वर्ण महोत्सव समारोहको समुद्घाटन गर्नुभयो । संविधान सभाका माननीय सदस्य नवीन्द्रराज जोशी, जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने माननीय सदस्यहरू, स्थानीय समाजसेवीहरू, शिक्षाप्रेमीहरू लगायत अभिभावकहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा सम्माननीयज्यूले स्वर्ण महोत्सव स्तम्भ र नवनिर्मित विद्यालय भवनको समुद्घाटनका साथै विद्यालयको स्वर्ण जयन्ती स्मारिकाको विमोचन समेत गर्नुभयो । समारोहलाई सम्बोधन गर्नुहुदै सम्माननीयज्यूले ५० वर्ष अघि स्थानीय समाजसेवी एवम् अगुवाहरूले स्थापना गरेको विद्यालयले आजसम्म आइपुग्दा कर्मठ तथा योग्य नागरिक उत्पादन गर्न सफल भएकोमा विद्यालय परिवारलाई हार्दिक धन्यवाद दिँदै विद्यालयको उत्तरोत्तर प्रगतिको कामना समेत गर्नुभयो ।

## ४.१.१४ हीरक जयन्ती समुद्घाटन कार्यक्रम

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले वि.सं. २०७१ साल मंसिर १७ गते बुधबारका दिन पर्सा जिल्लाको वीरगञ्ज स्थित सुन्दरमल रामकुमार कन्या उच्च माध्यामिक विद्यालयको हीरक जयन्तीको समुद्घाटन गर्नुभयो । संविधानसभाका माननीय सदस्य विमलकुमार केडिया, पूर्वन्यायाधीश कमलनारायण दास, प्रथम मिस नेपाल रुबी राणा, शिक्षाप्रेमीहरू, अभिभावकहरू एवम् विद्यार्थीहरूको उल्लेख्य उपस्थिति रहेको उक्त कार्यक्रममा सम्माननीयज्यूले विद्यालय परिसरमा रहेको शिलालेखको अनावरण तथा विद्यालयको हिरक जयन्ती स्मारिकाको विमोचन समेत गर्नुभयो । समारोहलाई सम्बोधन गर्नुहुदै सम्माननीयज्यूले ७५ वर्ष अघि स्थानीय समाजसेवी एवम् अगुवाहरूले स्थापना गरेको विद्यालयले छात्राहरूको शिक्षादीक्षामा अतुलनीय योगदान पुऱ्याएको स्मरण गर्दै विद्यालय परिवारलाई हार्दिक धन्यवाद साथै विद्यालयको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

## ४.१.१५ एघारौं अन्तर्राष्ट्रिय मैथिली सम्मेलन-२०७१ को समुद्घाटन कार्यक्रम

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले वि.सं. २०७१ साल पौष ७ गते सोमबारका दिन जनकपुरको जनकपुरधाममा एघारौं अन्तरराष्ट्रिय मैथिली सम्मेलन-२०७१ को समुद्घाटन गर्नुभयो । उक्त अवसरमा सम्माननीयज्यूले स्मारिका तथा ३ वटा पुस्तकको विमोचन गर्नुका साथै मिथिलारत्न र मिथिलश्री सम्मानबाट मिथिलाभाषी स्रष्टाहरूलाई सम्मान गर्नुभयो । समारोहलाई सम्बोधन गर्दै सम्माननीयज्यूले सङ्घीय गणतान्त्रिक नेपालमा सबै भाषा, साहित्यको विकासको अवसर प्रदान गर्ने नीति अनुसार नेपाल सरकारले एक करोड रुपैयाँको विद्यापति पुरस्कार कोषका नामबाट अक्षय कोषको स्थापना गरिसकेको र हरेक वर्ष त्यस कोषबाट मैथिली भाषा साहित्यका साधकहरू पुरस्कृत हुँदै आएको तथ्य स्मरण गर्नुहुँदै यी प्रयासहरूलाई मैथिली भाषाको उत्थान र विकासका लागि शुभ सङ्केतका रुपमा लिन सकिने विचार व्यक्त गर्नुभयो ।

## ४.१.१६ याज्ञवल्क्य मा.वि.को नवनिर्मित भवनको उदघाटन कार्यक्रम

सम्माननीय राष्ट्रपति डा. राम वरण यादवले वि.सं. २०७१ साल पौष ७ गते सोमबारका दिन जनकपुरको जनकपुरधाममा रहेको याज्ञवल्क्य माध्यमिक विद्यालयको परिसरमा नवनिर्मित भवनको समुद्घाटन गर्नुभयो । माननीय शिक्षा मन्त्री चित्रलेखा यादव लगायत संस्कृत शिक्षाप्रेमीहरूको समुपस्थिति रहेको उक्त कार्यक्रममा स्वस्ति वाचन गरिएको थियो । समारोहलाई विशेष सम्बोधन गर्दै सम्माननीयज्यूले परापूर्वकालदेखि नै संस्कृत पठनपाठन गरिँदै आएको यस पुण्यभूमिमा शिक्षा दीक्षा, योगाभ्यास तथा आत्मज्ञानको उपदेश दिइँदै आएको स्मरण गर्दै राजा जनक, जानकी माता र ऋषि याज्ञवल्क्यको साधनाभूमिमा स्थापित यस विद्यालयको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

## ४.१.१७ पूर्वाञ्चल क्षेत्रीय औद्योगिक व्यापार मेला तथा कृषि प्रदर्शनी २०७१ को समुद्घाटन समारोह

सम्माननीय राष्ट्रपति डा. राम वरण यादवले वि.सं. २०७१ साल पौष २३ गते बुधबारका दिन धनकुटा जिल्लाको धनकुटा बजारमा धनकुटा उद्योग वाणिज्य सङ्घद्वारा आयोजित पूर्वाञ्चल क्षेत्रीय औद्योगिक व्यापार मेला तथा कृषि प्रदर्शनी २०७१ को समुद्घाटन गर्नुभयो । माननीय वाणिज्य तथा आपूर्ति मन्त्री सुनिलबहादुर थापा, स्थानीय सभासदहरू, नेपाल उद्योग वाणिज्य सङ्घका तत्कालीन अध्यक्ष श्री प्रदिपराज पाण्डे लगायतका व्यक्तित्वहरूको उपस्थिति रहेको उक्त समारोहको उद्घाटन मन्तव्य दिँदै सम्माननीयज्यूले अलैंची, चिया, ताजा तरकारी, जडिबुटी र फलफूल जस्ता कृषिजन्य वस्तुको निकासीमा धनकुटा क्षेत्रका किसान र उद्यमी व्यवसायीले लिएको अग्रगतिको प्रशंसा गर्दै यसबाट देशका अन्य किसान दाजुभाइ-दिदीबहिनी तथा व्यवसायीहरूले पनि पाठ सिक्न र अनुकरण गर्न सक्नुपर्ने विचार व्यक्त गर्नुभयो । कार्यक्रममा आयोजकका तर्फबाट सम्माननीयज्यूलाई मायाँको चिनो प्रदान गरिएको थियो ।

## ४.१.१८ राष्ट्रिय वाणिज्य बैङ्कको स्वर्ण महोत्सव

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले वि.सं. २०७१ साल माघ १० गते शनिबारका दिन काठमाडौंमा राष्ट्रिय वाणिज्य बैंकको स्वर्ण महोत्सव समारोहको समुद्घाटन गर्नुभयो। माननीय अर्थमन्त्री रामशरण महत, नेपाल सरकारका तत्कालीन मुख्य सचिव लीलामणि पौडेल, राष्ट्र बैंकका डेपुटी गभर्नर महाप्रसाद अधिकारी लगायत अन्य विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको उक्त समारोहमा सम्माननीयज्यूले स्वर्ण महोत्सव विशेषाङ्क उपहार पत्रिकाको विमोचन गर्नुभयो । स्वर्ण महोत्सव समारोहमा विशेष मन्तव्य दिदै सम्माननीयज्यूले देशमा व्याप्त बेरोजगारीका कारण जीविकोपार्जनका लागि विदेशिएका लाखौं युवाहरूलाई स्वदेशमै रोजगारीको अवसर दिन सरल, सुलभ रुपमा कर्जा प्रदान गर्नेतर्फ वाणिज्य बैङ्कले ध्यान दिनु जरुरी भएको विचार व्यक्त गर्दै उद्योग, जलस्रोत, कृषि, पर्यटन क्षेत्रको लगानीमा पनि बैङ्कले विशेष जोड दिनुपर्ने आवश्यकता औंल्याउनु भयो ।



## ४.१.१९ एघारौं अख्तियार दिवस कार्यक्रमको समुद्घाटन समारोह

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवज्यूबाट वि.स. २०७१ साल माघ २८ गते बुधबार काठमाडौंको भृकुटीमण्डपमा एघारौं अख्तियार दिवसको समुद्घाटन भयो । सम्माननीय प्रधानमन्त्री शुशिल कोइराला, संविधानसभाका सम्माननीय सभामुख सुवासचन्द्र नेम्वाङ्ग, तत्कालीन प्रधानन्याधीश दामोदरप्रसाद शर्मा, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्की लगायत अन्य आयुक्तहरूको उपस्थिति रहेको उक्त कार्यक्रमलाई सम्बोधन गर्दै सम्माननीयज्यूले पछिल्लो समय अख्तियार दुरुपयोग अनुसन्धान आयोगले देखाएको सक्रियता र तदारुकताको सराहना गर्नुहुँदै यसले जनतामाझ आशा र विश्वास जगाएको तथा नागरिकको भरोसालाई कायम राख्न अबको दिन चुनौतिपूर्ण हुने विचार व्यक्त गर्नुभयो र आगामी दिनमा आयोगको सफलताको कामना गर्नुभयो ।




## ४.१.२० श्री चन्द्र उच्च माध्यमिक विद्यालयको शतवार्षिकी उत्सव समारोह

विक्रम सम्वत् २०७१ साल फाल्गुण १३ गते बुधबारका दिन सम्माननीय राष्ट्रपति डा. रामवरण यादवबाट सिराहा जिल्लाको सदरमुकाम सिराहामा अवस्थित श्री चन्द्र उच्च माध्यमिक विद्यालयको शतवार्षिकी उत्सव समारोहको शतवार्षिकी स्तम्भ अनावरण गरी समुद्घाटन भयो । समारोहमा सम्माननीय राष्ट्रपतिले उक्त विद्यालयको शतवार्षिकी स्मारिका विमोचन गर्नुभयो । कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यूलाई आयोजकका तर्फबाट अभिनन्दन पत्रबाट सम्मान गरियो । माननीय शिक्षा मन्त्री चित्रलेखा यादव, स्थानीय सभासद तथा शिक्षाप्रेमीहरूको उपस्थिति रहेको उक्त समारोहमा शुभकामना मन्तव्य दिँदै सम्माननीय राष्ट्रपतिले विद्यालय स्थापनामा योगदान पुऱ्याउनुहुने महानुभावहरूप्रति धन्यबाद व्यक्त गर्दै २१ औं शताब्दि सुहाउँदो प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने कार्यमा विद्यालयलाई सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्नुभयो ।

## ४.१.२१ प्राणनाथ वृद्धाश्रमको समुद्घाटन

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवबाट विक्रम सम्वत् २०७१ साल फाल्गुण १३ गते बुधबारका दिन रौतहट जिल्लाको चन्द्रपुर स्थित श्रीकृष्ण प्रणामी मन्दिर परिसरमा निर्मित प्राणनाथ वृद्धाश्रमको समुद्घाटन भयो । जगदगुरु श्री १०८ सूर्यनारायणजी महाराज, जगदगुरु श्री १०८ कृष्णमणिजी महाराज, प्र.जि.अ. श्री मदन भुजेल लगायतको उपस्थिति रहेको उक्त समारोहमा सम्बोधन गर्दै सम्माननीय राष्ट्रपतिले श्रीकृष्ण प्रणामी सेवा समिति नेपालले पुऱ्याएको योगदान प्रति धन्यवाद व्यक्त गर्दै भविष्यमा अझ राम्रो गर्दै जान शुभकामना दिनुभयो ।

## ४.१.२२ दिपङ्कर तथा सम्यक महादान-११३५ कार्यक्रम

विक्रम सम्वत् २०७१ साल फाल्गुण १८ गते सोमबारका दिन ललितपुरको लगनखेलमा सम्माननीय राष्ट्रपति डा. रामवरण यादवबाट बौद्ध धर्मसङ्ग सम्वन्धित "दिपङ्कर तथा सम्यक महादान-११३५" धूप-दीप प्रज्ज्वलन तथा पूजा-अर्चना सहित कार्यक्रम समुद्घाटन भयो । सम्माननीय राष्ट्रपतिबाट दिपङ्कर तथा बोधिसत्व देवतागणको दर्शन भएको उक्त समारोहमा नेपाल सरकारका पूर्व मुख्यसचिव तिर्थमान शाक्य, माननीय सदस्य चन्द्र महर्जन लगायत बौद्ध धर्माबलम्वीहरूको उपस्थिति रहेको थियो । समारोहमा सम्माननीय राष्ट्रपतिले कार्यक्रम आयोजना गरेकोमा खुशी व्यक्त गर्दै कार्यक्रमको सफलताको लागि शुभकामना मन्तव्य दिनुभएको थियो ।

## ४.१.२३ भक्तपुर क्यान्सर अस्पतालको वार्षिकोत्सव समारोह

विक्रम सम्वत् २०७१ साल फाल्गुण २२ गते शुक्रबारका दिन सम्माननीय राष्ट्रपति डा. रामवरण यादवबाट भक्तपुर जिल्लास्थित भक्तपुर क्यान्सर अस्पतालको २० औं वार्षिकोत्सव समारोहको पानसमा बत्ती वालेर समुद्घाटन भयो । सम्माननीय राष्ट्रपतिबाट अस्पतालको Annex Building को समुद्घाटन तथा अस्पतालको विशेषाङ्क विमोचन भएको उक्त कार्यक्रममा माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री खगराज अधिकारी, स्थानीय सभासद लगायतको उपस्थिति रहेको थियो । समारोहमा सम्बोधन गर्दै सम्माननीय राष्ट्रपतिले अस्पताल स्थापना र सञ्चालनमा योगदान पुऱ्याउनुहुने सम्वद्ध सबै लाई धन्यवाद दिँदै अस्पतालको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

## ४.१.२४ नेपाल बार एशोसियसनको १३ औ राष्ट्रिय सम्मेलनको समुद्घाटन

सम्माननीय राष्ट्रपति डा.रामवरण यादवबाट वि.सं.२०७१ साल चैत्र ५ गते बिहीबारका दिन चितवनको टाँडीमा नेपाल बार एशोसियसनको १३ औं राष्ट्रिय सम्मेलनको समुद्घाटन गर्नु भयो । सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङ्ग, सर्वोच्च अदालतका तत्कालीन माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ, वरिष्ठ अधिवक्ताहरू र कानून व्यवसायीहरूको उल्लेख्य उपस्थिति रहेको उक्त कार्यक्रममा सम्माननीयज्यूले कानून व्यवसायीहरू वौद्धिक वर्ग भएकोले नयाँ संविधान निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । साथै वहाँले उक्त सम्मेलनको पूर्ण सफलताको कामना पनि गर्नुभयो ।

## ४.१.२५ महावीर जयन्ती समारोह २०७१

वि.सं.२०७१ साल चैत्र १९ गते विहिबारका दिन सम्माननीय राष्ट्रपतिबाट पर्सा जिल्लास्थित अणुव्रत मार्ग, आदर्शनगर वीरगञ्जमा जैन धर्मका भगवान महावीरको २६१४ औं जन्म जयन्ती समारोहमा सहभागिता भयो । जैन धर्मसङ्ग सम्वद्ध विशिष्ट व्यक्तित्वका साथै भारतका केन्द्रीय कृषि मन्त्री राधामोहन सिंह लगायतको उपस्थिति रहेको उक्त समारोहमा सम्बोधन गर्दै सम्माननीय राष्ट्रपतिले महावीरका अनुयायी आचार्य श्री महाश्रमणले थाल्नु भएको अहिंसा यात्रा एवम् समाजमा प्रदान सद्भावना, नैतिकता, नशामुक्तिको सन्देश प्रति खुशी व्यक्त गर्दै समारोहको सफलताको शुभकामना दिनुभयो।

## ४.१.२६ श्रीकृष्ण मन्दिरको दर्शन

सम्माननीय राष्ट्रपति डा. रामवरण यादव मिति २०७२ भाद्र १९ गते शनिबारका दिन बिहान ८:०० बजे श्रीकृष्ण जन्माअष्टमीको अवसरमा ललितपुर पाटनस्थित श्रीकृष्ण मन्दिरमा पुग्नुभई श्रीकृष्ण भगवानको दर्शन गर्नुभयो ।

## ४.१.२७ नेपालको संविधान घोषणा २०७२

२०७२ साल असोज ३ गते आइतबारका दिन संविधानसभा भवन, नयाँ बानेश्वरमा आयोजित विशेष समारोहमा सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले नेपालको संविधान प्रारम्भ भएको घोषणा गर्नुभयो । सम्माननीय उप-राष्ट्रपति, सम्माननीय प्रधानमन्त्री एवम् मन्त्रीपरिषदका माननीय सदस्यहरू, संविधानसभाका सम्मानीय अध्यक्ष, माननीय उपाध्यक्ष लगायत माननीय सदस्यहरू, विदेशी कुटनीतिक नियोगका प्रमुखहरू लगायत विशिष्ट व्यक्तित्वहरूको उल्लेख्य उपस्थिति रहेको उक्त समारोहमा विशेष सम्बोधन गर्नुहुँदै सम्माननीयज्यूले नेपालको संविधान जारी भएको ऐतिहासिक अवसरमा सबै नेपालीहरूलाई हार्दिक बधाई तथा शुभकामना दिनुभयो र संविधान निर्माणमा योगदान दिने सबैलाई धन्यवाद दिदै जारी संविधानको कुशल कार्यान्वयनको शुभकामना व्यक्त गर्नुभयो ।



### ४.१.२८ इन्द्रजात्रा महोत्सवमा सरिक

सम्माननीय राष्ट्रपति डा. रामवरण यादव मिति २०७२ साल असोज १० गते आइतबारका दिन वसन्तपुर, हनुमानढोकामा आयोजित इन्द्रजात्रा महोत्सवमा सरिक हुनुभई महोत्सवको रुचिपूर्वक अवलोकन गर्नुभयो ।

### ४.१.२९ इन्दजात्रा २०७२ को समापनमा सरिक

सम्माननीय राष्ट्रपति डा. रामवरण यादव मिति २०७२ साल असोज १४ गते बिहिबारका दिन इन्द्रजात्रा समापनको अवसरमा वसन्तपुर, हनुमानढोकामा सरिक हुनुभई श्री कुमारी, श्री गणेश र श्री भैरवको दर्शन गर्नुभयो ।

### ४.१.३० रातो मच्छिन्द्रनाथको भोटो अवलोकन

सम्माननीय राष्ट्रपति डा. रामवरण यादव मिति २०७२ साल असोज २५ गते सोमबार अपरान्ह ४:०० बजे जावलाखेल ललितपुर पुग्नुभई रातो मच्छिन्द्रनाथको भोटो अवलोकन गर्नुभयो ।





### ४.१.३१ गैरआवासीय नेपालीको सातौं विश्वसम्मेलन तथा अन्तरराष्ट्रिय महाधिवेशन समारोह २०७२ को समुद्घाटन

सम्माननीय राष्ट्रपति डा. रामवरण यादव मिति २०७२ साल असोज २९ गते शुक्रबारका दिन त्रिभूवन आर्मी अफिसर्स क्लब भद्रकाली काठमाडौंमा आयोजित गैरआवासीय नेपालीको सातौं विश्वसम्मेलन तथा अन्तर्राष्ट्रिय महाधिवेशन समारोह २०७२ को समुद्घाटन समारोहमा सरिक हुनुभयो । नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ र गैरआवसीय नेपाली संघले संयुक्त रुपमा आयोजना गरेको उक्त कार्यक्रममा माननीय परराष्ट्र मन्त्री महेन्द्र पाण्डे, नेपाल उद्योग वाणिज्य महासंघका पदाधिकारीहरू तथा गैरआवासीय नेपाली संघका पदाधिकारी एवम् सदस्यहरू लगायतको उपस्थिति रहेको थियो । "एन आर एन ए : पुनर्निर्माणको सच्चा साझेदार" भन्ने मूल नारासहित आयोजित उक्त कार्यक्रममा सम्बोधन गर्नुहुदै सम्माननीय राष्ट्रपतिले गैरआवासीय नेपालीहरूले आर्जन गरेका ज्ञान, सीप, पूँजी र प्रविधिको प्रयोगबाट मुलुकको मुहार फेर्न सकिने संभावना रहेको बताउनुभयो र आयोजकहरूलाई धन्यवाद दिदै सम्मेलनको पूर्ण सफलताको कामना गर्नुभयो ।

### ४.१.३२ शक्तिपीठहरुको दर्शन

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले मिति २०७२ साल कार्तिक ४ गते बुधबार महाअष्टमी पर्वका दिन बिहान ८:४० बजे देखि बिहान १०:१५ बजे सम्म विभिन्न शक्तिपीठहरुः नक्साल भगवती, गुह्येश्वरी, मैतिदेवी, भद्रकाली, संकटा भगवती तथा शोभा भगवतीको दर्शन गर्नुभयो।

### ४.१.३३ 'श्री' को दर्शन २०७२

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले मिति २०७२ साल कार्तिक ९ गते सोमबारका दिन अपरान्ह ४:०० बजे नवदुर्गा भवानी मन्दिर भक्तपुरमा 'श्री' को दर्शन तथा पूजाआजा गर्नुभयो ।

## २. शीतल निवासमा आयोजित कार्यक्रमहरू

### ४.२.१ 'कस्तो सपना' गीति सङ्ग्रहको लोकार्पण समारोह

वि.सं. २०७१ साल भाद्र ११ गते बुधबारका दिन राष्ट्रपति भवन शीतलनिवास महाराजगञ्जमा सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले मोहन राईको "कस्तो सपना" गीति सङ्ग्रहको लोकार्पण गर्नुभयो । पूर्व प्रधानमन्त्री झलनाथ खनाल, संविधानसभाका सम्माननीय सभाध्यक्ष सुवास नेम्वाङ्ग, राष्ट्रिय गानका रचनाकार व्याकुल माइला लगायत सङ्गीतप्रेमीहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा सम्माननीयज्यूले गीतकार, सङ्गीतकारहरूले समाजमा रहेको उत्पीडन, व्यथा, सुखदुख, मानवीय मूल्य र मान्यता, मायाप्रेम, देशप्रेमको भावनाका विविध आयामहरूलाई आफ्नो कृति रचनाहरू मार्फत अभिव्यक्त गर्दछन् भन्नुहुँदै स्तरीय गीत, सङ्गीत र गायनले समाजलाई सभ्य र सुसँस्कृत बनाउन टेवा पुऱ्याउने विचार व्यक्त गर्नुभयो ।

### ४.२.२ वी.पी. कोइराला जन्म शताब्दि वार्षिक कार्यक्रमको समापन समारोह

सम्माननीय राष्ट्रपति डा. रामवरण यादव वि.सं. २०७१ साल भाद्र २४ गते मङ्गलबारका दिन राष्ट्रपति भवन शीतलनिवास महाराजगञ्जमा वी.पी. कोइराला जन्म शताब्दि वार्षिक कार्यक्रमको समापन समारोहमा सरिक हुनुभयो । पूर्व मन्त्रीहरू गोविन्दराज जोशी, कुलबहादुर गुरुङ्ग, विनयध्वज चन्द तथा अन्य महानुभावहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा 'राष्ट्रिय जीवनमा वी.पी. कोइरालाको स्थान विषयक निबन्धका विजयी प्रतियोगीहरूलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभयो । कार्यक्रमलाई सम्बोधन गर्दै सम्माननीयज्यूले वी.पी. कोइराला नेपालको प्रजातान्त्रिक आन्दोलनका प्रणेता मात्र नभई दक्षिण एशिया तथा समकालीन विश्व समाजवादी आन्दोलनको अगुवा समेत हुनुहन्थ्यो भन्नुहुँदै उहाँको विचारलाई व्यवहारिक रुपमा अगाडि बढाउन सकेमा नेपालले विकासको बाटोमा अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो ।




### ४.२.३ 'द सङ्ग सुप्रिम' पुस्तकको लोकार्पण

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले वि.सं. २०७१ साल भाद्र २७ गते शुक्रबारका दिन राष्ट्रपति भवन शीतल निवास महाराजगञ्जमा प्राध्यापक भूचन्द्र वैद्यद्वारा लिखित भागवद्गीता "The Song Supreme" पुस्तकको लोकार्पण गर्नुभयो । माननीय वन तथा भूसंरक्षण मन्त्री महेश आचार्य, शिक्षाविद् डा. केदारभक्त माथेमा, प्राध्यापक कृष्ण खनाल लगायत अन्य महानुभावहरूको उपस्थिति रहेको उक्त कार्यक्रमलाई सम्बोधन गर्दै सम्माननीयज्यूले पूर्वीय साहि(त्यको सबैभन्दा ठूलो महाकाव्य महाभारतको आत्मा र अध्यात्मिक ज्ञानको निचोडको रुपमा रहेको 'गीता' शताब्दियौँ देखि जनमनमा लोकप्रिय रहँदै आएको विचार व्यक्त गर्नुभयो । साथै सम्माननीयज्यूले गीता मानव जातिकै लागि प्रेरणादायी रहेको कुरामा द्विबीधा नभएको र मानवीय समवेदनाका हरेक क्षणमा साथ दिने भरपर्दो मित्र भागवद् गीता हो भन्ने कुरा उल्लेख गर्नुभयो । भागवत् गीतालाई सरल भाषामा प्रस्तुत गरेकोमा सम्माननीयज्यूले लेखकलाई हार्दिक धन्यवाद पनि दिनुभयो ।

## ४.२.४ विश्व दृष्टि दिवस-२०१४ को समुद्घाटन कार्यक्रम

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले वि.सं. २०७१ साल असोज २३ गते बिहीबारका दिन राष्ट्रपति भवन शीतल निवास महाराजगञ्जमा विश्व दृष्टि दिवस-२०१४ को समुद्घाटन गर्नुभयो। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव श्री शान्तबहादुर श्रेष्ठ लगायत आँखा स्वास्थ्यको क्षेत्रमा कार्यरत दिग्गज व्यक्तित्वहरूको उपस्थिति रहेको उक्त कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै सम्माननीयज्यूले विश्व स्वास्थ्य संगठनको लक्ष्य हासिल गर्न तथा नेपालमा दृष्टि विहीनतालाई न्यूनीकरण गर्दै लैजाने कार्यमा नेपाल सरकार, गैर सरकारी संस्था तथा अन्य सरोकारवालाहरू बीच समन्वयात्मक र परिणाममुखी सहकार्य हुनेछ भन्ने विश्वास व्यक्त गर्नुभयो । साथै वहाँले Global Eye Health Action Plan को उद्देश्य अनुरुप सरकारले आँखा स्वास्थ्यलाई पनि आधारभूत स्वास्थ्य सेवा प्रणालीमा आवद्ध गराउँदै अझ प्रभावकारी रुपमा आँखा स्वास्थ्य सेवाको विस्तार गर्ने कार्यमा ठोस् योगदान पुऱ्याई दृष्टिविहीनतालाई न्यूनीकरण गर्ने आशा व्यक्त गर्नुभयो।




## ४.२.५ दर्ज्यानी चिन्ह प्रदान

मिति २०७१ साल कार्तिक २७ गते विहीबारका दिन सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले राष्ट्रपति भवनमा आयोजित एक समारोहमा भारतीय सेनाका सेनाध्यक्ष जनरल श्री दलवीर सिंह (पि.भि.एस.एम., यु.वाई.एस.एम., ए.भि.एस.एम., ए.डि.सि.) लाई नेपाली सेनाको मानार्थ महारथी पद र सो को दर्ज्यानी चिन्ह प्रदान गर्नुभयो । उक्त समारोहमा सम्माननीय उपराष्ट्रपति, लगायत उच्च पदस्थ निजामती तथा सैनिक अधिकृतहरूको उपस्थिति रहेको थियो ।



### ४.२.६ पुस्तक विमोचन समारोह

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले राष्ट्रपति भवन शीतल निवास महाराजगञ्जमा वि.सं. २०७१ साल मङ्सीर ४ गते बिहीबारका दिन Shyalpa Tenzin Rinpoche द्वारा लिखित The Art of Thanka in Nepal नामक पुस्तकको विमोचन गर्नुभयो । संस्कृतिविद् सत्यमोहन जोशीले विशेष मन्तव्य राख्नुभएको उक्त कार्यक्रमको सञ्चालन बैङ्कर अनिल शाहले गर्नुभएको थियो । पुस्तकको विमोचन पश्चात् समारोहलाई सम्बोधन गर्दै सम्माननीयज्यूले थान्का आर्टले नेपाललाई विश्वमा चिनाउन सहयोग गरेको र हिमालयन क्षेत्रमा यसको उत्पत्ति तथा विकासको बारेमा पुस्तकले थप प्रष्ट पार्ने विश्वास व्यक्त गर्नुभयो ।

## ५. सम्माननीय राष्ट्रपतिबाट विभिन्न राष्ट्रिय चाडपर्वका अवसरमा दिइएका शुभकामना सन्देशहरु

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले २०७१ साल साउन देखि २०७२ साल कार्तिक १२ सम्म नेपालमा मनाइने विभिन्न चाडपर्व, दिवस र नयाँ वर्षको अवसरमा देशवासीका नाममा शुभकामना सन्देशहरु दिनुभएको थियो । विभिन्न अवसरमा राष्ट्रपतिबाट दिइएका सन्देशहरुको विवरण देहायमा उल्लेख गरिएको छ :-

- इद उल फित्रको अवसरमा २०७१ श्रावण १३ गते मंगलबार तथा २०७२ साल श्रावण ३ गते मंगलबार ।
- श्री कृष्ण जन्माष्टमीको अवसरमा २०७१ भाद्र १ गते आइतबार तथा २०७२ साल भाद्र १९ गते शनिवार ।
- गौरा पर्वको अवसरमा २०७१ भाद्र १७ गते मंगलबार तथा २०७२ साल भाद्र १९ गते शनिवार ।
- बडा दशैं तथा विजयादशमीको शुभ-उपलक्ष्यमा २०७१ असोज १४ गते मंगलबार तथा २०७२ साल कार्तिक ५ गते विहीबार।
- दीपावली तथा तिहारको अवसरमा २०७१ कार्तिक ५ गते बुधबार ।
- नेपाल सम्वत् ११३५ को अवसरमा २०७१ कार्तिक ७ गते शुक्रबार ।
- छठ पर्वको अवसरमा २०७१ कार्तिक १२ गते बुधबार ।
- उधौली चाडको अवसरमा २०७१ मंसीर २० गते शनिबार ।
- क्रिसमसको अवसरमा २०७१ पौष १० गते बिहीबार ।
- तमु ल्होसारको अवसरमा २०७१ पुस १५ गते मंगलबार ।
- माघी पर्वको अवसरमा २०७१ माघ १ गते बिहीबार ।
- सोनामल्होसारको अवसरमा २०७१ माघ ७ गते बुधबार ।
- ६५ औंराष्ट्रिय प्रजातन्त्र दिवशको अवसरमा २०७१ फागुन ७ गते बिहिबार।
- फागु पुर्णिमाको अवसरमा २०७१ फागुन २१ गते बिहिबार ।
- नयाँ वर्ष २०७२ को अवसरमा २०७२ बैशाख १ गते मंगलबार ।
- बुद्ध जयन्तीको अवसरमा २०७२ बैशाख २१ गते सोमबार ।
- गणतन्त्र दिवशको अवसरमा भिडियो सन्देश २०७२ जेष्ठ १५ शुक्रबार।
- बकर ईद (ईदुल जोहा) पर्व २०७२ असोज ८ गते शुक्रबार ।

ती अवसरमा सम्माननीयज्यूले दिनुभएको सन्देशको पूर्णपाठ अर्को शिर्षकमा संलग्न गरिएको छ ।

## ६. अलङ्कार, विभूषण र पुरस्कार वितरण

### ६.१ हेम बहादुर मल्ल सम्मान-२०६८ प्रदान

वि.सं. २०७१ साल भाद्र १५ गते आइतबारका दिन राष्ट्रपति भवन शीतल निवास महाराजगञ्जमा सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले "हेमबहादुर मल्ल सम्मान-२०६८" शिक्षाविद प्रा.डा. सुरेशराज शर्मालाई प्रदान गर्नुभयो । उक्त कार्यक्रममा पूर्व मन्त्री तथा PAAN का अध्यक्ष श्री विद्याधर मल्लिक तथा पूर्व प्रशासक एवम् वर्तमान प्रशासकहरूको उपस्थिति रहेको थियो । उक्त कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै सम्माननीय राष्ट्रपतिले साल्ट ट्रेडिङ्ग कर्पोरेशनका पूर्व अध्यक्ष एवम् कुशल प्रशासक स्वर्गीय हेमबहादुर मल्लज्यूको स्मृतिमा पुरस्कार स्थापना गरिएकोमा हर्ष लागेको बताउनुहुँदै काठमाडौं विश्वविद्यालयको स्थापना, संस्थागत विकास एवम् त्यसैका माध्यमबाट विश्वस्तरको वैशिष्टीकृत उच्चतम तहको शिक्षा नेपालभित्रै आम नेपालीको पहुँचमा ल्याउन प्राध्यापक शर्माले खेल्नु भएका सङ्घर्षमय र नेतृत्वदायी भूमिका सबैका लागि प्रेरणाको श्रोत बनेको विचार व्यक्त गर्नुभयो ।



## ६.२ नेपाल विद्याभूषण छात्रा विद्यापदक वितरण कार्यक्रम

सम्माननीय राष्ट्रपति डा. रामवरण यादव वि.सं. २०७१ साल भाद्र २३ गते सोमबारका दिन राष्ट्रपति भवन शीतल निवास महाराजगञ्जमा आयोजित ३५ औं राष्ट्रिय शिक्षा दिवस तथा अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा नेपाल विद्याभूषण 'क', 'ख' र 'ग' तथा नेपाल छात्रा विद्यापदक वितरण कार्यक्रममा सहभागी हुनुभयो । सम्माननीय उपराष्ट्रपति श्री परमानन्द झा, सम्माननीय प्रधानमन्त्री श्री सुशील कोइराला, सम्माननीय प्रधानन्यायाधीश श्री दामोदर प्रसाद शर्मा, संविधानसभाका सम्माननीय अध्यक्ष श्री सुवासचन्द्र नेम्वाङ्ग लगायत उच्च पदस्थ व्यक्तित्वहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यूले विभिन्न शैक्षिक विधामा आफ्नो उत्कृष्टता प्रदर्शन गर्नुहुने छात्राहरूलाई नेपाल विद्याभूषण पदक 'क' श्रेणी, (१७५ जनालाई) 'ख' श्रेणी (६२ जनालाई) र 'ग' श्रेणी (२० जनालाई), स्नातक तहको नेपाल छात्रा विद्या पदक (२६ जनालाई) तथा प्रमाणपत्र तहको नेपाल छात्रा विद्या पदक (१४ जनालाई) वितरण गर्नुभयो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै सम्माननीय राष्ट्रपतिले उच्च शिक्षाको विभिन्न विधामा शोध गर्ने र विभिन्न तहमा उत्कृष्ट नतिजा हासिल गर्ने महानुभावहरूलाई पदकबाट सुशोभन गर्न पाउँदा आफुलाई खुशी लागेको बताउनुभयो । पुरस्कृत छात्राहरूलाई बधाई दिनुहुँदै विभिन्न विषयमा विद्यावारिधि गर्नुहुने तथा सर्वोत्कृष्ट नतिजा हासिल गरी सुशोभित हुनुहुने सम्पूर्ण विद्वान् तथा विदुषिहरूले आफूले आर्जन गरेका ज्ञान र सीपलाई राष्ट्र निर्माणमा लगाउनका लागि प्रतिबद्ध भई कार्यक्षेत्रमा उत्रन समेत आह्वान गर्नुभयो।



## ६.३ गोपाल-कमला राजभण्डारी रोटरी अवार्ड फर भोकेसनल एक्सीलेन्स पुरस्कार प्रदान समारोह

सम्माननीय राष्ट्रपति डा. राम वरण यादव वि.सं. २०७१ साल माघ २३ गते शुक्रबारका दिन राष्ट्रपति भवन शीतल निवास महाराजगञ्जमा आयोजित गोपाल-कमला राजभण्डारी रोटरी अवार्ड फर भोकेसनल एक्सीलेन्स पुरस्कार प्रदान समारोहमा सरिक हुनुभयो। रोटरी इन्टरनेशनलका अन्तराष्ट्रिय अध्यक्ष प्रेसिडेण्ट ग्यारी सि.के. ह्वाङ, सँस्कृतिविद् श्री सत्यमोहन जोशी, पूर्व मूख्य सचिव श्री तीर्थमान शाक्यलगायत अन्य विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा सम्माननीय राष्ट्रपतिबाट संस्कृतिविद् श्री सत्यमोहन जोशीलाई गोपाल-कमला राजभण्डारी रोटरी अवार्ड फर भोकेशनल एक्सीलेन्स प्रमाणपत्र र रु. १० लाखको चेक हस्तान्तरण गर्नुभयो । समारोहलाई सम्बोधन गर्दै सम्माननीयज्यूले "स्वार्थभन्दा माथि सेवा" भन्ने पवित्र उद्देश्य लिएर स्थापना भएको रोटरी इन्टरनेशनलले सामाजिक तथा स्वास्थ्य सेवाको क्षेत्रमा पुऱ्याएको योगदानको सराहना गर्दै आगामी दिनहरूमा दीन-दुःखी, असहायको सेवा गर्दै समृद्ध नेपाल निर्माण गर्ने अभियानमा अझ बढी योगदान पुऱ्याउन सफल होस् भन्ने शुभकामना व्यक्त गर्नुभयो ।



## ६.४ महिला खेलाडीहरूलाई पुरस्कार तथा सम्मान कार्यक्रम

वि.सं. २०७१ साल फाल्गुण २९ गते शुक्रबारका दिन राष्ट्रपति भवन शीतल निवास महाराजगञ्जमा सम्माननीय राष्ट्रपति डा. रामवरण यादवबाट "अन्तरराष्ट्रियस्तरका खेलकुद प्रतियोगिताहरूमा सहभागी भई पदक, ट्रफी तथा स्थान प्राप्त गर्न सफल महिला खेलाडी, प्रशिक्षक तथा खेल व्यवस्थापकहरूलाई पुरस्कार तथा सम्मान" प्रदान गरियो । माननीय युवा तथा खेलकुद मन्त्री पुरुषोत्तम पौडेल, माननीय ऊर्जा मन्त्री राधा ज्ञवाली लगायत खेलाडी, खेलप्रेमी एवं पत्रकारहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा सम्माननीय राष्ट्रपतिबाट तेक्वान्दो खेलाडी सङ्गीना वैद्य र साम्वो खेलाडी भगवती माझीलाई पुरस्कार तथा सम्मान प्रदान गरियो । त्यसैगरी माननीय मन्त्रीज्यूबाट समेत विभिन्न खेलाडी तथा प्रशिक्षकहरूलाई सम्मान एवम् पुरस्कार प्रदान गरियो । कार्यक्रममा सम्बोधन गर्नुहुँदै सम्माननीय राष्ट्रपतिले खेलाडीहरूबाट अन्तरराष्ट्रिय जगतमा नेपाललाई चिनाउने अथक प्रयास भएकोमा उक्त प्रयासको कदर गर्दै अगामी दिनमा त्यस क्षेत्रमा थप सफलताको शुभकामना प्रदान गर्नुभयो ।



## ६.५ विभूषणद्वारा सुशोभन

वि.स. २०७२ साल बैशाख ७ गते सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले राष्ट्रपति भवन, शीतल निवासमा आयोजित एक समारोहमा राष्ट्र र समाजको विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनुहुने २२७ जना महानुभावहरूलाई गणतन्त्र दिवस, २०७१ को सुअवसरमा घोषित विभूषणहरूद्वारा सुशोभन गर्नुभयो । समारोहमा भूतपूर्व प्रधानमन्त्री स्व. गिरिजाप्रसाद कोइराला (मरणोपरान्त) का लागि घोषित नेपाल रत्न स्वर्गीय कोइरालाका सुपुत्री भूतपूर्व उपप्रधानमन्त्री सुजाता कोइरालालाई हस्तान्तरण गर्नुभयो । त्यसैगरी मन्त्रिपरिषदका पूर्व अध्यक्ष खिलराज रेग्मी, पूर्व उप-प्रधानमन्त्री स्व.शैलजा आचार्य (मरणोपरान्त) र पूर्व मन्त्री स्व. भीम बहादुर तामाङ (मरणोपरान्त) महाउज्ज्वल राष्ट्रदीप (प्रथम श्रेणी) बाट सुशोभित हुनुभयो । त्यसैगरी सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश दामोदरप्रसाद शर्मा सुप्रसिद्ध प्रबल जनसेवाश्री (प्रथम श्रेणी), पूर्व गृह तथा परराष्ट्र मन्त्री माधवप्रसाद घिमिरे र पूर्व मन्त्री तथा साहित्यकार मोदनाथ प्रश्रित उज्ज्वल कीर्तिमय राष्ट्रदीप (द्वितीय श्रेणी) बाट सुशोभित हुनुभयो । साथै प्रसिद्ध प्रबल जनसेवाश्री (द्वितीय श्रेणी) बाट १७ जना, सुप्रबल जनसेवाश्री (तृतीय श्रेणी) बाट ७६ जना, प्रबल जनसेवाश्री (चतुर्थ श्रेणी) बाट ८२ जना र जनसेवाश्री (पञ्चम श्रेणी) बाट ४५ जना महानुभावहरू विभूषित हुनुभयो । समारोहमा सम्माननीय उपराष्ट्रपति, सम्माननीय प्रधानन्यायाधीश, संविधान सभाका सम्माननीय अध्यक्ष, माननीय उपप्रधानमन्त्रीहरू र संवैधानिक निकायका प्रमुखहरू लगायत विशिष्ट महानुभावहरूको उपस्थिति रहेको थियो ।



## ६.६ नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७१ वितरण समारोह

वि.सं. २०७२ साल श्रावण ३ गते आइतबारका दिन राष्ट्रपति भवन शीतल निवास महाराजगञ्जमा सम्माननीय राष्ट्रपति डा. रामवरण यादवबाट "नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार" प्रदान भयो । कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति तथा उपकुलपतिहरूको उपस्थिति रहेको थियो । समारोहलाई सम्बोधन गर्दै सम्माननीय राष्ट्रपतिले प्रतिष्ठानबाट नेपाली नृत्य, सङ्गीत एवम् नाट्य क्षेत्रमा जीवन समर्पण गरेका मूर्धन्य प्रतिभाहरूलाई सम्मान गर्ने परम्पराको थालनी भएकोमा खुशी व्यक्त गर्नुभयो । पुरस्कारबाट सुशोभित मूर्धन्य श्रष्टाहरू नाट्य निर्देशक श्री हरिप्रसाद रिमाल, नृत्य निर्देशक श्री भैरव वहादुर थापा, सङ्गीत निर्देशक श्री चन्द्रराज शर्मा र लोक वाद्यवादक श्री न्हुच्छेबहादुर डङ्गोललाई सम्माननीय राष्ट्रपतिले हार्दिक बधाई दिँदै उहाँहरूको दीर्घ जीवनको कामना समेत गर्नुभयो ।

## ६.७ राष्ट्रिय चलचित्र पुरस्कार तथा दीर्घ साधना सम्मान कार्यक्रम

वि.सं. २०७२ साल श्रावण १२ गते सोमबारका दिन राष्ट्रपति भवन शीतल निवास महाराजगञ्जमा आयोजित समारोहमा सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले "राष्ट्रिय चलचित्र पुरस्कार तथा दीर्घ साधना सम्मान" प्रदान गर्नुभयो । माननीय सूचना तथा सञ्चार मन्त्री डा. मिनेन्द्र रिजाल तथा चलचित्र क्षेत्रका दिग्गज व्यक्तित्वहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा उत्कृष्ट निर्देशक निश्चल बस्नेत, उत्कृष्ट चलचित्र कबड्डी, उत्कृष्ट पटकथा लेखक संयुक्तरुपमा रामबाबु गुरुङ्ग र उपेन्द्र सुब्बा, उत्कृष्ट अभिनेता दयाहाङ् राई, उत्कृष्ट अभिनेत्री संयुक्त रुपमा सङ्गम बिष्ट र ऋचा शर्मा तथा वरिष्ठ चलचित्रकर्मी निर शाहलाई दीर्घ साधना सम्मानद्वारा सम्मान गरियो । साथै कार्यक्रममा आफ्नो मन्तव्य दिदै सम्माननीय राष्ट्रपतिले मनोरञ्जनको माध्यमबाट समाज परिवर्तन तथा देश निर्माणमा चलचित्र क्षेत्रले खेलेको भूमिकाको सराहना गर्नुभयो ।




## ६.८ नातिकाजी पुरस्कार तथा सम्मान कार्यक्रम, २०७२

सम्माननीय राष्ट्रपति डा. रामवरण यादव मिति २०७२ साल श्रावण २४ गते आइतबारका दिन राष्ट्रपति भवन शीतल निवासमा आयोजित "नातिकाजी पुरस्कार तथा सम्मान कार्यक्रम २०७२" मा सरिक हुनुभयो । नेपाली गीत सङ्गीत क्षेत्रका उज्ज्वल नक्षत्र सङ्गीत महर्षि स्वर्गीय नातिकाजी श्रेष्ठको स्मृतिमा स्थापित नातिकाजी स्मृति समाजद्वारा आयोजित उक्त कार्यक्रममा नेपाली गीत सङ्गीत क्षेत्रका मूर्धन्य व्यक्तित्वहरूको उपस्थिति रहेको थियो । सो समारोहमा सम्माननीय राष्ट्रपतिबाट विभिन्न ५ विधामा जम्मा १५ जना व्यक्तित्वलाई सम्मान तथा पुरस्कार वितरण एवम् नातिकाजीद्वारा सङ्गीतबद्ध तथा फत्तेमान राजभण्डारीबाट स्वरबद्ध भजनको सी.डी. विमोचन समेत भएको थियो । उक्त समारोहमा सम्बोधन गर्नुहुँदै सम्माननीय राष्ट्रपतिले नातिकाजी स्मृति समाजको कामको सराहना, सम्मानित र पुरस्कृत व्यक्तित्वहरूलाई बधाई तथा सो समाजको उद्देश्य प्राप्तिमा सफलता मिलोस् भन्ने शुभकामना समेत व्यक्त गर्नुभयो ।

## ६.९ चाँगुनारायण र कलश यात्राको छायाँ दर्शन २०७२

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले मिति २०७२ भाद्र १० गते विहीबार साँझ ६ बजे राष्ट्रपति भवन शीतल निवासमा यस वर्षको वर्षायामको चाँगुनारायणको छायाँ दर्शन र कलश यात्राको छायाँ दर्शन गर्नुभयो ।

## ६.१० पी .पी. प्रसाई राष्ट्रिय तथा क्षेत्रीय उत्कृष्ट शिक्षक सम्मान समारोह २०७२

सम्माननीय राष्ट्रपति डा. रामवरण यादव मिति २०७२ साल भाद्र २० गते आइतबारका दिन राष्ट्रपति भवन शीतल निवासमा आयोजित पी.पी. प्रसाई राष्ट्रिय तथा क्षेत्रीय उत्कृष्ट शिक्षक सम्मान समारोह २०७२ मा सरिक हुनुभयो । एक कर्मठ, शिक्षाप्रेमी, समाजसेवी एवम् पर्यटन व्यवसायी स्व. प्रजापति प्रसाईको स्मृतिमा स्थापित पी.पी. प्रसाई फाउण्डेशनद्वारा आयोजित उक्त कार्यक्रममा शिक्षा, संस्कृति, पर्यटन र सामाजिक क्षेत्र सम्वद्ध व्यक्तित्वहरूको उपस्थिति रहेको थियो । समारोहमा सम्माननीयज्यूबाट उत्कृष्ट राष्ट्रिय शिक्षक पुरस्कार एक जना र उत्कृष्ट क्षेत्रीय शिक्षक पुरस्कार तीन जनालाई सम्मान तथा पुरस्कार प्रदान भएको थियो । उक्त समारोहमा सम्बोधन गर्नुहुँदै सम्माननीय राष्ट्रपतिले फाउण्डेशनको कार्यको सराहना गर्दै देश विकासमा शिक्षकहरूको योगदानको हृदयदेखि सम्मान गर्नुभयो । साथै सम्मानित/पुरस्कृत व्यक्तित्वलाई बधाइ ज्ञापन गर्दै सबैबाट शिक्षा क्षेत्रमा थप योगदानको अपेक्षा सहित फाउण्डेशनलाई विशेष धन्यवाद दिनुहुँदै यस्ता गतिविधिहरूको निरन्तरता सहित फाउण्डेशनको उत्तरोत्तर प्रगति र विकासको कामना गर्नुभयो।



## ६.११ ३६ औं राष्ट्रिय शिक्षा दिवस तथा अन्तर्राष्ट्रिय साक्षरता दिवस समारोह २०७२

सम्माननीय राष्ट्रपति डा. रामवरण यादव मिति २०७२ साल भाद्र २२ गते मङ्गलबारका दिन राष्ट्रपति भवन शीतल निवासमा आयोजित ३६ औं राष्ट्रिय शिक्षा दिवस तथा अन्तर्राष्ट्रिय साक्षरता दिवस समारोह २०७२ मा सरिक हुनुभयो । "दिगो विकासका लागि गुणस्तरीय शिक्षा, सबैका लागि सुरक्षित शिक्षण संस्था" भन्ने मुल नारा सहित शिक्षा मन्त्रालयद्वारा आयोजित उक्त कार्यक्रममा सम्माननीय उपराष्ट्रपति परमानन्द झा, सम्माननीय प्रधानन्यायाधीश कल्याण श्रेष्ठ, सम्माननीय सभामुख सुवासचन्द्र नेम्वाङ्ग, माननीय शिक्षामन्त्री चित्रलेखा यादव, विभिन्न संवैधानिक निकायका प्रमुखहरू, शिक्षा क्षेत्र सम्वद्ध व्यक्तित्वहरू, विभिन्न तहमा उत्कृष्ट नतिजा हासिल गर्ने छात्र/छात्राहरू लगायतको उल्लेख्य उपस्थिति रहेको थियो । सो समारोहमा सम्माननीय राष्ट्रपतिबाट नेपाल विद्या भूषण पदक 'क' श्रेणी १४१ जनालाई, 'ख' श्रेणी ७४ जनालाई, 'ग' श्रेणी १४ जनालाई, स्नातक तहको नेपाल छात्रा विद्या पदक ३१ जनालाई तथा प्रमाणपत्र तहको नेपाल छात्रा विद्या पदक ८ जनालाई प्रदान भएको थियो। समारोहमा सम्बोधन गर्नुहुँदै सम्माननीय राष्ट्रपतिले युग सुहाउदो शिक्षा नीति निर्माण र त्यसको कार्यान्वयनमा सरोकारवाला सबैको सामुहिक प्रयत्न र प्रतिवद्धताको खाँचो भएकाले त्यसतर्फ क्रियाशील हुन आवश्यक रहेको बताउनुहुँदै कार्यक्रमको पूर्ण सफलताको कामना गर्नुभयो । माननीय शिक्षामन्त्री चित्रलेखा यादवले कृतज्ञता ज्ञापन सहित समापन गर्नुभएको उक्त कार्यक्रम शिक्षा सचिव श्री विश्वप्रकाश पण्डितले सञ्चालन गर्नुभएको थियो ।

## ६.१२ विजया दशमी २०७२ को उपलक्ष्यमा टीका प्रदान

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले मिति २०७२ साल कार्तिक ५ गते दिनको १:३० बजे राष्ट्रपति भवन शीतल निवासमा विजया दशमीको उपलक्ष्यमा नेपाल सरकारका विशिष्ट व्यक्तित्वहरू, राजनीतिक दल सम्बद्ध व्यक्तित्वहरू र अन्य इच्छुक सर्वसाधारणहरूलाई टीका लगाइदिनुभयो।



## ७. सम्माननीय राष्ट्रपतिको चीन भ्रमण

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवज्यूबाट मिति २०७१ साल चैत्र १२ देखि १८ गते सम्म (मार्च २६-अप्रिल १, २०१५) जनवादी गणतन्त्र चीनको ७ दिने भ्रमण सम्पन्न भयो । चीन सरकारको मैत्रीपूर्ण निमन्त्रणामा १८ सदस्यीय भ्रमण टोली रहेको उक्त भ्रमणमा सम्माननीय राष्ट्रपतिबाट चीनको हाईनान प्रान्तमा आयोजना भएको Boao Forum For Asia (BFA) Annual conference, २०१५ मा नेपालको तर्फबाट सहभागिता भएको थियो । उक्त अवधिमा सम्माननीय राष्ट्रपतिबाट सम्मेलनमा सम्बोधन तथा जनवादी गणतन्त्र चीनका राष्ट्रपति सी जीनपिङ् लगायत अन्य विशिष्ट व्यक्तित्वहरूसँग भेटघाट समेत भएको थियो। भ्रमणको क्रममा सम्माननीय राष्ट्रपतिले चीनको सान्या, छेन्दु, ल्हासा, सिगात्से लगायत स्थलको समेत अवलोकन गर्नुभएको थियो।

## ८. सम्माननीय राष्ट्रपतिको देशका विभिन्न क्षेत्रहरूको भ्रमण

### ८.१ मध्य पश्चिमका बाढी प्रभावित क्षेत्रहरूको अवलोकन

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले वि.सं. २०७१ साल असोज ५, ६ र ७ गते मध्यपश्चिमका बाढी प्रभावित विभिन्न जिल्लाहरूको अवलोकन भ्रमण गर्नुभयो । सुर्खेत, बाँके, बर्दिया दाङ लगायतका विभिन्न जिल्लाका अति प्रभावित ठाउँहरूको अवलोकन गर्नुहुँदै सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू तथा प्रभावितहरूबाट क्षतिको विवरण लिनुभयो। साथै सम्माननीय राष्ट्रपतिले प्रभावितहरू बसेको शिविरमा पुगी पीडितहरूको अवस्थाको बारेमा जिज्ञासा समेत राख्नुभएको थियो।

### ८.२ सम्माननीय राष्ट्रपतिबाट भूकम्प प्रभावित जिल्लाहरूको अवलोकन

सम्माननीय राष्ट्रपतिबाट वि.सं. २०७२ साल बैशाख १२ गते र २९ गते गएको विनाशकारी भूकम्पपश्चात भूकम्पबाट अति प्रभावित गोरखा, दोलखा, सिन्धुपाल्चोक लगायतका १४ वटा जिल्लाहरूको विभिन्न मितिमा अवलोकन भ्रमण भयो । सो क्रममा सम्माननीय राष्ट्रपतिले भूकम्प पीडितहरूको शिविरमा पुगी त्यहाँको अवस्थाबारे जानकारी समेत लिनुभएको थियो।

### ८.३ चुरे क्षेत्रको भ्रमण

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले वि.स. २०७२ साल साउन ११ गते सोमबारका दिन चुरे संरक्षण दिवसको उपलक्ष्यमा महोत्तरी, धनुषा, सप्तरी लगायतका जिल्लाहरूको चुरे क्षेत्रको हवाई अवलोकन भ्रमण तथा सप्तरीमा वृक्षारोपण पनि गर्नुभयो ।

# ९. विदेशी तथा स्वदेशी व्यक्तित्वहरूसँगको महत्वपूर्ण भेटघाट

## ९.१ भारतीय विदेश मन्त्रीसँग भेटघाट

सम्माननीय राष्ट्रपति डा. रामवरण यादव र मित्रराष्ट्र भारतका महामहिम विदेशमन्त्री सुष्मा स्वराज बीच मिति २०७१ श्रावण १० गते शनिबारका दिन राष्ट्रपति भवन, शीतल निवासमा शिष्टाचार भेटघाट भयो । सो अवसरमा उहाँहरूबीच दुई देशको आपसी हितका विषयमा छलफल भयो । उक्त अवसरमा नेपाल र भारतका उच्च पदस्थ अधिकारीहरूको समेत उपस्थिति रहेको थियो ।



## ९.२ भारतका महामहिम प्रधानमन्त्रीसँग भेटघाट

सम्माननीय राष्ट्रपति डा. रामवरण यादव र नेपालको दुई दिने भ्रमणमा आउनु भएका मित्रराष्ट्र भारतका महामहिम प्रधानमन्त्री श्री नरेन्द्र मोदीबीच मिति २०७१ श्रावण १९ गते सोमबारका दिन राष्ट्रपति भवन शीतल निवासमा शिष्टाचार भेटवार्ता भयो । सो अवसरमा उहाँहरूबीच दुई देशको सम्बन्ध अझ सुदृढ पार्ने विषयमा छलफल भयो । भेटपछि भारतका महामहिम प्रधानमन्त्री मोदीको सम्मानमा सम्माननीय राष्ट्रपतिले शीतल निवासमा शान्त दिवा भोजको आयोजना गर्नुभयो । दिवा भोजमा सम्माननीय उपराष्ट्रपति परमानन्द झा, सम्माननीय प्रधानन्यायाधीश दामोदर शर्मा, संविधान सभाका सम्माननीय अध्यक्ष सुवासचन्द्र नेम्वाङ्ग, विभिन्न राजनीतिक दलका प्रमुख तथा नेपाल र भारतका उच्च पदस्थ अधिकारीहरूको समेत सहभागिता रहेको थियो ।



## ९.३ भारतका गृहमन्त्रीसँगको भेटघाट

सम्माननीय राष्ट्रपति डा. रामवरण यादव र मित्रराष्ट्र भारतका गृहमन्त्री श्री राजनाथ सिंहबीच मिति २०७१ साल असोज ३ गते शुक्रबारका दिन राष्ट्रपति भवन, शीतल निवासमा शिष्टाचार भेटघाट भयो । सो अवसरमा उहाँहरूबीच दुई देशको आपसी हितका विषयमा छलफल भयो । उक्त अवसरमा नेपाल र भारतका उच्च पदस्थ अधिकारीहरूको समेत उपस्थिति रहेको थियो ।



## ९.४ संविधान निर्माण सम्बन्धमा प्रमुख दलका नेताहरुसँग भेटघाट

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले वि.स. २०७१ माघ ३ गते संविधान निर्माणका सम्बन्धमा संविधानसभामा प्रतिनिधित्व गर्नुहुने प्रमुख दलका शीर्षस्थ नेताहरुसँग भेटघाट गर्नुभयो । छलफलमा सम्माननीय राष्ट्रपतिले व्यक्त गर्नुभएको विचारको विषयवस्तुको सार सङ्क्षेप :

- संविधान जारी होला भनेर आशा गरेको बेला दलहरूबीच बेमेल र दूरी बढेको समाचारले देशलाई नै निराश तुल्याएको छ। बढ्दो तिक्तता, हठ र आन्दोलनका कुराले माघ ८ गते मुलुकले नयाँ संविधानको सट्टा तनावको स्थिति व्यहोर्नुपर्ने अवस्था देखापरेको छ। यो दुखद र चिन्ताको विषय हो।
- अहिले जे भईरहेको छ, ठीक भइरहेको छैन । संविधानसभा र मुलुकको राजनीतिलाई द्वन्द्व र अविश्वासको जुन दिशातिर लैजान खोजिँदै छ त्यो सही दिशा होइन, हाम्रो गन्तव्य त्यो हुँदै होइन ।
- संविधान बन्नै पर्छ। यही संविधान सभावाट बन्नुपर्छ। यो यथार्थलाई अब कुनै पनि बहानामा फेरबदल गर्न खोज्नु हुँदैन। एउटा संविधानसभा असफल भइसकेको पृष्ठभूमिमा दोश्रो संविधानसभा असफल हुन दिनु हुँदैन।
- सम्वाद र सहमतिबिना नयाँ संविधान बन्नै सक्दैन। सम्वाद नै नगरी संविधानका जटिल मुद्दाहरूको विश्लेषण र मन्थन कसरी गर्ने ? बिना मन्थन, बिना बहस कसरी निचोड निकाल्न सकिन्छ र ? मत मतान्तर भएका विषयलाई एउटा टुङ्गोमा पुऱ्याउने माध्यम छलफल नै हो ।
- त्यसैगरी, निश्चित सिद्धान्त, प्रक्रिया र विधि विधान पालना नगरी पनि संविधान बन्न सक्दैन । अनौपचारिक र राजनीतिक तहमा भएका छलफल, सहमति, निष्कर्ष आदिलाई सबैले स्वीकार गर्ने दस्तावेजमा परिणत गर्न प्रक्रिया अवलम्बन (Process Follow) गर्नु जरुरी मात्रै नभई अपरिहार्य नै हुन्छ । सही ढङ्गबाट औपचारिक प्रक्रिया पूरा गरेपछि मात्रै कुनै पनि दस्तावेजले सार्वजनिक वैधता (Public Legitimacy) प्राप्त गर्न सक्छ।
- सार्वजनिक वैधता कुनै पनि संविधानको निम्ति अत्यन्त ठूलो कुरा हो । यसका लागि हरेक नागरिकले संविधानलाई स्वीकार (Public Acceptance) गर्न सक्नुपर्छ । हामीले राम्रो संविधान बनाएर मात्र पुग्दैन, त्यो संविधान राम्ररी अर्थात् विधि र प्रक्रिया सम्मत ढङ्गबाट बनाइएको छ भन्ने पनि देखाउन सक्नुपर्छ ।
- अर्थात संविधान निर्माणका लागि सम्वाद, सहमति र प्रक्रिया तीनवटै कुरा अपरिहार्य छन्, अनिवार्य छन्। संविधान निर्माणका निम्ति सम्वाद, सहमति र प्रक्रिया अनिवार्य भएजस्तै संविधानसभामा उपस्थित हरेक दल र सभासदको भूमिका पनि अनिवार्य हुन जान्छ। संविधान निर्माण भनेको सरकारको वार्षिक नीति तथा कार्यक्रम पारित गरे जस्तो सामान्य दृष्टिकोणबाट लिन मिल्ने विषय होइन। संविधान निर्माणको सवालमा सबै दल र सभासदहरू एउटै पक्ष हुनुपर्छ। त्यहाँ सत्तापक्ष र प्रतिपक्षको भेद रहनुहुँदैन । किनभने, संविधान निर्माणको जिम्मेवारी दुवै पक्षको, तीनवटै पक्षको हो अथवा सबैको हो, कुनै एउटा पक्षको मात्र होइन ।
- कुनैपनि बहानामा (तपाईंहरू) संविधान निर्माणको दायित्वबाट पन्छिन पाउनुहुन्न । अप्ठ्याराहरू छन् भने तिनलाई हटाउने प्रयत्न गर्नुपर्छ । मैले गरेर हुने केही भए, संविधानको सीमा भित्र रहेर आवश्यक भूमिका निर्वाह गर्न तयार छु। हामीले यो संविधानसभाले जनतालाई संविधान दिनु नै छ। त्यस निम्ति कसले के के गर्नुपर्ने हो, कसरी गर्ने हो-तपाईंहरू नै भन्नुहोस्।

## ९.५ चीन भ्रमणपूर्व भएको राजनीतिक भेटघाट

सम्माननीय राष्ट्रपतिले आफ्नो चीन भ्रमणको पूर्वसन्ध्यामा मिति २०७१ चैत्र ८ गते राजनीतिक दलका प्रमुखहरू तथा पूर्व प्रधानमन्त्रीहरूसँग शीतल निवासमा भेटघाट गरी चीन भ्रमणका सम्बन्धमा आवश्यक सुझावहरू ग्रहण गर्नुभयो। सो अवसरमा सम्माननीय उपराष्ट्रपति परमानन्द झा, सम्माननीय सभामुख सुवासचन्द्र नेम्वाङ्ग, पूर्व प्रधानमन्त्रीहरू क्रमशः लोकेन्द्र बहादुर चन्द, शेरबहादुर देउवा, पुष्पकमल दाहाल, माधव कुमार नेपाल, झलनाथ खनाल र डा.बाबुराम भट्टराईको समेत उपस्थिति रहेको थियो । साथै मुख्य राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरूको समेत सहभागिता रहेको उक्त कार्यक्रममा उपस्थित सम्पूर्ण महानुभावहरूले सम्माननीय राष्ट्रपतिको चीन भ्रमणको सफलताको लागि शुभकामना दिनुभएको थियो।



## १०. विभिन्न पदाधिकारीको नियुक्ति तथा शपथ ग्रहण

### १०.१ मन्त्रीद्वयको शपथ ग्रहण कार्यक्रम

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवको समुपस्थितिमा सम्माननीय प्रधानमन्त्री सुशील कोइरालाले नवनियुक्त मन्त्रीद्वय श्री दीपकचन्द्र अमात्य (पर्यटन, संस्कृति तथा नागरिक उड्डयन) र श्री महेश बस्नेत (उद्योग) लाई मिति २०७१ साल भाद्र २९ गते आइतबार राष्ट्रपति भवन, शीतल निवासमा पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभयो । सो समारोहमा सम्माननीय उपराष्ट्रपति परमानन्द झा, माननीय उपप्रधानमन्त्री, माननीय मन्त्रीहरू, महान्यायाधिवक्ता, नेपाल सरकारका मुख्य सचिव, सुरक्षा निकायका प्रमुखहरू एवम् राजनीतिक दलका नेताहरू समेतको उपस्थिति रहेको थियो ।



## १०.२ प्रधानन्यायाधीशको नियुक्ति तथा शपथः

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०३ को उपधारा (१) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश श्री रामकुमार प्रसाद साहलाई सम्वत् २०७१ साल असोज २४ गते शुक्रबारको दिनदेखि लागू हुने गरी सर्वोच्च अदालतको प्रधान न्यायाधीश पदमा नियुक्ति गर्नु भई पद तथा गोपनीयताको शपथ ग्रहण समेत गराउनु भयो।



## १०.३ राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारी नियुक्ति

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले मिति २०७१ साल कार्तिक ३ गते नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३१ को उपधारा (३) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष पदमा श्री अनुपराज शर्मा, काठमाडौं तथा सदस्यहरूमा क्रमशः श्री प्रकाशचन्द्र शर्मा (वस्ती), चितवन, श्री सुदिप पाठक, काठमाडौं, श्री मोहना अन्सारी, बाँके, श्री गोविन्द शर्मा पौड्याल, पर्वतलाई नियुक्त गर्नुभयो । सम्माननीय राष्ट्रपतिको समुपस्थितिमा राष्ट्रपति भवन, शीतलनिवासमा आयोजित उक्त समारोहमा सम्माननीय प्रधान न्यायाधीश रामकुमार प्रसाद साह समक्ष राष्ट्रिय मानव अधिकार आयोगका नवनियुक्त अध्यक्ष अनुपराज शर्माले अध्यक्ष पदको पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो । साथै सोही समारोहमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष समक्ष राष्ट्रिय मानव अधिकार आयोगका नवनियुक्त सदस्यहरूले पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो । सो समारोहमा सम्माननीय उपराष्ट्रपति परमानन्द झा, सम्माननीय प्रधानमन्त्री सुशील कोइराला, संवैधानिक निकायका प्रमुखहरू लगायतका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।



## १०.४ व्यवस्थापिका संसदको महासचिवको नियुक्ति

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६१क. को उपधारा (२) बमोजिम व्यवस्थापिका संसदको सभामुखको सिफारिसमा व्यवस्थापिका संसदको महासचिव पदमा मिति २०७१ साल चैत्र ३ गतेदेखि लागू हुने गरी श्री मनोहरप्रसाद भट्टराईलाई पुनः नियुक्त गर्नुभयो ।

## १०.५ लोकसेवा आयोगका पदाधिकारीको नियुक्ति

मिति २०७१ साल चैत्र ११ गते सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२५ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा श्री उमेशप्रसाद मैनाली, काभ्रेलाई लोकसेवा आयोगको अध्यक्ष पदमा तथा श्री बिन्द्रा हाडा भट्टराई, काठमाडौं, डा. गोविन्दप्रसाद कुसुम, काठमाडौं, श्री श्रीपुरुष ढकाल, ललितपुर, श्री अशोक कुमार झा, सप्तरी, श्री ब्रम्हदेव राय, सर्लाही र श्री कृष्णचन्द्र झा, धनुषालाई लोक सेवा आयोगको सदस्य पदमा नियुक्त गर्नुभयो । साथै शीतल निवासमा आयोजित एक समारोहमा सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले नवनियुक्त अध्यक्ष श्री उमेशप्रसाद मैनालीलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभयो । त्यसैगरी सोही समारोहमै सम्माननीय राष्ट्रपतिको समुपस्थितिमा आयोगका अन्य सदस्यहरूलाई आयोगका माननीय अध्यक्ष उमेशप्रसाद मैनालीले सदस्य पदको पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभयो।



## १०.६ अख्तियार दुरूपयोग अनुसन्धान आयोगका आयुक्तहरूको नियुक्ति

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले मिति २०७१ साल चैत्र १९ गते नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा श्री दीप बस्न्यात, उदयपुर, श्री नवीनकुमार घिमिरे, झापा, डा. गणेशराज जोशी, लमजुङ, श्री राजनारायण पाठक, महोत्तरी र डा.सावित्री गुरुङ, भोजपुरलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आयुक्त पदमा नियुक्त गर्नुभयो । साथै, शीतल निवासमा आयोजित एक समारोहमा सम्माननीय राष्ट्रपतिको समुपस्थितिमा आयोगका माननीय प्रमुख आयुक्त लोकमानसिंह कार्कीले आयोगका नवनियुक्त आयुक्तहरूलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभयो ।



## १०.७ पर्यटन मन्त्रीको शपथ ग्रहण

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवको समुपस्थितिमा सम्माननीय प्रधानमन्त्री सुशील कोइरालाले नवनियुक्त संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री कृपासुर शेर्पालाई मिति वि.सं. २०७२ साल जेठ ८ गते राष्ट्रपति भवन, शीतल निवासमा पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभयो ।



## १०.८ न्याय परिषदको सदस्य पदमा मनोनित

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११३ को उपधारा (१) को खण्ड (घ) बमोजिम प्रधानमन्त्रीको सिफारिसमा श्री रामप्रसाद सिटौला, गरामनी-२ झापालाई न्याय परिषदको सदस्य पदमा मनोनित गर्नुभयो।

## १०.९ प्रधान न्यायाधीशको नियुक्ति र शपथ

सम्माननीय राष्ट्रपतिले वि.स. २०७२ साल असार २३ गते बुधबार का दिन नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०३ को उपधारा (१) बमोजिम, संवैधानिक परिषद्को सिफारिसमा सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश श्री कल्याण श्रेष्ठलाई प्रधानन्यायाधीश पदमा नियुक्त गरी सोही दिन शीतल निवासमा आयोजित एक समारोहमा नवनियुक्त प्रधानन्यायाधीशलाई पद तथा गोपनीयताको शपथ ग्रहण समेत गराउनुभयो ।



## १०.१० विशेषज्ञ पदमा नियुक्ति

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले सम्माननीय राष्ट्रपतिलाई कानूनी विषयमा सुझाव र सल्लाह दिन रिमुवा, गुल्मीका श्री ललितबहादुर बस्नेतलाई नेपाल सरकारको राज्यमन्त्री सरहको पारिश्रमिक र सुविधा पाउने गरी विशेषज्ञ पदमा मिति २०७२ श्रावण १ गते देखि लागू हुने गरी नियुक्त गर्नुभयो । श्री बस्नेत त्यसअघि राष्ट्रपतिका स्वकीय सचिवको रुपमा कार्यरत हुनुहुन्थ्यो ।

## १०.११ का.मु.प्रधानसेनापति तोकिएको

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले मिति २०७२ श्रावण २४ गते आइतबारका दिन सैनिक ऐन, २०६३ को दफा ८ (३) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा नेपाली सेनाका बलाधिकृत नं.१९३० रथी श्री राजेन्द्र क्षत्रीलाई मिति २०७२।०४।२६ देखि लागु हुने गरी नेपाली सेनाको कायम मुकायम प्रधानसेनापति भई कार्यसञ्चालन गर्न तोक्नु भएको थियो ।

## १०.१२ प्रधान सेनापतिको नियुक्ति तथा शपथ ग्रहण

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले मिति २०७२ साल भाद्र २४ गते बिहिबारका दिन राष्ट्रपति भवन शीतल निवासमा आयोजित एक समारोहमा नेपाली सेनाका महारथी श्री राजेन्द्र क्षत्रीलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४४ को उपधारा (२) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा नेपाली सेनाको प्रधान सेनापति पदमा नियुक्ति गर्नुभई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभयो ।



## १०.१३ प्रधानमन्त्रीको शपथ

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले मिति २०७२ असोज २५ गते सोमबारका दिन राष्ट्रपति भवन शीतल निवासमा आयोजित विशेष समारोहमा नवनिर्वाचित सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीलाई नेपालको संविधानको धारा ८० बमोजिम प्रधानमन्त्री पदको पद तथा गोपनीयताको शपथग्रहण गराउनुभयो ।



## १०.१४ उपप्रधानमन्त्रीद्वयको शपथ

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले मिति २०७२ असोज २५ गते सोमबारका दिन राष्ट्रपति भवन शीतल निवासमा आयोजित विशेष समारोहमा नवनियुक्त माननीय उपप्रधानमन्त्रीद्वय श्री विजयकुमार गच्छदार र श्री कमल थापालाई नेपालको संविधानको धारा ८० बमोजिम उपप्रधानमन्त्री पदको पद तथा गोपनीयताको शपथग्रहण गराउनुभयो ।



## १०.१५ मन्त्रीहरूको शपथ

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले मिति २०७२ असोज २५ गते सोमबारका दिन राष्ट्रपति भवन शीतल निवासमा आयोजित विशेष समारोहमा नवनियुक्त माननीय मन्त्रीहरू श्री अग्निप्रसाद खरेल, श्री सोमप्रसाद पाण्डेय, श्री सत्यनारायण मण्डल, श्री हरिबोल गजुरेल र श्री रामकुमार सुब्बालाई नेपालको संविधानको धारा ८० बमोजिम मन्त्री पदको पद तथा गोपनीयताको शपथग्रहण गराउनुभयो ।



## १०.१६ महान्यायाधिवक्ता पदमा नियुक्ति

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले मिति २०७२ असोज २८ गते बिहीबार सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा नेपालको संविधानको धारा १५७ को उपधारा (२) बमोजिम माम्खा-१, ओखलढुङ्गा निवासी श्री हरिकृष्ण कार्कीलाई नेपालको महान्यायाधिवक्ता पदमा नियुक्ति गरी सोही दिन शीतल निवासमा आयोजित एक समारोहमा का.मु. प्रधान न्यायाधीश श्री गिरीशचन्द्र लालज्यूबाट नवनियुक्त महान्यायाधिवक्तालाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभयो।



## १०.१७ सभामुखको शपथ

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले मिति २०७२ कात्तिक १ गते आइतबारका दिन राष्ट्रपति भवन शीतल निवासमा आयोजित विशेष समारोहमा नवनिर्वाचित सम्माननीय सभामुख श्री ओनसरी घर्तीलाई व्यवस्थापिका-संसदको अन्तरिम कार्यविधि, २०७२ को दफा ६ (९) बमोजिम सभामुख पदको पद तथा गोपनीयताको शपथग्रहण गराउनुभयो ।



## १०.१८ उपप्रधानमन्त्रीको शपथ

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले मिति २०७२ कात्तिक १ गते आइतबारका दिन राष्ट्रपति भवन शीतलनिवासमा आयोजित विशेष समारोहमा नवनियुक्त माननीय उपप्रधानमन्त्री श्री टोपबहादुर रायमाझीलाई नेपालको संविधानको धारा ८० बमोजिम उपप्रधानमन्त्री पदको पद तथा गोपनीयताको शपथग्रहण गराउनुभयो ।



## १०.१९ मन्त्रीहरूको शपथ

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले मिति २०७२ कात्तिक गते आइतबारका दिन राष्ट्रपति भवन शीतल निवासमा आयोजित विशेष समारोहमा नवनियुक्त माननीय मन्त्रीहरू श्री गिरिराजमणि पोखरेल, श्री अग्निप्रसाद सापकोटा, श्री शक्तिबहादुर बस्नेत, श्री रामजनम चौधरी र श्री रेखा शर्मालाई नेपालको संविधानको धारा ८० बमोजिम मन्त्री पदको पद तथा गोपनीयताको शपथग्रहण गराउनुभयो ।



## १०.२० राष्ट्रपतिको शपथ

नवनिर्वाचित सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले मिति २०७२ कात्तिक १२ गते बिहीबारका दिन राष्ट्रपति भवन शीतल निवासमा आयोजित विशेष समारोहमा नेपालको संविधानको धारा ७१ बमोजिम सम्माननीय प्रधान न्यायाधीश श्री कल्याण श्रेष्ठसमक्ष राष्ट्रपति पदको पद तथा गोपनीयताको शपथग्रहण गर्नुभई सोही दिनदेखि राष्ट्रपति पदको कार्यभार सम्हाल्नुभयो ।





## ११. विभिन्न संवैधानिक निकायका वार्षिक प्रतिवेदन ग्रहण

### ११.१ लोकसेवा आयोगको पचपन्नौं बार्षिक प्रतिवेदन ग्रहण

सम्माननीय राष्ट्रपति डा. राम वरण यादव समक्ष लोक सेवा आयोगका अध्यक्ष डा. कयोदेवी यमीले वि.स. २०७१ असोज ३१ गते राष्ट्रपति भवन, शीतल निवासमा एक समारोहकाबीच नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२७ उपधारा (१) बमोजिम लोकसेवा आयोगको आ.व. २०७०/७१ को (पचपन्नौं) वार्षिक प्रतिवेदन पेश गर्नुभयो।उक्त अवसरमा सम्माननीय राष्ट्रपतिज्यूले निजामती सेवा प्रवेशको परीक्षा एवम् अन्य कार्यहरू निष्पक्ष तवरले सञ्चालन गर्न सफल भएकोमा आयोग पदाधिकारीहरूलाई हार्दिक धन्यवाद दिनुभयो।



### ११.२ राष्ट्रिय मानवअधिकार आयोगको वार्षिक प्रतिवेदन ग्रहण

सम्माननीय राष्ट्रपति डा. रामवरण यादव समक्ष राष्ट्रिय मानवअधिकार आयोगका माननीय अध्यक्ष अनुपराज शर्माले वि.स. २०७१ साल मंसिर १९ गते राष्ट्रपति भवन, शीतल निवासमा एक समारोहका बीच नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३३ को उपधारा (१) बमोजिम राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन (२०७०/२०७१) पेश गर्नुभयो । सो अवसरमा सम्माननीय राष्ट्रपतिज्यूले स्वच्छ, निष्पक्ष, इमानदार र लगनशील भई काम गरेकोमा राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।



## ११.३ अख्तियार दुरूपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन ग्रहण

सम्माननीय राष्ट्रपति डा. रामवरण यादव समक्ष माननीय प्रमुख आयुक्त श्री लोकमानसिंह कार्कीले वि.स. २०७१ साल माघ १३ गतेका दिन राष्ट्रपति भवन, शीतल निवासमा एक समारोहकाबीच नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२१ को उपधारा (१) बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगको २४ औं बार्षिक प्रतिवेदन (२०७०/२०७१) पेश गर्नुभयो । सो अवसरमा सम्माननीय राष्ट्रपतिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारका विरुद्धमा देखाएको सक्रियता एवम् तदारुकताको सराहना गर्नुहुदै आयोगसँग सम्वद्ध सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।



## ११.४ महान्यायाधिवक्ता कार्यालयको बार्षिक प्रतिवेदन ग्रहण

सम्माननीय राष्ट्रपति डा. रामवरण यादव समक्ष माननीय महान्यायाधिवक्ता श्री बाबुराम कुँवरले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३६ उपधारा (१) बमोजिम वि.सं. २०७१ साल माघ १४ गतेका दिन महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन (०७०/२०७१) पेश गर्नुभयो । सो अवसरमा सम्माननीय राष्ट्रपतिले स्वच्छ, निष्पक्ष, इमानदार र लगनशील भई काम गरेकोमा महान्यायाधिवक्ताको कार्यालयका सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो।



## ११.५ सर्वोच्च अदालतको बार्षिक प्रतिवेदन ग्रहण

सम्माननीय राष्ट्रपति डा. रामवरण यादव समक्ष सम्माननीय प्रधानन्यायाधीश श्री रामकुमार प्रसाद शाहले वि.सं. २०७१ साल माघ २९ गतेका दिन नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११७ बमोजिम सर्वोच्च अदालतको बार्षिक प्रतिवेदन (२०७०/२०७१) राष्ट्रपति भवन, शीतल निवासमा एक समारोहकाबीच प्रस्तुत गर्नुभयो। सो अवसरमा सम्माननीय राष्ट्रपतिले सर्वोच्च अदालतले स्वच्छ र निष्पक्ष न्याय सम्पादनमा खेलेको भूमिकाको लागि अदालत परिवारलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो।



## ११.६ महालेखापरीक्षकको कार्यालयको बार्षिक प्रतिवेदन ग्रहण

सम्माननीय राष्ट्रपति डा. रामवरण यादव समक्ष माननीय महालेखापरीक्षक श्री भानुप्रसाद आचार्यले वि.स. २०७१ साल चैत्र २९ गतेका दिन राष्ट्रपति भवन, शीतल निवासमा आयोजित एक समारोहका बीच नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२४ को उपधारा (१) बमोजिम महालेखापरीक्षकको कार्यालयको ५२ औं प्रतिवेदन (२०७०/२०७१) पेश गर्नुभयो । सो अवसरमा सम्माननीय राष्ट्रपतिले लेखाप्रणालीलाई अद्यावधिक गर्न महालेखापरीक्षकको कार्यालयले खेलेको भूमिकाको प्रशंसा गर्नुभयो ।



## ११.७ लोक सेवा आयोगको छपन्नौं बार्षिक प्रतिवेदन ग्रहण

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवसमक्ष मिति २०७२ असोज २८ गते बिहीबार लोक सेवा आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनालीले नेपालको संविधानको धारा २९४ बमोजिम आयोगको (छपन्नौं) वार्षिक प्रतिवेदन पेश गर्नुभयो । उक्त अवसरमा सम्माननीय राष्ट्रपतिले निजामती सेवा प्रवेशको परीक्षा एवम् अन्य कार्यहरू निष्पक्ष तवरले सञ्चालन गर्न सफल भएकोमा आयोग पदाधिकारीहरूलाई हार्दिक धन्यवाद दिनुभयो ।



## १२. अध्यादेश तथा विधेयक प्रमाणीकरण

मिति २०७१ साउनदेखि २०७२ कात्तिक १२ गतेसम्मको सम्माननीय राष्ट्रपतिबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८७ र नेपालको संविधानको धारा ११३ बमोजिम प्रमाणीकरण भएका विधेयकहरू र नेपालको अन्तरिम संविधानको धारा ८८ को उपधारा (१) बमोजिम जारी भएका अध्यादेशहरूको विवरण देहायबमोजिम उल्लेख गरिएको छ :-

| क्र.सं. | विधेयक/अध्यादेश | जारी/प्रमाणीकरण मिति |
|---|---|---|
| १. | विनियोजन विधेयक, २०७१ | २०७१/७/५ |
| २. | आर्थिक विधेयक, २०७१ | २०७१/७/५ |
| ३. | राष्ट्र ऋण उठाउने विधेयक, २०७१ | २०७१/७/५ |
| ४. | ऋण तथा जमानत (बीसौं संशोधन) विधेयक, २०७१ | २०७१/७/५ |
| ५. | कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) विधेयक, २०७१ | २०७१/८/५ |
| ६. | सार्वजनिक खरिद (पहिलो संशोधन) अध्यादेश, २०७१ | २०७१/१२/२९ |
| ७. | सहकारी (दोस्रो संशोधन) अध्यादेश, २०७१ | २०७१/१२/२९ |
| ८. | भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी अध्यादेश, २०७२ | २०७२/३/७ |
| ९. | निजामती सेवा ऐन (चौथो संशोधन) विधेयक, २०७२ | २०७२/३/२९ |
| १०. | पेश्की खर्च विधेयक, २०७२ | २०७२/३/३१ |
| ११. | बोक्सीको आरोप (कसूर र सजाय) विधेयक, २०७२ | २०७२/४/१८ |
| १२. | राष्ट्रिय युवा परिषद् विधेयक, २०७२ | २०७२/४/२७ |
| १३. | विनियोजन विधेयक, २०७२ | २०७२/०६/१४ |
| १४. | आर्थिक विधेयक, २०७२ | २०७२/०६/१४ |
| १५. | राष्ट्र ऋण उठाउने विधेयक, २०७२ | २०७२/०६/१४ |
| १६. | लैङ्गिक समानता कायम गर्ने तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ | २०७२/०६/१४ |
| १७. | केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२ | २०७२/०६/१४ |
| १८. | भूमि सम्बन्धी (छैठौं संशोधन) ऐन, २०७२ | २०७२/०६/१४ |

# १३. राजदूतहरूको ओहदाको प्रमाणपत्र ग्रहण/राजदूत नियुक्ति र विदेशी राजदूतहरूको लागि सहमति प्रदान

## १३.१ राजदूतहरूको ओहदाको प्रमाणपत्र ग्रहण

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले नेपालसँग दौत्य सम्बन्ध कायम भएका विभिन्न देशहरूबाट नेपालका लागि आवासीय/गैरआवासीय राजदूत पदमा नियुक्त भएका देहायका महानुभावहरूबाट देहायको मितिमा राष्ट्रपति भवन शीतल निवासमा आयोजित समारोहमा पेश भएका आवासीय/गैर आवासीय राजदूत पदको ओहदाको प्रमाणपत्र ग्रहण गर्नुभयो ।

| क्र.सं. | राजदूतहरुको नाम | देश | प्रकार | प्राप्त मिति |
|---|---|---|---|---|
| १. | H.E. Mr. Yaron Mayer | Israel | आवासीय | २०७१/५/१९ |
| २. | H.E. Mr. Matthias Meyer | Germany | आवासीय | २०७१/५/१९ |
| ३. | H.E. Mr. Vitaly A. Prima | Belarus | गैरआवासीय | २०७१/५/१९ |
| ४. | H.E. Mr. Zigmund Bertok | Slovak | गैरआवासीय | २०७१/५/१९ |
| ५. | H.E. Mr. Grahjame Morton | New Zealand | गैरआवासीय | २०७१/६/३० |
| ६. | H.E. Ms. Monica Lanzetta Mutis | Colombia | गैरआवासीय | २०७१/६/३० |
| ७. | H.E. Mr. Tomasz Lukaszuk | Poland | गैरआवासीय | २०७१/६/३० |
| ८. | H.E. Ms. Maria Teresa Mesqulta Pessoa | Brazil | आवासीय | २०७१/१२/२ |
| ९. | H.E. Mr. Vutti Vuttisant | Thailand | आवासीय | २०७१/१२/२ |
| १०. | Mr. Ahmad Tahsin Ahmad Berwari | Iraq | गैरआवासीय | २०७१/१२/२ |
| ११. | H.E. Mr. Lalmonas Lalat Kelpsa | Lithuania | गैरआवासीय | २०७१/१२/२ |
| १२. | H.E. Dr. Sabit Subasic | Bosnia and Herzegovina | गैरआवासीय | २०७१/१२/२ |
| १३. | H.E. Mr. Levan Nijaradze | Georgia | गैरआवासीय | २०७२/४/७ |
| १४. | H.E. Mr. Hassan Mahmoud Mohannad Al-Jawarneh | Jordan | गैरआवासीय | २०७२/४/७ |
| १५. | H.E. Mr. Ton Sinh Thanh | Vietnam | गैरआवासीय | २०७२/४/७ |
| १६. | H.E. Mr. Jurma Suvanto | Finland | आवासीय | २०७२/५/१६ |
| १७. | H.E. Mr. Southam Sokonhninhom | Laos | गैरआवासीय | २०७२/५/१६ |
| १८. | H.E. Ms. MA. Teresita C. Daza | Filipines | गैरआवासीय | २०७२/५/१६ |
| १९. | H.E. Mr. Tareq Mubarak Bin Daineh | Bahrain | गैरआवासीय | २०७२/५/१६ |
| २०. | H.E. Mr. Nadir Patel | Canada | गैरआवासीय | २०७२/५/१६ |
| २१. | H.E. Mr. Enzo Angeloni | Italy | गैरआवासीय | २०७२/५/१६ |
| २२. | H.E. Ms. Alaina B. Teplitz | USA | आवासीय | २०७२/६/२० |
| २३. | H.E. Mr. D. Raul Lgnacio Guastavino | Argentina | गैरआवासीय | २०७२/६/२० |
| २४. | H.E. Ms. Gennet Zewide Biru | Ethiopia | गैरआवासीय | २०७२/६/२० |

## १३.२ राजदूत नियुक्तिका लागि स्वीकृति प्रदान

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले नेपालसँग दौत्य सम्बन्ध कायम भएका विभिन्न देशहरूबाट नेपालका लागि आवासीय/गैरआवासीय राजदूत पदमा नियुक्ति गर्न विभिन्न महानुभावहरूको नाम प्रस्ताव भई आए बमोजिम देहायका महानुभावहरूलाई आवासीय/गैरआवासीय राजदूत पदमा नियुक्ति गर्न स्वीकृति प्रदान गर्नुभयो ।

| क्र.सं. | राजदूतहरुको नाम | देश | प्रकार | प्राप्त मिति |
|---|---|---|---|---|
| १. | H.E. Mr. Metthias Meyer | जर्मनी | आवासीय | २०७१/४/२ |
| २. | H.E. Dr. Sabit Subasic | वोस्निया हर्जगोभिना | गैरआवासीय | २०७१/५/१८ |
| ३. | H.E. Mr. John Joseph Aquilina | माल्टा | गैरआवासीय | २०७१/५/१८ |
| ४. | H.E. Mr. Petko Kolev Doykov | वुल्गेरिया | गैरआवासीय | २०७१/७/१९ |
| ५. | H.E. Mr. Nadir Patel | क्यानाडा | गैरआवासीय | २०७१/७/१९ |
| ६. | H.E. Mr. Southam Sakonninhom | लाओस | गैरआवासीय | २०७१/७/१९ |

| | | | | |
|---|---|---|---|---|
| ७. | H.E. Mr. Sheikh Hamed Bin Saif Bin Abdul Aziz Al-Rawahi | ओमन | गैरआवासीय | २०७१/७/१९ |
| ८. | H.E. Mr. Hassan Mahmoud Mohammad Al-Jawareneh | जोर्डन | गैरआवासीय | २०७१/८/२५ |
| ९. | H.E. Mr. Jan Luykx | वेल्जियम | गैरआवासीय | २०७१/९/२२ |
| १०. | H.E. Mr. Vutti Vuttisan | थाइल्याण्ड | आवासीय | २०७१/१०/२ |
| ११. | H.E. Mr. Levan Nizharadze | जर्जिया | गैरआवासीय | २०७१/१०/२ |
| १२. | H.E. Mr. Lerenzo Angeloni | इटली | गैरआवासीय | २०७१/१०/२ |
| १३. | H.E. Mr. Thorir Ibsen | आइसल्याण्ड | गैरआवासीय | २०७१/१०/२ |
| १४. | H.E. Mr. Amir Muharemi | क्रोयसिया | गैरआवासीय | २०७१/१०/२ |
| १५. | H.E. Mr. Andres Augusto Barbe Gonzales | चिली | गैरआवासीय | २०७१/१०/२ |
| १६. | H.E. Mr. Mentor Patricio Villagomez Merino | इक्वेडर | गैरआवासीय | २०७१/१०/२१ |
| १७. | H.E. Mr. Tariq Mubarak Bin Daineh | बहराइन | गैरआवासीय | २०७१/१०/२१ |
| १८. | H.E. Mr. Szilveszter BUS | हंगेरी | गैरआवासीय | २०७१/१२/५ |
| १९. | H.E. Mr. Hamza YAHIA-CHERIF | अल्जेरिया | गैरआवासीय | २०७१/१२/५ |
| २०. | H.E. Mr. Jorma Suvanto | फिनल्याण्ड | आवासीय | २०७१/१२/५ |
| २१. | H.E. Mrs. Melba Pria Olavarriet | मेक्सिको | गैरआवासीय | २०७१/१२/५ |
| २२. | H.E. Ms. Alaina B. Teplitz | सयुक्त राज्य अमेरिका | आवासीय | २०७१/१२/८ |
| २३. | H.E. Mrs. Samargiul Adamkulova | किर्गिज रिपब्लिक | गैरआवासीय | २०७२/४/१८ |
| २४. | H.E. Ms. Gennet Zewide Biru | इथियोपिया | गैरआवासीय | २०७२/४/१८ |
| २५. | H.E. MA. Teresita C. Daza | फिलिपिन्स | गैरआवासीय | २०७२/४/१८ |
| २६. | H.E. Mr. Demetrios A. Theophylactou | साइप्रस | गैरआवासीय | २०७२/४/१८ |
| २७. | H.E. Mr. Ulwin Oo | म्यानमार | आवासीय | २०७२/५/१८ |
| २८. | H.E. Mr. Andrey S. Budnik | रुस | आवासीय | २०७२/५/१८ |
| २९. | H.E. Mr. Ahmed Saleem | माल्दिभ्स | गैरआवासीय | २०७२/५/१८ |
| ३०. | H.E. Mr. Panos Kalogeropoulos | ग्रीस | गैरआवासीय | २०७२/५/१८ |
| ३१. | H.E. Mr. Maxwell Ranga | जिम्वावे | गैरआवासीय | २०७२/५/३१ |
| ३२. | H.E. Mr. Vladimir Maric | सर्विया | गैरआवासीय | २०७२/५/३१ |
| ३३. | H.E. Mr. Richard Morris | बेलायत | आवासीय | २०७२/६/१४ |

## १३.३ नेपाली राजदूत नियुक्ति

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवबाट विभिन्न देशका लागि रिक्त नेपाली राजदूत पदमा देहायका महानुभावहरूलाई देहायको मितिमा नियुक्ति गरी जिम्मेवारी प्रदान भयो ।

| क्र.सं. | नामथर | राजदूत नियुक्ति (प्रमाणीकरण) | | सहप्रमाणीकरण भएको | |
|---|---|---|---|---|---|
| | | मिति | देश | मिति | देश |
| १. | श्री दुर्गाप्रसाद भट्टराई | २०७०/४/१ | संयुक्त राष्ट्र संघका लागि नेपालको स्थायी नियोग, न्यूयोर्कको स्थायी प्रतिनिधि | २०७१/३/३२ | वोलिभारिएन गणतन्त्र भेनेजुयला र पेरु |
| | | | | २०७१/९/३ | ईक्वेडर |
| २. | श्री दिपक धिताल | २०७१/६/२७ | संयुक्त राष्ट्र संघका लागि नेपालको स्थायी नियोग, जेनेभाको स्थायी प्रतिनिधि | | |
| | | २०७१/१०/२० | स्वीट्जरल्याण्ड | २०७२।४।१५ | ईटाली |
| ३. | श्री यज्ञबहादुर हमाल | २०७१।०८।१५ | कुवेत | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | श्री अम्बिकादेवी लुईटेल | २०७१।०८।१५ | गणतन्त्र फ्रान्स | २०७१।१२।२५ | ग्रीस र स्पेन |
| | | | | २०७२।०५।२४ | पोर्चुगल |
| ५. | श्री अमृतबहादुर राई | २०७१।०८।१५ | दक्षिण अफ्रिका | २०७२।४।२१ | गणतन्त्र वोत्सवाना |
| | | | | २०७२।०५।१० | केन्या |
| ६. | श्री काली प्रसाद पोखरेल | २०७१।८।१९ | क्यानडा | २०७२।०३।०४ | क्यूवा |
| ७. | श्री खगनाथ अधिकारी | २०७१।०९।०३ | थाइल्याण्ड | २०७२।०२।२८ | कम्बोडिया र सिंगापुर |
| | | | | २०७२।०३।१४ | प्रजातान्त्रिक जनगणतन्त्र लाओस |
| | | | | २०७२।०६।१४ | ब्रुनाई दारुसलाम |
| ८. | डा. निरञ्जनमान सिंह बस्न्यात | २०७०।०६।२२ | मलेसिया | २०७१।१०।२० | इन्डोनेसिया |
| ९. | श्री दीपकुमार उपाध्याय | २०७१।१२।२३ | गणतन्त्र भारत | २०७२।०३।२७ | भुटान |
| १०. | डा. अर्जुनकुमार कार्की | २०७१।१२।२३ | संयुक्त राज्य अमेरिका | २०७२।०४।२१ | कोलम्बिया, होण्डुरस र ग्वाटेमाला |
| | | | | २०७२।०५।१० | गुयना |
| | | | | २०७२।०६।०१ | मेक्सिको र निकारागुवा |

## १३.४ कुटनीतिक भेटघाट

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवबाट यस अवधिमा भएको कुटनीतिक भेटघाटको विवरण देहायमा उल्लेख गरिएको छ :-

| क्र.सं. | मिति | प्रकार | विभिन्न गतिविधिहरु |
|---|---|---|---|
| १. | २०७१/१/२४ | शिष्टाचार भेट | Ms.Poonam Kshetrapal, Regional Director, WHO South East Asia Region |
| | | ओहदाको प्रमाणपत्र ग्रहण | नेपालका लागि गणतन्त्र कोरियाको राजदूत Mr. Choe Yong-Jin र अरब रिपब्लिक इजिप्टका राजदूत Mr.Baher Nabel Abdel Fat-tah Helmy र सिंगापरका गैरआवासीय राजदूतबाट ओहदाको प्रमाणपत्र ग्रहण । |
| २. | २०७१/१/२५ | शिष्टाचार भेट | जापानका Parliamentary Vice Minister, Mr. seji Kihara बाट भेट । |
| ३. | २०७१/२/३१ | विदाइ भेट | नेपालका लागि इजरायलका आवासीय राजदूत H.E.Hanan Goder-Goldberger बाट विदाइ भेट । |
| ४. | २०७१/३/३ | विदाइ भेट | नेपालका लागि क्यानडाका गैरआवसीय राजदूत H.E.Stewart Beck बाट विदाइ भेट । |
| ५. | २०७१/३/१३ | | नेपालका लागि सघीय गणतन्त्र जर्मनीका आवासीय राजदूत H.E.Grank Meyke बाट विदाइ भेट । |
| ६. | २०७१/३/२७ | विदाइ भेट | नेपालका लागि भेनेजुएलाका गैरआवासीय राजदूत H.E.Mrs.Milena Santana- Remirez बाट विदाइ भेट । |
| ७. | २०७१/४/५ | शिष्टाचार भेट | Mr. Herve Ladsous UN Under Secretary General for Peacekeeping Opera-tions बाट भेट . |
| ८. | २०७१/४/१० | शिष्टाचार भेट | भारतका विदेश मन्त्री श्रीमती सुष्मा स्वराज बाट भेट । |
| ९. | २०७१/४/१९ | शिष्टाचार भेट | भारतका प्रधानमन्त्री श्री नरेन्द्र मोदीबाट भेट । |
| १०. | २०७१/५/१५ | ओहदाको प्रमााणपत्र ग्रहण | नेपालका लागि इजरायल र जर्मनीका आवासीय राजदूतहरु क्रमशः Mr.Yaron Mayer र Mr. Matthias Meyer तथा वेलारुस र स्लोभाक रिपब्लिकका गैरआवासीय राजदूतहरु क्रमशः Mr.Vitaly A. Prima र Mr.Zigmung Bertok बाट ओहदाको प्रमाणपत्र ग्रहण । |
| ११. | २०७१/५/३० | शिष्टाचार भेट | Mr. Sir JOhn Stanley, Leader of the delegation of British Inter-Parliamenta-ry Union (BGIPU) संग भेट साथमा नेपालका लागि वेलायतका राजदूत । |
| १२. | २०७१/६/३ | शिष्टाचार भेट | भारतका गृहमन्त्री श्री राजनाथ सिंहबाट भेट । |
| १३. | २०७१/६/३ | शिष्टाचार भेट | नेपालका लागि अमेरिकाका राजदूत Mr.P.W. Bodde बाट भेट । |
| १४. | २०७१/६/३० | ओहदाको प्रमाणपत्र ग्रहण | नेपालका लागि न्यूजिल्याण्ड, पोल्याण्ड र कोलम्वियाका गैरआवासीय राजदूतहरु क्रमशः Mr.Grahane Morton, Mr. Tomasz Likazuk र Ms.Monica Lanzetta Mutis बाट ओहदाको प्रमाणपत्र ग्रहण । |
| १५. | २०७१/७/२ | शिष्टाचार भेट | यूरोपेली यूनियनका आयुक्त Mr.Andris Piebalgs बाट भेट । |
| १६. | २०७१/७/११ | शिष्टाचार भेट | इटालीका विदेश राज्य मन्त्री H.E.Mr Benedetto Della Vedova बाट भेट । |

| | | | |
|---|---|---|---|
| १७. | २०७१/७/१६ | शिष्टाचार भेट | Mr. Yosuke Tsuruho, Director General of Nepal-Japan Parliamentary Association बाट भेट । |
| १८. | २०७१/७/२५ | शिष्टाचार भेट | भारतका सडक, पारवहन तथा राजमार्ग मन्त्री माननीय श्री नितिन गडकरीबाट भेट । |
| १९. | २०७१/७/२६ | शिष्टाचार भेट | ब्रिगेड अफ गोर्खाका Coloneal Commandant एवम् Gurkha Welfare Trust का अध्यक्ष General sir Peter Wall GCB CBE बाट भेट । |
| २०. | २०७१/८/९ | शिष्टाचार भेट | अफगानिस्तानका प्रधानमन्त्री मोहम्मद असरफ घानीबाट भेट |
| | | | भारतका प्रधानमन्त्री श्री नरेन्द्र मोदीबाट भेट । |
| २१. | २०७१/८/११ | शिष्टाचार भेट | सार्क सदस्य राष्ट्का राष्ट्राध्यक्ष तथा सरकार प्रमुखहरुबाट भेट । |
| २२. | २०७१/९/११ | शिष्टाचार भेट | चीनका परराष्ट्रमन्त्री Mr.Wang Yie बाट भेट । |
| २३. | २०७१/९/३० | शिष्टाचार भेट | संयुक्त राष्ट संघका उपमहासचिव Mr.Jeffery Feltman बाट भेट । |
| २४. | २०७१/१०/२ | शिष्टाचार भेट | क्यानडाका Parliamentary Secretary to the Minister for Foreign Affairs, Mr. Deepak Obhrai बाट भेट । |
| २५. | २०७१/१०/१५ | शिष्टाचार भेट | नेपालका लागि अमेरिकाका राजदूत Mr. P.W.Bodde बाट भेट । |
| २६. | २०७१/१०/२६ | बिदाइ भेट | नेपालका लागि थाइल्याण्डका आवासीय राजदूत H.E.Mrs.Kanthong Unakul बाट भेट । |
| २७. | २०७१/११/३ | बिदाइ भेट | नेपालका लागि इटालीका गैरआवासीय राजदूत H.E. Mr Daniele Mancini बाट भेट । |
| २८. | २०७१/११/४ | बिदाइ भेट | नेपालका लागि टर्कीका गैरआवासीय राजदूत H.E. Mr. Burak Akcapar बाट भेट । |
| २९. | २०७१/११/६ | बिदाइ भेट | नेपालका लागि नाइजेरियाका गैरआवासीय राजदूत H.E.Mr. Ndubuisi V. Amaku बाट भेट । |
| ३०. | २०७१/११/३० | बिदाइ भेट | नेपालका लागि वेलायतका आवासीय राजदूत H.E.Mr.Andrew James Sparkes बाट भेट । |
| ३१. | २०७१/१२/२ | ओहदाको प्रमाणपत्र ग्रहण | नेपालका लागि ब्राजिल र थाइल्याण्डका आवासीय राजदूतहरु क्रमशः Ms. Maria Teresa Mesqulta Pessoa र Mr. Vutti Vuttisant तथा इराक, लिथुआनिया र बोस्निया तथा हर्ज गोबिनाका गैरआवासीय राजदूतहरु क्रमशः Mr.Ahmad Tahsin Ahmed Berwari, Mr. Lalmonas Talat- Kelpsa र Sabit Subasic बाट ओहदाको प्रमाणपत्र ग्रहण । |
| ३२. | २०७१/१२/२ | चीन भ्रमण | चीनको हाइनान प्रान्तको बोआओ शहरमा सम्पन्न हुने Boao Forum for Asia Annual Conference मा भाग लिन चीन प्रस्थान |
| ३३. | २०७१/१२/१८ | स्वदेश फिर्ता | Boao Forum for Asia Annual Conference मा भाग लिइ स्वदेश फिर्ता । |
| ३४. | २०७१/१२/२३ | शिष्टाचार भेट | कतारका श्रम तथा सामाजिक मामिला मन्त्री H.E.Dr. Abdullah bin Salih Al-Khulaifi बाट भेट । |
| ३५. | २०७१/१२/२६ | शिष्टाचार भेट | Ms. Jean Lamber, Member of the European Parliament and Chair of the European Parliament Delegation for Relations with South Asia बाट भेट । |
| ३६. | २०७२/२/२० | बिदाइ भेट | नेपालका लागि फिनल्याण्डका आवासीय राजदूत H.E.Mr.Asko Luukkainen बाट भेट । |
| ३७. | २०७२/३/९ | शिष्टाचार भेट | बंगलादेशका अर्थमन्त्री H.E.Abul Maal A. Muhith बाट भेट । |
| | | | चीनका परराष्ट्र मन्त्री H.E. Wang Yi बाट भेट । |
| ३८. | २०७२/३/१० | शिष्टाचार भेट | भारतका विदेश मन्त्री H.E. Sushma Swaraj बाट भेट । |
| ३९. | २०७२/३/२८ | बिदाइ भेट | नेपालका लागि चेक गणतन्त्रका गैरआवासीय राजदूत H.E.Mr.Miloslav Stastek बाट भेट । |
| | | | नेपालका लागि क्युवाका गैरआवासीय राजदूत H.E.Mr.Abelardo Rafael Cueto Sosa बाट भेट । |
| ४०. | २०७२/४/७ | ओहदाको प्रमाणपत्र ग्रहण | नेपालका लागि जजिया, जोर्डन र भियतनामका गैह्र आवासीय राजदूतहरु क्रमशः Mr. Levan Nijaradze, Mr. Hassan Mahmoud Mohammad Al-Hawarneh र Mr. Ton Sinh Thanh बाट ओहदाको प्रमाणपत्र ग्रहण |
| ४१. | २०७२/४/२२ | समवेदना सन्देश म्यानमार | म्यानमारमा गएको बाढी र पहिरोबाट भएको जनधनको क्षतिका सम्बन्धमा समवेदना सन्देश । |
| ४२. | २०७२/५/३ | शिष्टाचार भेट | भारतका अर्थ राज्यमन्त्री जयन्त सिन्हाबाट भेट । |
| ४३. | २०७२/५/७ | शिष्टाचार भेट | H.E. Mr. Dharmendra Pradhan, Minister of state for Petrolium and Natural Resources, India बाट भेट । |
| ४४ | २०७२/५/२१ | बिदाइ भेट | नेपालका लागि अमेरिकाका राजदूत H.E.Mr. Peter W. Bodde बाट भेट । |

## १४. अन्य विविध गतिविधिहरू

### १४.१ कैद माफी

सम्माननीय राष्ट्रपतिबाट २०७१ साल असोज १६ गते बिहीबारका दिन मन्त्रिपरिषद्को सिफारिसमा दुर्गा राई समेत ४६९ जना कैदीहरूको बाँकी कैद नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५१ बमोजिम माफी दिनुभयो ।

### १४.२ सम्माननीय उपराष्ट्रपतिलाई कार्यभार हस्तान्तरण

सम्माननीय राष्ट्रपतिबाट २०७१ साल चैत्र १२ गते बिहीबारका दिन मित्रराष्ट्र जनवादी गणतन्त्र चीन सरकारको मैत्रीपूर्ण निमन्त्रणामा चीनको हाईनान प्रान्तको बोआओमा आयोजना हुने Boao Forum for Asia (BFA) Annual Conference 2015 मा भाग लिन जाने सिलसिलामा चीनतर्फ प्रस्थान गर्नुपर्ने भएकोले राष्ट्रपतिज्यूले आफ्नो अनुपस्थितिमा नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम सम्माननीय उपराष्ट्पति परमानन्द झाले गर्ने गरी कार्यभार हस्तान्तरण गर्नुभयो।

### १४.३ समवेदना सन्देश

वि.स. २०७२ साल वैशाख ४ गते सम्माननीय राष्ट्रपति डा. रामवरण यादवज्यूले पूर्व प्रधानमन्त्री श्री सूर्यबहादुर थापाको दुःखद निधनबाट आफू दुखित भएको र दिवङ्गत आत्माको चीर शान्तिको कामना गर्दै समावेदना सन्देश दिनुभयो। उक्त शोक सन्देशमा सम्माननीयज्यूले पूर्व प्रधानमन्त्री थापाको निधनले सङ्क्रमणकालीन अवस्थाबाट गुज्रिरहेको हाम्रो देशले एक कुशल एवम् अनुभवी राजनीतिज्ञ गुमाएको र यस दुखद घडीमा शोक सन्तप्त परिवारजन र स्वजनहरूमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना सहित हार्दिक समवेदना व्यक्त गर्नुभयो।

### १४.४ जिम्मेवारी प्रदान

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले सम्माननीय प्रधानमन्त्री सुशील कोइराला असंलग्न राष्ट्रहरूको बैठकमा भाग लिने सिलसिलामा सम्वत् २०७२ साल बैशाख ७ गने सोमबार इन्डोनेसियाको जकार्तातर्फ प्रस्थान गर्नुहुने भएकोले प्रधानमन्त्रीको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्ने दैनिक प्रशासनिक कार्य नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम प्रधानमन्त्रीको सिफारिसमा माननीय उपप्रधानमन्त्री एवम् गृहमन्त्री श्री बामदेव गौतमले सम्हाल्ने गरी तोक्नुभयो ।

### १४.५ सेना परिचालन गर्न स्वीकृति

सम्माननीय राष्ट्रपतिज्यूले वि.स. २०७२ साल जेठ ६ गते बुधबार का दिन नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४४ को उपधारा (३) बमोजिम, मन्त्रिपरिषद्को सिफारिसमा, मिति २०७२ साल वैशाख १२ गते शनिबारदेखि प्राकृतिक विपद् परेको कारणले नेपाली सेनाको प्रयोग र परिचालन हुँदै आएकोमा बढीमा २०७२ साल असार मसान्तसम्म प्रयोग र परिचालन गर्न स्वीकृति प्रदान गर्नुभयो।

### १४.६ सजाय माफी

सम्माननीय राष्ट्रपतिज्यूले मिति २०७२ जेठ १५ गते नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा २०७२ सालको गणतन्त्र दिवसको अवसरमा जम्मा ५४१ जना कैदीको भुक्तान हुन बाँकी कैद सजाय नेपालको अन्तिरम संविधान, २०६३ को धारा १५१ बमोजिम माफी गर्नुभयो।

### १४.७ सजाय माफी

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले वि.स. २०७२ साल साउन ११ गते सोमबारका दिन नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५१ बमोजिम मन्त्रिपरिषदको सिफारिसमा विभिन्न जिल्ला अदालतहरूबाट २१ जना व्यक्तिहरूलाई भएको सजाय तथा जरिवाना एवम् भुक्तान हुन बाँकी सजाय तथा जरिवाना माफी गर्नुभयो।

### १४.८ सजाय माफी

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवबाट मिति २०७२ भदौ ३१ गते बिहीबारका दिन नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५१ बमोजिम मन्त्रीपरिषदको सिफारिसमा सप्तरी जिल्ला जोगिनीया गा.वि.स. वडा नं. ६ बस्ने गंगाप्रसाद यादव र मकवानपुर जिल्ला हाँडीखोला गा.वि.स. वडा नं. ६ बस्ने किरातकुमार बर्तौलाको सम्बन्धित जिल्ला अदालतमा लगत कायम रहेको बाँकी कैद सजाय र जरिवाना माफी गर्नुभयो ।

### १४.९ राजनीतिक सहमतिका आधारमा प्रधानमन्त्रीको निर्वाचन तथा मन्त्रिपरिषद गठनका लागि आव्हान

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवबाट मिति २०७२ असोज १५ गते शुक्रबारका दिन नेपालको संविधानको धारा २९८ को उपधारा (२) बमोजिम सात दिनभित्र राजनीतिक सहमतिका आधारमा प्रधानमन्त्रीको निर्वाचन सम्पन्न गरी निजको अध्यक्षमा मन्त्रिपरिषद्को गठन गर्नको लागि व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूलाई आव्हान भयो ।

## १४.१० बहुमतको आधारमा प्रधानमन्त्रीको निर्वाचन तथा मन्त्रिपरिषद गठनका लागि आव्हान

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवबाट मिति २०७२/०६/२२ गते शुक्रबारका दिन नेपालको संविधानको धारा २९८ को उपधारा (२) बमोजिम व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको सहमतिका आधारमा ७ (सात) दिनभित्र प्रधानमन्त्रीको निर्वाचन सम्पन्न गरी निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन गर्नको लागि व्यवस्थापिका- संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूलाई सम्वत् २०७२ साल असोज १५ गते शुक्रबारका दिन आव्हान गरिएकोमा उल्लेखित समयावधिभित्र राजनीतिक सहमतिको आधारमा प्रधानमन्त्रीको निर्वाचन सम्पन्न हुन नसकेकोले नेपालको संविधानको धारा २९८ को उपधारा (३) बमोजिम व्यवस्थापिका- संसदको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतको आधारमा प्रधानमन्त्रीको निर्वाचन सम्पन्न गर्ने प्रकृया अघि बढाउनको लागि आव्हान भयो ।

## १४.११ सचिवको पदबहाली

नेपाल सरकारको मिति २०७२/०६/२२ को निर्णय अनुसार सचिव पदमा बढुवा भई राष्ट्रपतिको कार्यालयमा पदस्थापन हुनुभएका श्री टेकप्रसाद ढुङ्गानाले मिति २०७२ असोज २४ गते आइतबारका दिन आफ्नो पद बहाली गर्नुभयो ।

## १४.१२ सम्माननीय प्रधानमन्त्री सुशील कोइरालाबाट राजीनामा पेश

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवसमक्ष मिति २०७२/०६/२३ गते शनिबारका दिन सम्माननीय प्रधानमन्त्री सुशील कोइरालाले सोही मितिदेखि लागू हुने गरी नेपालको संविधानको धारा २९८ बमोजिम प्रधानमन्त्री पदबाट लिखित राजीनामा दिनुभएकोले सोही धाराको उपधारा (१०) बमोजिम अर्को मन्त्रिपरिषद् गठन नभएसम्म सोही मन्त्रिपरिषद्ले कार्य संचालन गर्ने गरी तोक्नु भएको र उक्त मन्त्रिपरिषद्द्वारा आफ्नो कार्यकालमा सम्पादन गरि एका कार्यप्रति सम्माननीय राष्ट्रपतिद्वारा सम्माननीय प्रधानमन्त्री र मन्त्रिपरिषद्का सदस्यहरुप्रति धन्यवाद समेत व्यक्त भयो ।

## १४.१३ महान्यायाधिवक्ताको राजिनामा पेश

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवसमक्ष मिति २०७२ असोज २७ गते बुधबार सम्माननीय प्रधानमन्त्री मार्फत महान्यायाधिवक्ता श्री बाबुराम कुँवरले नेपालको संविधानको धारा १५७ को उपधारा (४) को खण्ड (क) बमोजिम मिति २०७२ असोज २५ गते देखि लागु हुने गरी महान्यायाधिवक्ता पदबाट लिखित राजीनामा दिनु भएकोमा उहाँले सो पदमा रही सम्पादन गर्नुभएको कार्यप्रति सम्माननीय राष्ट्रपतिबाट धन्यवाद समेत व्यक्त भयो ।

## १४.१४ निवर्तमान सम्माननीय राष्ट्रपति डा.रामवरण यादवको विदाइ समारोह २०७२

२०७२ साल कार्तिक १२ गते बिहिबारका दिन राष्ट्रपति भवन शीतल निवासमा सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीबाट आयोजित विशेष समारोहमा निवर्तमान सम्माननीय राष्ट्रपति डा. रामवरण यादवको बिदाइ गरियो ।

## राष्ट्रपतिको कार्यालयमा हाल कार्यरत राष्ट्रसेवक कर्मचारीहरूको विवरण

| क्र.सं. | पद | नाम | महाशाखा/शाखा | मोबाइल | इमेल |
|---|---|---|---|---|---|
| १. | सचिव | श्री टेकप्रसाद ढुङ्गाना | | ९८५११९६८५६ | dhunganajee71@gmail.com |
| २. | सहसचिव | श्री भूपेन्द्रप्रसाद पौड्याल | कानून महाशाखा | ९८४१३७६११४ | poudyalbhupendra@gmail.com |
| ३. | सहसचिव | श्री लोकप्रसाद आचार्य | व्यवस्थापन महाशाखा | ९८५१०२२३३५ | |
| ४. | सहसचिव | श्री शंकरप्रसाद सुवेदी | राष्ट्रपतिको निजी सचिवालय | ९८४१३४५५४२ | shankar.subedi99@gmail.com |
| ५. | सहसचिव | श्री चक्रबहादुर बुढा | अन्तर्राष्ट्रिय सम्बन्ध, सूचना तथा समन्वय महाशाखा | ९८४१२७८५९८ | chakra.budha@gmail.com |
| ६. | उपसचिव | श्री दामोदर संजेल | निजी सचिवालय शाखा | ९८४१४१३४१८ | damodarsanjel@yahoo.com |
| ७. | उपसचिव | श्री हरिप्रसाद दवाडी | प्रशासन शाखा | ९८५११७२१२१ | dhari2509@yahoo.com |
| ८. | उपसचिव | श्री विदुरचरण राय | आर्थिक प्रशासन शाखा | ९८४१३५९७४४ | bcr_01@hotmail.com |
| ९. | उपसचिव (परराष्ट्र) | श्री पुष्पराज भट्टराई | अन्तर्राष्ट्रिय सम्बन्ध शाखा | ९८४९०४८७३७ | prb6202@gmail.com |
| १०. | उपसचिव (कानून) | श्री रेशमराज सिग्देल | कानून शाखा | ९८४६०३८७४१ | reshamraj3@yahoo.com |
| ११. | उपसचिव | श्री ध्रुवराज आचार्य | सूचना समन्वय शाखा | ९८५११४५७४३ | dhruba_a@yahoo.com |
| १२. | शाखा अधिकृत | श्री भरतप्रसाद ढकाल | सूचना समन्वय शाखा | ९८४१६५८४८४ | |
| १३. | शाखा अधिकृत | श्री वैकुण्ठप्रसाद वगाले | अन्तर्राष्ट्रिय सम्बन्ध शाखा | ९८४३३६८३८८ | |
| १४. | ईन्जिनियर | श्री विनोद रञ्जित | प्रशासन शाखा | ९८५११२२०६८ | binod.ranjit@hotmail.com |
| १५. | शाखा अधिकृत | श्री दशरथ राई | प्रशासन शाखा | ९८४१५७३२५९ | dasharath123@gmail.com |
| १६. | शाखा अधिकृत | श्री नूरदेव मैनाली | स.निजी सचिवालय | ९८४१५१०५११ | noordev@hotmail.com |

| | | | | | |
|---|---|---|---|---|---|
| १७. | शाखा अधिकृत | श्री हरिकिशोर प्रसाद चन्द्रवंशी | निजी सचिवालय शाखा | ९८४९२०९४०३ | |
| १८. | कम्प्यूटर अधिकृत | श्री राधेश्याम अधिकारी | आर्थिक/प्रशासन शाखा | ९८४१४९२८९२ | rsashishu@yahoo.com |
| १९. | इलेक्ट्रीसियन (रा.प.तृ) | श्री रामकृष्ण नकर्मी | प्रशासन शाखा | ९८४१२३९७०३ | nakarmirk@hotmail.com |
| २०. | शाखा अधिकृत | श्री विश्वराज दाहाल | स्टोर शाखा | ९८५११५८२३३ | brd_gtr@hotmail.com |
| २१. | नायव सुब्बा | श्री दिलबहादुर बोगटी | प्रशासन शाखा | ९८६०५५६८८० | |
| २२. | लेखापाल | श्री महेशराज शर्मा | आर्थिक प्रशासन शाखा | ९८४१०४६४२३ | |
| २३. | नायव सुब्बा | श्री अनुप खनाल | सचिवज्यूको निजी सचिवालय | ९८४१२०६९८६ | anupkh123@gmail.com |
| २४. | नायव सुब्बा | श्री गायत्र श्रेष्ठ | प्रशासन शाखा | ९८४११५३९६८ | shresthagayatra@yahoo.com |
| २५. | कम्प्यूटर अपरेटर | श्री रमा महत (बस्नेत) | निजी सचिवालय शाखा | ९८४११९०२६६ | basnetr71@yahoo.com |
| २६. | कम्प्यूटर अपरेटर | श्री खडानन्द पौडेल | कानून शाखा | ९८४१६४७४८० | poudel.kp3@gmail.com |
| २७. | पुस्तकालय सहायक | श्री मन्दिरा चालिसे (सुवेदी) | सूचना समन्वय (पुस्तकालय शाखा) | ९८४१६४८५३२ | mandirachalise@yahoo.com |
| २८. | खरिदार | श्री सुदर्शन खनाल | प्रशासन शाखा | ९८४१४९६९२१ | khanalsudarshan@gmail.com |
| २९. | खरिदार | श्री नारायण महर्जन | प्रशासन शाखा | ९८४१३८०३९८ | narayanmar@yahoo.com |
| ३०. | खरिदार | श्री प्रकाश पौडेल | प्रशासन शाखा | ९८४९२५९६७१ | prakashpoudyal65@yahoo.com |
| ३१. | खरिदार | श्री जान्दवी ढकाल | प्रशासन शाखा | ९८४१५३७८१४ | |
| ३२. | स.क.अ. | श्री लक्ष्मण खरेल | सूचना समन्वय शाखा | ९८१३०८८०२८ | laxkrl555@gmail.com |
| ३३. | जुनियर इलेक्ट्रिसियन | श्री सुमनकुमार झा | प्रशासन शाखा | ९८०५९४९५४६ | sumansims2068@gmail.com |

## सम्माननीय राष्ट्रपति डा. रामवरण यादवका सल्लाहकारहरू


| क्र.सं. | पद | नाम र थर | फोन | ईमेल |
|---|---|---|---|---|
| १. | सल्लाहकार | श्री राजेन्द्रप्रसाद दाहाल | ०९५१०३१६५० | dahal_rajendra@yahoo.com |
| २. | सल्लाहकार | श्री सूर्य ढुङ्गेल | ९८५१०१२३२३ | dhungelsurya@gmail.com |
| ३. | सल्लाहकार | श्री हरि शर्मा | ९८०१०२५५७७ | juhang@gmail.com |
| ४. | सल्लाहकार | श्री शम्भु शरण कायस्थ | ९८५११०४६३० | |
| ५. | सल्लाहकार | श्री ललित बहादुर बस्नेत | ९८५१११०३९८ | lalit_gulmi@yahoo.com |

## सम्माननीय राष्ट्रपतिका स्वकीय सचिवालयका कर्मचारीहरू

| क्र.सं. | पद | नाम र थर |
|---|---|---|
| १. | सहसचिव | श्री गणेशप्रसाद ढकाल |
| २. | सहसचिव | श्री काशीराज आचार्य |
| ३. | उपसचिव | श्री समीर यादव |
| ४. | उपसचिव | श्री सुरेन्द्र खाती |
| ५. | शाखा अधिकृत | श्री अशोक कुमार यादव |
| ६. | शाखा अधिकृत | श्री सुदीप अधिकारी |
| ७. | टेलिफोन अपरेटर | श्री सञ्जय यादव |
| ८. | कम्प्यूटर अपरेटर | श्री श्यामकुमार यादव |
| ९. | कम्प्यूटर अपरेटर | श्री शिवराज मगर |
| १०. | फो.ग्रा. (रा.प.अनं. प्रथम प्रा.) | श्री किरण कुमार पन्थ |
| ११. | टे.अ. (रा.प.अनं. प्रथम प्रा.) | श्री पुरुषोत्तम यादव |
| १२. | परिचर | श्री दिपेशकुमार यादव |
| १३. | परिचर | श्री बिनु यादव |

| | | |
|---|---|---|
| १४. | परिचर | श्री लक्ष्मेश्वर यादव |
| १५. | भान्छे | श्री अत्रिकुमार यादव |
| १६. | भान्छे सहयोगी | श्री ललितकुमार मण्डल |
| १७. | नाउ | श्री राम भरोस यादव |
| १८. | धोवी | श्री समसुल साफी |
| १९. | मोची | श्री मोहन मण्डल |

## राष्ट्रपतिको कार्यालयको संगठन संरचना



# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिम प्रकाशन गरिएको विवरण

सूचना सार्वजनिक गर्ने निकायको नामः राष्ट्रपतिको कार्यालय, शीतल निवास, महाराजगञ्ज ।

सूचना सार्वजनिक गरेको अवधि : वि.स. २०७२ साल भाद्र १ देखि कात्तिक १२ गतेसम्म ।

१. राष्ट्रपतिको कार्यालयको स्वरुप र प्रकृति : नेपालको संविधानको भाग ६ धारा ६१ बमोजिम नेपालमा राष्ट्रप्रमुखको रुपमा राष्ट्रपति रहने र धारा ७३ मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय रहने व्यवस्था भए बमोजिम सम्माननीय राष्ट्रपतिको प्रशासनिक सचिवालयको रुपमा वि.सं. २०६५ साल असार ३० गते स्थापित यस कार्यालयले सम्माननीय राष्ट्रपतिसँग सम्बन्धित विभिन्न कार्यक्रमहरू र समारोहको प्रशासनिक समन्वय, व्यवस्थापन तथा सचिवालयीय कार्य सञ्चालन गर्ने गर्दछ ।

२. राष्ट्रपतिको कार्यालयका कामहरू :

- प्रधानमन्त्री तथा संविधानसभाका अध्यक्षको शपथ ग्रहण गराउने सम्बन्धी कार्य,
- व्यवस्थापिका संसद बैठकको आव्हान र अन्त्य गर्ने तथा व्यवस्थापिका संसदमा सरकारको नीति तथा कार्यक्रम पेश गर्ने सम्बन्धी कार्य,
- सर्वोच्च अदालतका प्रधानन्यायाधीशका नियुक्ति गर्ने, शपथ ग्रहण गराउने सम्बन्धी कार्य,
- संवैधानिक निकायका प्रमुखहरू तथा महान्यायाधीवक्ताको नियुक्ति गर्ने, शपथ ग्रहण गराउने र ती निकायहरूको बार्षिक प्रतिवेदन ग्रहण सम्बन्धी कार्य,
- विधेयक तथा अध्यादेश प्रमाणीकरण सम्बन्धी कार्य,
- सजाय माफी, मुल्तवी, परिवर्तन वा कम गर्ने सम्बन्धी कार्य,
- उपाधि, सम्मान र विभूषण प्रदान सम्बन्धी कार्यक्रम व्यवस्थापन कार्य,
- न्याय परिषद्का सदस्यको नियुक्ति सम्बन्धी कार्य,
- नेपाली राजदूतहरूको नियुक्ति सम्बन्धी कार्य,
- विदेशी राजदूतहरूको लागि सहमति (एग्रीमो) प्रदान सम्बन्धी कार्य,
- विदेशी राजदूतहरूको ओहदाको प्रमाणपत्र ग्रहण गर्ने सम्वन्धी कार्यक्रम व्यवस्थापन कार्य,
- संकटकालीन अवस्थाको घोषणा सम्बन्धी कार्य,
- प्रधान सेनापतिको नियुक्ति सम्बन्धी कार्य,
- व्यवस्थापिका संसदको महासचिवको नियुक्ति सम्बन्धी कार्य,
- नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन सम्बन्धी कार्य,
- बाधा अड्काउ फुकाउने आदेश जारी गर्ने सम्बन्धी कार्य,
- सम्माननीय राष्ट्रपतिबाट हुने सम्बोधन, शुभकामना, सन्देश आदि तयारी सम्बन्धी कार्य,
- सम्माननीय राष्ट्रपतिको स्वदेशी तथा विदेशी ब्यक्तित्वहरूसँग भेटघाटको व्यवस्थापन सम्बन्धी कार्य,
- सम्माननीय राष्ट्रपतिलाई वा राष्ट्रपति कार्यालयलाई सम्बोधन गरी प्राप्त पत्र, निवेदन पत्र वा ज्ञापन पत्र व्यवस्थापन सम्बन्धी कार्य,
- सम्माननीय राष्ट्रपतिको स्वदेशभित्रको भ्रमण व्यवस्थापन सम्बन्धी कार्य,
- कार्यालयको वार्षिक कार्यक्रम कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण सम्बन्धी कार्य,
- संविधान तथा प्रचलित कानून बमोजिम तोकिएका अन्य कार्यहरू ।

३. राष्ट्रपतिको कार्यालयमा रहने कर्मचारी सङ्ख्या र कार्यविवरण : राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिवको नेतृत्वमा रहने यस कार्यालयमा राजपत्राङ्कित श्रेणीका २१ जना, राजपत्रअनंकित तथा श्रेणी विहीन गरी जम्मा ४७ सहित कूल ६८ जना कर्मचारी कार्यरत रहेका छन् । यस कार्यालयमा जम्मा ४ वटा महाशाखाहरू छन् । ती महाशाखाको कार्यविवरण निम्न बमोजिम रहेको छ ।

क. व्यवस्थापन महाशाखा : माथि बुँदा २ मा उल्लेखित राष्ट्रपतिको कार्यालयका कामहरूको आर्थिक, प्रशासनिक र अन्य व्यवस्थापकीय कार्यहरू यस महाशाखाले गर्दछ ।

ख. कानून महाशाखा : माथि बुँदा २ मा उल्लेखित राष्ट्रपतिको कार्यालयका कामहरूको संवैधानिक एवम् कानूनी पक्ष समेटिएका कार्यहरू यस महाशाखाले गर्दछ ।

ग. अन्तराष्ट्रिय सम्बन्ध तथा सूचना समन्वय महाशाखा : माथि बुँदा २ मा उल्लेखित राष्ट्रपतिको कार्यालयका कामहरू मध्ये अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी कार्यहरू र सूचना समन्वय सम्बन्धी कार्यहरू यस महाशाखाले गर्दछ ।

घ. राष्ट्रपतिको निजी सचिवालय महाशाखा

- सम्माननीय राष्ट्रपतिको कार्यक्रम व्यवस्थापन,
- सम्माननीय राष्ट्रपतिलाई सम्बोधन गरी प्राप्त हुने निवेदन तथा पत्रहरू अध्ययन गरी राष्ट्रपति समक्ष पेश गर्ने,
- सम्माननीय राष्ट्रपतिको कार्यालयमा हुने भेटघाट व्यवस्थापन,
- सम्माननीय राष्ट्रपतिबाट हुने आदेश, निर्देशनको कार्यान्वयनबारे अनुगमन र समन्वय ।

माथि उल्लेखित विभिन्न चारवटा महाशाखाहरूको कार्यसम्पादनलाई सहज बनाउन देहायका शाखाहरू रहेका छन् :-

- प्रशासन शाखा : यस शाखा अर्न्तगत भण्डार र दर्ता चलानी उपशाखा रहेका छन् ।
- आर्थिक प्रशासन शाखा :
- कानून शाखा :
- निजी सचिवालय शाखा :
- अन्तर्राष्ट्रिय सम्बन्ध शाखा :
- सूचना समन्वय शाखा : यस अर्न्तगत पुस्तकालय रहेको छ ।

४. राष्ट्रपतिको कार्यालयबाट प्रदान गरिने सेवा : माथि बुँदा २ मा उल्लेखित राष्ट्रपतिको कार्यालयका कामका माध्यमबाट सेवा प्रदान गरिन्छ।

५. राष्ट्रपतिको कार्यालयमा रहेका शाखा र जिम्मेवार अधिकारी : यस कार्यालयमा जम्मा ६ वटा शाखाहरू रहेका छन् । ती शाखाहरूको जिम्मेवारी देहायबमोजिम कर्मचारीहरूले सम्हाल्ने गरी जिम्मेवारी दिई कार्यसञ्चालन गरिएको छ :-

| क.सं. | नामथर | पद | जिम्मेवार शाखा | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | दामोदर सञ्जेल | उपसचिव | निजी सचिवालय शाखा | ९८४१४१३४१८ |
| २. | हरिप्रसाद दवाडी | उपसचिव | प्रशासन शाखा | ९८५११७२१२१ |
| ३. | विदुरचरण राय | उपसचिव | आर्थिक प्रशासन शाखा | ९८४१३५९७४४ |
| ४. | पुष्पराज भट्टराई | उपसचिव | अन्तर्राष्ट्रिय सम्बन्ध शाखा | ९८४९०४८७३७ |
| ५. | रेशमराज सिग्देल | उपसचिव | कानून शाखा | ९८४६०३८७४१ |
| ६. | ध्रुवराज आचार्य | उपसचिव | सूचना समन्वय शाखा | ९८५११४५७४३ |

६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि : यस कार्यालयबाट प्रदान हुने सेवाको लागि दस्तुर लाग्दैन । सरोकारवालासँगको आपसी सहमतिमा तय भएको समयावधिमा सेवाप्रवाह वा कार्यसम्पादन हुने गर्दछ ।

७. निर्णय गर्ने प्रक्रिया र अधिकार : आन्तरिक प्रशासनिक र अन्य विषयको निर्णय सम्वन्धित महाशाखावाट पेश हुने टिप्पणीमा सचिवस्तर बाट निर्णय हुन्छ । नेपाल सरकार कार्यसम्पादन नियमावली, २०६४ बमोजिम मन्त्रिपरिषद्मा प्रस्ताव पठाउनुपर्ने विषयमा यस कार्यालयको अनुरोधमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा मन्त्रिपरिषद्मा पेश भई त्यहाँबाट निर्णय गरिने व्यवस्था रहेको छ । साथै संविधान तथा कानून बमोजिम राष्ट्रपतिले सम्पादन गर्ने कार्यको सम्बन्धमा संविधान र सम्बन्धित कानूनमा तोकिए बमोजिम हुने गर्दछ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी : नियमित सेवा प्रवाह र आन्तरिक प्रशासनिक विषयको निर्णयमा चित्त नवुझे सोको सुनुवाई सचिववाट हुने।

९. सम्पादन गरेको कामको विवरण : यस कार्यालयबाट यस अवधिमा सम्पादन भएका मुख्य मुख्य कामहरु देहायबमोजिम उल्लेख गरिएको छ:-

- सर्वोच्च अदालतका प्रधानन्यायाधीशका नियुक्ति र शपथ ग्रहण समारोह व्यवस्थापन,
- लोक सेवा आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरुको नियुक्ति र शपथ ग्रहण समारोह व्यवस्थापन,
- सर्वोच्च अदालत, संवैधानिक निकायहरु र महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन ग्रहण कार्यक्रम व्यवस्थापन,
- विभिन्न विधेयकहरु प्रमाणीकरण र अध्यादेशहरु जारी,
- विभिन्न महानुभावहरुलाई विभूषणबाट सुशोभन समारोह व्यवस्थापन,
- विभिन्न देशका लागि नेपाली राजदुतहरुको नियुक्ति, नेपालका लागि विभिन्न देशका राजदूतहरुको ओहदाको प्रमाणपत्र ग्रहण समारोह व्यवस्थापन,
- सम्माननीय राष्ट्रपतिको देशभित्रका विभिन्न ठाउँहरुको भ्रमण व्यवस्थापन, आदि ।

१०. राष्ट्रपतिको कार्यालयका सचिव, प्रवक्ता र सूचना अधिकारीको नाम, पद र सम्पर्क देहायमा उल्लेख गरिएको छ :-

| क.सं. | नामथर | पद | सम्पर्क | ईमेल |
|---|---|---|---|---|
| १. | टेकप्रसाद ढुङ्गाना | सचिव | ९८५११९६८५६ | dhunganajee71@gmail.com |
| २. | चक्रबहादुर बुढा | प्रवक्ता | ९८५११५८०५५ | chakra.budha@gmail.com |
| ३. | ध्रुवराज आचार्य | सूचना अधिकारी | ९८५११४५७४३ | dhruba_a@yahoo.com |

११. ऐन, नियम, विनियम तथा निर्देशिकाको सूचि : यस कार्यालयको नियमित कार्यसम्पादनका लागि आकर्षित हुने मुख्य कानूनी तथा नीतिगत प्रावधान देहाय बमोजिम उल्लेख गरिएका छन् :-

- नेपालको अन्तरिम संविधान, २०६३,
- केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन, २०६३,
- सैनिक ऐन, २०६३
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सो को नियमावली,
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सोको नियमावली,
- निजामती सेवा ऐन, २०४९ र सोको नियमावली,
- भ्रष्टाचार निवारण ऐन, २०५९,
- सार्वजनिक खरिद ऐन, २०६३ र सोको नियमावली,
- आर्थिक कार्यविधि ऐन, २०५५ र सोको नियमावली,
- करार ऐन, २०५६ तथा सेवा करार निर्देशिका,
- विभुषण ऐन, २०६४ तथा सोको नियमावली
- कारागार ऐन, २०१९ तथा सोको नियमावली
- नेपाल सरकार कार्यविभाजन नियमावली, २०६४
- नेपाल सरकार कार्यसम्पादन नियमावली, २०७०
- संविधान सभा नियमावली, २०७०
- व्यवस्थापिका संसदको कार्यसञ्चालन नियमावली, २०७०
- सरकारी निर्णय सरलीकरण निर्देशिका २०६५,

१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण : यस कार्यालयको गत आर्थिक बर्ष २०७२/७३ को प्राप्त निकासा तथा खर्च विवरण तपसिलमा उल्लेख गरिएको छ ।

| प्रथम चौमासिक अवधिसम्मको निकासा खर्चको विवरण | | | | रु. हजारमा | |
|---|---|---|---|---|---|
| ब.उ. शि.न. | श्रोत | वार्षिक बजेट | निकासा | खर्च | बाँकी |
| १०१००१३ राष्ट्रपतिको (चालु खर्च) | नेपाल सरकार | ६४१४ | १३८३ | १३८३ | ५०३१ |
| १०१००१३ राष्ट्रपतिको कार्यालय (चालु खर्च) प्रशासनिक खर्च समेत | नेपाल सरकार | ७२५९७ | २३०९६ | २३०९६ | ४९५०१ |
| १०१०११४ पूँजीगत खर्च | नेपाल सरकार | २३५४०० | ४७८५१ | ४७८५१ | १८७५४९ |
| जम्मा | | ३१४४११ | ७२३३० | ७२३३० | २४२०८१ |

१३. तोकिए बमोजिमका अन्य विवरण : करिब १०९ रोपनी जग्गामा फैलिएको यस कार्यालयको परिसरमा कार्यालयको लागि आफ्नै भवन, सम्माननीयज्यूको निवास, सभा हल, अन्य भवनहरू र सुन्दर बगैचाहरू रहेका छन् ।

१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण : यस कार्यालयबाट आर्थिक बर्ष २०७१।७२ मा सञ्चालन गरिएका मुख्य मुख्य कार्यक्रमहरू देहायबमोजिम उल्लेख गरिएको छ :-

- सम्माननीय राष्ट्रपतिको लागि निर्माणाधीन निवासको बहुबर्षीय कार्यक्रम अन्तर्गत निर्माण कार्य सञ्चालन,
- निवास निर्माण अन्तर्गतको दोश्रो प्याकेजमा रहेका इलेक्ट्रिकल इन्स्ट्रुमेण्ट जडान, पानी प्रशोधन प्लाण्ट जडान, FFP पानी ट्याङ्क, पर्खाल निर्माण, प्रवेशद्वार आदि निर्माण कार्यको लागि बहुबर्षीय ठेक्का सम्झौता भई कार्य सञ्चालन भइरहेको,
- राष्ट्रपति कार्यालय परिसरमा वृक्षारोपण तथा वन जङ्गल संरक्षण,
- कार्यालय परिसरमा वोरिङ्गको पानी प्रशोधन गर्ने र ढल निकासका लागि आवश्यक पूर्वाधार सहित निर्माण कार्य,
- कार्यालय भवन तथा परिसरमा रङग रोगन कार्य,
- बहुउद्देश्यीय सभा भवनमा साउण्ड सिस्टम, मल्टिमिडिया, सेक्यूरिटी सिस्टम लगायत अन्य निर्माण कार्य,
- सम्माननीय राष्ट्रपतिबाट सार्क शिखर सम्मेलनमा पाल्नुहुने विशिष्ट अतिथिहरूसँग हुने भेटघाट र रात्रि एवम् दिवा भोजको लागि कार्यालय परिसरमा आवश्यक विविध पूर्वाधारहरूको निर्माण कार्य,
- विनाशकारी भूकम्पबाट कार्यालय भवन तथा निवासमा क्षति पुग्न गएकोले सम्माननीयज्यू र कार्यालय सञ्चालनको लागि वैकल्पिक संरचनाहरूको निर्माण कार्य, आदि ।

१५. सार्वजनिक निकायको वेवसाइट भए सो को विवरण : यस कार्यालयको आफ्नै वेवसाइट छ । www.presidentofnepal.gov.np मा गएर यस कार्यालयको सूचना र अन्य महत्वपूर्ण जानकारीहरू हेर्न सकिन्छ ।

१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण : नभएको ।

१७. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि : यस कार्यालयबाट प्रदान गरिने सेवा सम्बन्धी सार्वजनिक सरोकारका सूचनाको वर्गीकरण हालसम्म नभएको ।

१८. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण : यस अवधिमा यस कार्यालयमा सूचना माग सम्बन्धी निवेदन परेको अभिलेखबाट नदेखिएको ।

१९. सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण : यस कार्यालयको सूचना तथा जानकारीहरू कार्यालयको वेवसाइट मार्फत नियमित रुपमा सार्वजनिक गर्ने गरिएको, महत्वपूर्ण औपचारिक कार्यसम्पादन भएकोमा प्रेस विज्ञप्ति मार्फत सार्वजनिक गर्ने गरिएको र यस कार्यालयबाट नियमित रुपमा प्रकाशित हुने शीतल निवास वुलेटिनमार्फत् पनि आवश्यक जानकारी एवम् सूचनाहरू प्रकाशित हुने गरेको छ।

## आ. व. २०७२/०७३ को वार्षिक कार्यक्रम र प्रथम चौमासिक प्रगति

### बजेट उपशिर्षक नं. २०१०११३/१०१०११४

| क्रस | कार्यक्रम/क्रियाकलाप | ईकाई | वार्षिक लक्ष्य | | | अवधिसम्मको लक्ष्य | | | अवधिसम्मको भौतिक प्रगति | | | अवधिसम्मको वित्तिय प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सूचक | भार | बजेट | सूचक | भार | बजेट | सूचक | भार | प्रतिशत | रकम रु | प्रतिशत | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
| १. | पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरू | | | | | | | | | | | | | |
| क. | भवन निर्माण खर्च | | | २७.३२ | ६५००० | | २७.३२ | ६५००० | | | | | | |
| ख. | फर्निचरर्स तथा फिक्चर्स | | | ०.६३ | १५०० | | ०.६३ | १५०० | | ०.४३ | ६८.०० | १०२० | ६८.०० | |
| ग. | मेशिनरी औजार | | | ०.६३ | १५०० | | ०.६३ | १५०० | | ०.४४ | ७०.४० | १०५६ | ७०.४० | |
| घ. | सार्वजनिक निर्माण | | | ६९.९५ | १६६४०० | | ६९.९५ | १६६४०० | | १९.२४ | २७.५१ | ४५७७५ | २७.५१ | |
| ङ. | पूँजीगत अनुसन्धान तथा परामर्श | | | ०.४२ | १००० | | ०.४२ | १००० | | | ०.०० | | ०.०० | |
| २. | चालु खर्च अन्तर्गतका विभिन्न कार्यक्रमहरू | | | १.०५ | २५०० | | १.०५ | २५०० | | ०.०५ | ४.४४ | १११ | ४.४४ | |
| ३. | जम्मा (१+२) | | | १००.०० | २३७९०० | | १०० | २३७९०० | | | | ४७९६२ | | |

नोटः २०७२ वैशाख १२ गतेको भूकम्पको कारणले कामदारहरू काम छोडी हिडेको तथा सिसा, मार्वल आदि निर्माण सामग्रीहरूमा क्षति पुग्न गएकोले निमार्ण कार्य अवरुद्ध भएको ।

## सम्मानीय राष्ट्रपति डा. रामवरण यादवले विभिन्न चाडपर्व तथा अवसरमा दिनुभएको शुभकामना सन्देश ।

### इद उल फित्रको शुभ अवसरमा सम्पूर्ण इस्लाम धर्मावलम्बीहरुमा दिनु भएको शुभकामना सन्देश

मुस्लिम धर्मावलम्बीहरूको महान् पर्व इद उल फित्रको अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका समस्त नेपाली मुस्लिम दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति र समृद्धिको लागि हार्दिक शुभ-कामना व्यक्त गर्दछु । रमदानको अवसरमा लामो उपवास बसेर ब्रत अन्त्य गरी आत्मिक शुद्धता गर्ने र आफन्तहरूबीच खुशी साटासाट गरी आपसी भाइचारा अभिवृद्धि गर्न सहयोग पुऱ्याउने यो चाडले मुस्लिम समुदायमा विशेष महत्व राख्दछ । मुलुकमा विभिन्न समुदायले मनाउने पर्वहरूले नै नेपालको पहिचान बोकेको छ । यहाँ प्रचलित सबै प्रकारका चाडपर्व, भाषा, भेषभूषा, संस्कृति र परम्पराहरूको संरक्षण र सम्बर्द्धन गर्दै समाजमा आपसी एकता, शान्ति, सदभाव र सहयोग एवम् भाइचाराको अभिवृद्धि गर्नका निम्ति इद उल फित्र पर्वले हामी सबैमा प्रेरणा प्रदान गर्न सकोस् भनी हार्दिक कामना गर्दछु ।

धन्यवाद ।

सबै नेपालीको जय होस् ।

मिति २०७१ श्रावण १३ गते मंगलबार ।

### श्रीकृष्ण जन्माष्टमीको अवसरमा दिनुभएको शुभकामना सन्देश

भगवान श्रीकष्ण जन्मनु भएको पावन दिन आज श्रीकृष्ण जन्माष्टमीको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण हिन्दू धर्मावलम्बी दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु । यस पर्वले बहुभाषा, बहुधर्म, बहुसंस्कृति रहेको हाम्रो विविधतायुक्त देशलाई एकताको सूत्रमा आवद्ध गरी विविधताबीच एकता स्थापित गर्न सहयोग पुगेको छ । भाषा, कला, संस्कृति, परम्परा तथा रीतिरिवाज कुनै पनि मुलुकको सभ्यता र सम्पन्नताको सूचक हो । हामी सम्पूर्ण नेपालीले आफ्नो मातृभूमिको सभ्यता र सम्पन्नतालाई जोगाउन आ-आफ्नो स्थानबाट सत्संकल्प, सद्भाव, सद्विचार र कर्तव्यलाई नछोडी मनुष्य जन्म सफल पार्न सकौं, यही मेरो सबैमा शुभकामना छ ।

धन्यवाद !

सबै नेपालीको जय होस् ।

२०७१ भाद्र १ गते आइतबार ।

### गौरा पर्व २०७१ को शुभ अवसरमा दिनुभएको शुभकामना सन्देश

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू

विशेष गरी सुदूर-पश्चिम तथा मध्य-पश्चिम नेपालमा अति महत्वका साथ मनाइने गौरा पर्वको शुभ अवसरमा स्वदेश तथा विदेशमा बस्नुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूको सुख, शान्ति र प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु । सदियौंदेखि मनाइँदै आएको यस गौरा पर्वको आफ्नै ऐतिहासिक एवं पौराणिक महत्व रहेको छ । देवाधिदेव शिवकी धर्मपत्नी पार्वतीको महिमा दर्शाउँदै विशेष गरी भाद्र महिनामा करिब एकहप्तासम्म मनाइने यो चाडले सबै नेपालीहरूमा सहिष्णुता, सामाजिक एकता र सद्भाव अभिवृद्धि गर्नुका साथै आपसी समझदारी र भाइचाराको भावना अभिवृद्धि गर्न सफल हुनेछ भन्ने मैले आशा लिएको छ ।

सबै नेपालीको जय होस् ।

मिति २०७१ भाद्र १७ गते मंगलवार ।

### बडा दशैं तथा विजयादशमी -२०७१ को अवसरमा दिनुभएको शुभकामना सन्देश

१. नेपाली मात्रको शारदीय पर्व बडा दशैं तथा विजयादशमी-२०७१ को अवसरमा देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति र समृद्धिको लागि मगंलमय शुभकामना व्यक्त गर्दछु ।

२. एकपछि अर्को गर्दै वर्षैभरी आइरहने चाडपर्व र जात्राहरू नेपाली संस्कृतिका मौलिक विशेषता हुन् । यिनले व्यक्ति, परिवार, समाज र राष्ट्रलाई आपसमा जोड्न सम्बन्ध-सूत्रको काम गरेका छन् । एक अर्को समुदायका चाडपर्वहरू मिलेर मनाउनु नेपाली समाजको विशिष्ट चरित्र रही आएको छ । सांस्कृतिक सद्भाव, सहयोग र सहयात्राको यस्तो सुन्दर परम्पराप्रति हामी सबैले गर्व गर्नु पर्दछ ।

३. देशका विभिन्न भागमा हालै आएको बाढी, पहिरो र अन्य प्रकृतिजन्य प्रकोपका कारण जीवनयापन कष्टमय भएका परिवारप्रति हार्दिक सहभाव व्यक्त गर्दै उनीहरूको दैनिक गुजारा सहज तुल्याउने तथा बसोबास र जीविकाको व्यवस्था गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्न म सबैसंग आग्रह गर्दछु ।

४. नेपाली जनताले अपार उत्साह प्रदर्शन गरी चयन गरेको दोस्रो संविधान सभाले निश्चित अवधि किटान गरेर संविधानको मस्यौदा तयार पार्न दर्शाएको क्रियाशीलताले हामी सबैलाई आशावादी तुल्याएको छ । आफूले जनता सामू गरेको कबूल पूरा गर्न संविधान सभामा प्रतिनिधित्व गर्ने दलहरू यस पटक चुक्ने छैनन र तोकिएको मितिमै संविधान निर्माण गर्न सक्षम हुनेछन् भन्ने सबैको आशा रहेको छ । मलाई विश्वास छ, संविधान प्राप्त गर्ने सवालमा यस पटक मुलुक र देशवासीलाई निराश पारिने छैन ।

दुर्गा भवानीले हामी सबैको कल्याण गरुन् !

धन्यवाद !

सबै नेपालीको जय होस् ।

मिति २०७१ असोज १४ गते मगंलबार ।

## दीपावली तथा तिहार पर्व २०७१ को अवसरमा दिनुभएको शुभकामना सन्देश

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू

नेपालीहरूको महान् चाड दीपावली तथा तिहारको पावन अवसरमा सम्पूर्ण नेपालीहरूको सुख, शान्ति र समृद्धिको लागि शुभकामना व्यक्त गर्दछु। अन्धकार हटाई उज्यालो ल्याउने विशेष चाडको रुपमा मनाइने शुभ दीपावली तथा तिहार पर्वले नेपालीहरूको आर्थिक समृद्धि र आपसी भातृत्व तथा सामाजिक सद्भाव एवम् एकता कायम गर्दै समाजमा शान्ति, स्थायित्व र प्रगति हासिल गर्न प्रेरणा दिनेछ भन्ने मैले विश्वास लिएको छु । संविधान सभाबाट तोकिएको समयमा संविधान प्राप्त होस् । देशको सार्वभौमिकता, अक्षुण्णता र स्वतन्त्रता कायम रहोस् । राष्ट्र र राष्ट्रियताप्रति सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग प्रदान गरुन् यही मेरो शुभकामना छ ।

धन्यवाद,

सबै नेपालीको जय होस् ।

मिति २०७१ कार्तिक ५ गते बुधबार ।

## नेपाल सम्वत् ११३५ को अवसरमा दिनुभएको शुभकामना सन्देश

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू

नेपाल सम्वत् ११३५ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूको सुख, शान्ति र प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु। नेपाल सम्वत् ११३५ ले सबै नेपालीहरूमा सहिष्णुता, सामाजिक एकता र सद्भाव अभिवृद्धि गर्नुका साथै आपसी समझदारी र भाइचाराको भावना अभिवृद्धि गर्न सफल हुनेछ भन्ने मैले आशा लिएको छु । मुलुकको स्वतन्त्र इतिहासप्रति गौरवान्वित रही राष्ट्, राष्ट्रिय एकता र अस्मिताको संरक्षण गर्नु हरेक नेपालीको परम कर्तव्य हो । तोकिएको समयमा नै संविधान सभाले नयाँ संविधान दिन सकोस्, मुलुकवासीलाई शान्ति र समृद्धिको पथमा अगाडि बढाई समाजमा स्थायित्व र प्रगति हासिल गर्न प्रेरणा मिलोस् भनी शुमकामना व्यक्त गर्दछु।

धन्यवाद,

सबै नेपालीको जय होस् ।

मिति २०७१ कार्तिक ७ गते शुक्रबार ।

## २०७१ छठ पर्वको अवसरमा दिनुभएको शुभकामना सन्देश

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरूसूर्य देवता र छठ माताको आराधना गरी मनाइने महान पर्व छठको अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूको सुख, शान्ति र समृद्धिका लागि मङ्गलमय शुभकामना व्यक्त गर्दछु । नेपालको विभिन्न जात जातिका विभिन्न पर्वहरू नै समग्र नेपालको सांस्कृतिक पहिचान बनेका र यस्ता पर्वहरूले विभिन्न जात, धर्म तथा सम्प्रदाय वीच आपसी मेलमिलाप र भाइचारा अभिवृद्धि गर्दै धार्मिक सहिष्णुता र सामाजिक एकता मजबुत पार्न सहयोग पुरयाई आएका छन् । यसैगरी मुलुकको स्वतन्त्र इतिहास प्रति गौरवान्वित रही राष्ट्रिय एकता र अस्मिताको संरक्षण गर्नु सबै नेपालीको परम कर्तव्य पनि हो । अतः देशमा तोकिएको समयमा नयाँ संविधान निर्माण भई देशको सार्वभौमिकता, अक्षुण्णता कायम रहोस, देशले शान्ति तथा आर्थिक समृद्धि हासिल गरोस, राष्ट्रिय पर्वको रुपमा मनाइने छठ पर्व सांस्कृतिक रुपमा नेपालको परिचय बन्न सकोस् र यसबाट आपसी समझदारी, भाइचारा, सामाजिक सदभाव अभिवृद्धि गर्न सफलता मिलोस् भनी शुभ कामना दिन चाहन्छु ।

धन्यवाद ।

सबै नेपालीको जय होस् ।

मिति २०७१ कात्तिक १२ गते बुधबार ।

## २०७१ उधौली चाडको अवसरमा दिनुभएको शुभकामना सन्देश

किरातहरूको महान् चाड उधौलीको उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण किरात दिदीबहिनी तथा दाजुभाइहरूमा सुस्वास्थ्य, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु । आजको यस पवित्र दिनले नेपालका सम्पूर्ण धर्मावलम्वी, जातजाती, भाषाभाषी जो जहाँ रहको भएपनि एकतावद्ध भई आपसी सदभाव तथा भातृत्व अभिवृद्धि गरी देशमा शान्ति र सुव्यवस्था स्थापना गर्नका लागि प्रेरित गर्नेछ भन्ने मैले आशा लिएको छु । यो चाडले हामी सबै नेपालीहरूको सामाजिक सामञ्जस्यता कायम राख्ने प्रतीकको रुपमा रहिरहन सकोस् भन्ने कामना गर्दै सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

सबै नेपालीको जय होस् ।

मिति २०७१ मङसिर २० गते शनिबार ।

## क्रिसमसको अवसरमा दिनुभएको शुभकामना सन्देश

इसाई धर्मावलम्बीहरूको महान् पर्व क्रिसमसको उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण इसाई धर्मावलम्बी दिदी-बहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु । विविध जात-जाति, भाषा-भाषी, धर्म-संस्कृति परम्पराहरूबाट समृद्ध हाम्रो मुलुकमा यस प्रकारका चाडपर्वहरूको संरक्षण र सम्बर्द्धनबाट देशमा आपसी विश्वास र सदभावको अभिवृद्धि भई राष्ट्र निर्माण एवं समुन्नत सामाजिक संरचनाको निर्माण गर्ने कार्यमा महत्वपूर्ण टेवा मिल्नेछ भन्ने मलाई लागेको छ । यस पर्वले सबै नेपालीबीच बन्धुत्व, प्रेम र एकताको भावना बढाउने कार्यमा सहयोग पुग्ने आशा राख्दै शान्त, समुन्नत तथा समृद्ध नेपाल बनाउन सबैलाई प्रेरणा प्राप्त होस् भन्ने कामना गर्दछु ।

धन्यवाद ।

सबै नेपालीको जय होस् ।

मिति २०७१ पौष १० गते बिहीबार

## तमु ल्होसार २०७१ को अवसरमा दिनु भएको शुभकामना सन्देश

तमु ल्होसार पर्व २०७१ को अवसरमा देश विदेशमा रहनु भएका तमु समुदायका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूको सुख, शान्ति र समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछु । देशका सबै क्षेत्रमा बसोबास गर्ने विभिन्न धर्म, जाति, भाषा र संस्कृतिसंग आवद्ध समुदायहरूका बीच आपसी समन्वय गर्दै हाम्रा विद्यमान परम्पराहरूको संरक्षण र सम्बर्द्धन गर्न यस्ता पर्वले थप योगदान पुऱ्याउने छ भन्ने मलाई लागेको छ । यस पर्वले सबै नेपालीबीच बन्धुत्व र एकताको भावना बढाउने कार्यमा थप सहयोग पुग्न सकोस् भन्ने कामना गर्दछु ।

धन्यवाद ।

सबै नेपालीको जय होस् ।

मिति २०७१ पुस १५ गते मंगलबार ।

## माघी पर्व तथा माघे संक्रान्तिको अवसरमा दिनु भएको शुभकामना सन्देश

माघी पर्व तथा माघे संक्रान्तिको अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदी बहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु। यस माघी पर्वलाई विशेषत नेपालका थारु, छन्त्याल र मगर समुदायले आफ्नो प्रमुख चाडका रूपमा मनाउने गरेको भएतापनि यो सबैको साझा पर्व हो । देशका सबै प्रकारका संस्कृतिलाई बचाएर मुलुकको राष्ट्रिय एकतालाई कायम राख्न यस प्रकारका चाडपर्वहरूले उर्जा प्रदान गर्छन् भन्ने मेरो विश्वास छ । माघी र माघे संक्रान्ति पर्वले हामी सबै नेपालीहरूको बीच आपसी सदभाव, प्रेम र शान्ति स्थापना गर्न सफलता प्राप्त गरोस् भन्ने कामना गर्दै सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

सबै नेपालीको जय होस् ।

मिति २०७१ माघ १ गते बिहीबार ।

## सोनमल्होसारको अवसरमा दिनुभएको शुभकामना सन्देश

सोनमल्होसारका अवसरमा यो पर्व मनाउनु हुने स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति र समृद्धिको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछु । विशेष गरी तामाङ समुदायले आफ्नो परम्परा अनुसार मनाउँदै आइरहेको 'सोनमल्होसार'ले हिमाल, पहाड र तराईमा बस्ने हामी नेपालीहरूबीच एकताको सूत्रमा बाँधी आपसी बन्धुत्वको भावना बढाउने कार्यमा सहयोग पुऱ्याउनेछ भन्ने मैले विश्वास लिएको छु। देशका सबै चाडपर्व, भाषा, वेशभूषा, संस्कृति र परम्पराहरूको संरक्षण र सम्वर्द्धन गर्न सोनमल्होसार जस्ता पर्वले हामी सबैमा प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु ।

धन्यवाद ।

सबै नेपालीको जय होस् ।

मिति २०७१ माघ ७ गते बुधबार ।

## ६५ औं राष्ट्रिय प्रजातन्त्र दिवस २०७१ का अवसरमा दिनु भएको सन्देश

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,

• राष्ट्रिय प्रजातन्त्र दिवस, २०७१ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा मंगलमय शुभकामना व्यक्त गर्दछु ।

• २००७ सालमा प्राप्त प्रजातन्त्रको जगलाई अझै मजबुत पार्न पुनः २०४६ सालमा सम्पूर्ण नेपालीहरू लागिपरेको कुरा सर्वविदितै छ। बदलिंदो परिवेशमा लोकचाहनालाई सम्बोधन गर्न वि.सं. २०६२/०६३ को आन्दोलन मार्फत नेपालमा लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्न हामी सफल भयौं । यस प्रकार जनताले आफ्नो संविधान आफै बनाउन विगतदेखि राखेको आकांक्षास्वरुप २०६४ सालमा संविधानसभाको निर्वाचन सम्पन्न भयो । सो निर्वाचित संविधानसभाबाट लोकतान्त्रिक संविधान प्राप्त गर्ने कुरामा आशावादी रहँदा रहँदै पनि संविधानसभा भंग हुन पुग्यो ।

• २०७० मंसिर ४ गते नेपाली जनताको सर्वाधिक सहभागिताका साथ संविधानसभाको निर्वाचन दोस्रोपटक सम्पन्न भयो । लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासका लागि समावेशी र संघीय चरित्र सहितको नयाँ संविधान २०७१ माघ ८ गते भित्र निर्माण गरी समुन्नत, समृद्ध र न्यायपूर्ण नेपाल बनाउन सक्रिय योगदान पुरयाउने हाम्रो लक्ष्य कता कता फेरि अल्मलिन पुग्यो ।

• हामीले सबै किसिमका आरोह-अवरोहहरू पार गर्दै आएका छौं । यी सबै भोगाइ र अनुभवबाट अब हामीले अन्तरिम संविधान, २०६३ ले निर्दिष्ट गरेको मूल्य मान्यतालाई कदर गर्दै सहमतिका साथ साझा विचार निर्माण गरी संविधान बनाउनु बाहेक अर्को विकल्प हाम्रा सामु देखिएको छैन । अतः नेपालका राजनीतिक दल, नेतृत्व र देश, समाजप्रति उत्तरदायी नागरिकहरू सबैले संविधान निर्माणको पुनीत कार्यलाई प्राथमिकता दिनु वाहेक हाम्रो सामु अर्को विकल्प छैन भन्ने यथार्थलाई हामी सबैले मनन गर्नु आजको आवश्यकता हो ।

• अन्त्यमा, प्रजातन्त्रका लागि ज्यानको बाजी लगाउने शहीदहरूप्रतिको श्रद्धाञ्जलि एवं नेपाली जनताका लागि चिरस्थायी उपहारका रुपमा हामी सबै मिलेर नयाँ लोकतान्त्रिक संविधान सकेसम्म चाँडो जारी गर्न सकियोस् । प्रजातन्त्र दिवस मनाउनुको सार्थकता यसैमा रहेको छ । प्रजातन्त्र दिवसको यस अवसरमा यही शुभकामना व्यक्त गर्दछु ।

सबै नेपाली को जय होस् ।

मिति २०७१ फागुन ७ गते बिहीबार ।

## फागु पूर्णिमा (होली), २०७१ को अवसरमा दिनु भएको शुभकामना सन्देश

सामाजिक सद्भाव, रङ एवं उल्लासको पर्व फागु पूर्णिमा (होली) को पावन अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदी बहिनी तथा दाजुभाइहरूमा सुस्वास्थ्य, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । विविधताका बीच एकतायुक्त हाम्रो समाजलाई अविच्छिन्न रुपमा कायम राखी आपसी भाइचारा अभिवृद्धि गर्नमा साझा सांस्कृतिक चाडहरूको विशिष्ट महत्व रहेको हुन्छ । विभिन्न जातजाति धर्म, भाषा, संस्कृति र क्षेत्रका नेपालीहरूबीच राष्ट्रिय अखण्डता तथा मेलमिलापलाई अक्षुण्ण राखी उल्लासमय पार्न यस फागु पूर्णिमा (होली) पर्वले महत्वपूर्ण योगदान दिन सकोस् भन्ने कामना गर्दछु ।

धन्यवाद

सबै नेपालीको जय होस् ।

मिति २०७१ फागुन २१ गते बिहीबार ।

## देशवासीका नाममा दिनुभएको शुभकामना सन्देश

नववर्ष २०७२ सालको उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु । आम नेपालीको चाहना बमोजिम संविधानसभाबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान निर्माण भई देशमा शान्ति, स्थिरता र समृद्धिको नयाँ युग प्रारम्भ हुन सकोस् भन्ने हामी सबैको आकाङ्क्षा रहिआएको छ । यो आकाङ्क्षा पूरा गर्न राजनीतिक दलहरूले तात्कालिक लाभहानी भन्दा माथि उठेर राष्ट्र र जनताको दीर्घकालीन हितलाई सर्वोपरि राखी देशका सबै वर्ग र क्षेत्रले अपनत्व महसुस गर्ने संविधान दिन सक्नुपर्दछ। मुलुकमा लोकतान्त्रिक संस्कार र पद्धतिको संस्थागत जग बसाउनको निम्ति पनि संविधानसभाबाट अविलम्ब संविधान जारी हुनु अपरिहार्य भएको छ । प्राकृतिक साधन स्रोतको अभाव नेपाललाई छैन । प्रचूर मात्रामा उपलब्ध त्यस्ता साधन स्रोतको प्रभावकारी र न्यायपूर्ण परिचालन गरी हरेक नेपालीलाई समृद्ध तुल्याउन सकिन्छ । त्यसका निम्ति राजनीतिक, आर्थिक, सामाजिक र भौगोलिक हिसाबले समेत एकताबद्ध भएर अघि बढनु जरुरी छ । नववर्षसँगै देशमा नयाँ लोकतान्त्रिक संविधान जारी भई राजनीतिक स्थिरता, आर्थिक विकास र सामाजिक सद्भाव कायम हुन सकोस्, जनतासँग गरिएका प्रतिबद्धताहरू पूरा गर्न प्रेरणा मिलोस्, परिआउने विघ्नबाधाहरूबाट देशवासीलाई मुक्ति मिलोस् र हामी सबै मिलेर भावी सन्ततिका लागि सुन्दर भविष्य दिन सकौं यही शुभकामना व्यक्त गर्दछु।

धन्यवाद

नेपाल र नेपालीको जय होस्

मिति २०७२ साल वैशाख १ गते मङ्गलबार

## २५५९ औं बुद्ध जयन्तीको अवसरमा दिनुभएको शुभकामना सन्देश

नेपाली धरतीका अमरज्योति शान्तिदुत गौतम बुद्धको २५५९ औं जन्म जयन्तीको अवसरमा सम्पूर्ण बौद्ध धर्मावलम्बीहरू लगायत समस्त नेपालीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु । यही २०७२ वैशाख १२ गते मुलुकमा गएको महाभूकम्पले मुलुकवासी र मुलुकका भौतिक संरचनाहरूमा पुऱ्याएको अपूरणीय क्षतिबाट हामी सबै नेपाली मर्माहत भएका छौं । भूकम्पबाट पुगेको क्षतिबाट सम्बद्ध व्यक्ति तथा समुदायमा पुगेको चोटलाई हामी सबैले आफैंलाई परेको चोट सम्झी उद्धार, राहत र पुनर्निमाणमा जुट्नु परेको छ । यस दुःखद् घडीमा मृतकका परिवार, घाइते, घरवारबिहीन दाजुभाइ दिदीबहिनीहरू सबैमा मेरो हार्दिक सहानुभूति छ । यस्तो अवस्थामा हामी सबै संयमित र धैर्यवान भई एक आपसमा हातेमालो गर्द सहयोगी हातहरू अघि बढाउनु अत्यन्त जरुरी छ । अतः म सबैलाई दह्रो आत्मबलका साथ एकजुट हुन आग्रह गर्दछु । नेपाली समाजमा विविध जातजाति, भाषाभाषी र धार्मिक सम्प्रदायहरूबीच सहिष्णुता कायम गरी राष्ट्रिय एकतालाई बलियो बनाउन भगवान गौतम बुद्धका उपदेश एवं मार्गदर्शनहरू हामी सबैका लागि प्रेरणादायी एवं अनुकरणीय रहेका छन् । विश्वभर शान्ति र अहिंसाको सन्देश फैलाउन बुद्धका उपदेशहरू अत्यन्त उपयोगी र सान्दर्भिक रहेको सन्दर्भमा बाँच र बाँच्न देऊको उहाँको उपदेश आत्मसात गर्दै अगाडी बढ्न सकेमा मानव समाजलाई शान्तिको बाटोमा डोऱ्याउन सहज हुने मैले आशा लिएको छु । गौतम बुद्धको जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाणको आजको दिनमा सवै नेपालीहरूमा आपसी सद्भाव, मेलमिलाप र सहअस्तित्वको भावना अझ प्रगाढ तुल्याई प्राकृतिक प्रकोपबाट उत्पन्न अवस्थालाई सामान्यीकरण गर्न हामी सबैलाई सफलता मिलोस् भन्ने कामना व्यक्त गर्दछु ।

धन्यवाद ।

नेपाल र नेपालीको जय होस् ।

मिति २०७२ बैशाख २१ गते सोमबार

## ८ औं गणतन्त्र दिवस, १५ जेठ २०७२ को पूर्व सन्ध्यामा देशवासीका नाममा दिनु भएको सन्देश

१. आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू !
आठौं गणतन्त्र दिवस २०७२ को पूर्व सन्ध्यामा देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूको सुख, शान्ति र समृद्धिको कामना गर्दछु ।

२. मुलुकमा लोकतान्त्रिक गणतन्त्र विधिको शासन र समावेशी राजनीतिक पद्धति स्थापनाका निम्ति विभिन्न कालखण्डमा भएका ऐतिहासिक आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण अमर शहीदहरूप्रति हार्दिक श्रद्धा र सम्मान अर्पण गर्दछु ।

३. यही २०७२ साल बैशाख १२ गतेको भूकम्प र त्यसपछिका पराकम्पनमा परी अकालमा जीवन गुमाउनु भएका नेपाली दिदीबहिनी, दाजुभाइ एवं विदेशी नागरिकको आत्माले शान्ति पावस् भन्ने कामना गर्दै सबैप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । भूकम्पमा परी दिवंगत हुनु भएका स्वदेशी एवं विदेशी नागरिकका परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछु ।

४. भूकम्पका कारण घाइते तथा अङ्गभङ्ग भई उपचार गराई रहनु भएका सम्पूर्ण दाजुभाइ-दिदीबहिनीहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

५. भूकम्प गए लगत्तैको विषम परिस्थितिमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्वयंसेवी युवाहरूले पीडितको उद्धार र घाइतेहरूलाई अस्पताल पुऱ्याउन दर्शाएको तत्परता र आँट अत्यन्त प्रशंसनीय थियो । त्यो साहस र सक्रियताका निम्ति म उहाँहरूलाई हार्दिक धन्यवाद दिन्छु । त्यसैगरी, संकटको घडीमा रातदिन नभनी भूकम्प पीडितको सेवामा खट्ने स्वास्थ्यकर्मी, सञ्चारकर्मी तथा खानेपानी, बिजुली, टेलिफोन, सडक, विमानस्थल जस्ता अत्यावश्यक सार्वजनिक सेवा, सुविधा सुचारु राख्न सघाउने सम्पूर्ण राष्ट्रसेवक, पेशाकर्मी, स्वयंसेवी एवं नागरिक समाजका सदस्यहरूको योगदानको कदर गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछु । भूकम्पले सृजना गरेको मानवीय संकटको घडीमा छिमेकी मित्र राष्ट्रहरू भारत र चीन सहित अन्तरराष्ट्रिय जगतले देखाएको सद्भाव, सहानुभूति र सहयोगका निम्ति हामी कृतज्ञ छौं । विपद्को घडीमा उद्धारका निम्ति तत्काल आवश्यक उपकरण र प्रविधि तथा विज्ञ सहित राहत सामग्री पठाउने सबै मित्रराष्ट्र तथा अन्तरराष्ट्रिय संघ-संस्थाहरूलाई म हार्दिक धन्यवाद दिन्छु ।

६. आदरणीय देशवासीहरू,
नेपालका विभिन्न भूभागलाई केन्द्रविन्दु बनाई २०७२ साल वैशाख १२ गते गएको ७.६ रिक्टर स्केलको भूकम्प र त्यसपछि निरन्तर गइरहेका पराकम्पनबाट ८ हजार ६ सय भन्दा बढी नेपाली तथा विदेशी नागरिकको मृत्यु भइसकेको छ । केही सय मानिस अझै हराई रहेका छन् । भूकम्पका कारण घाइते भएका बीसौं हजार नागरिक उपचारको क्रममा छन् । घर-गोठ भत्किएर ओत-आश्रय विहीन भएकाहरूको संख्या लाखौंमा आँकलन गरिएको छ । भूकम्पले मुलुकको अर्थतन्त्र, जनजीवीका र भौतिक सम्पत्तिमा पुऱ्याएको क्षतिको तत्काल अनुमान गर्न कठीन छ, जुन धेरै खर्ब रुपैया बराबर हुनसक्नेछ ।

७. भूकम्पबाट विश्व सम्पदामा सूचीकृत काठमाडौं उपत्यकाका थुप्रै मठ-मन्दिर तथा हिमाली क्षेत्रका प्राचिन गुम्बा एवं बिहार देखि जनकपुरको जानकी मन्दिरमा समेत क्षति पुगेको छ । यस्ता धार्मिक, सांस्कृतिक र ऐतिहासिक धरोहर एवं कला-सम्पदामा पुगेको नोक्सानी हामीले अनुभव मात्र गर्न सक्ने छौं, तिनको क्षतिपूर्ति गर्न सकिने छैन, किनभने ती आफैमा अमूल्य र अपूरणीय थिए । बितेको एक महिनामा मात्रै कयौं नेपाली आमाका काख रित्तिए, कयौं

नानीहरू टुहुरा भए, कयौं दिदीबहिनीका सिउँदो पुछिए । भूकम्पले लाखौं नेपालीको मन-मस्तिष्कमा लगाएको यस्तो घाउ निको हुन पुस्तौं पुस्ता लाग्न सक्छ । यथार्थमा नेपालको वर्तमान पुस्ताले प्रकृतिको यति निर्मम प्रहार यस अघि भोग्नु परेको थिएन । तर सन्तोषको कुरा होस यस्तो दुःखद अवस्थामा पनि सबै नेपालीले धैर्य धारण गरी विपद्को सामना गर्न साहस र एकताको उदाहरण पेश गर्न सके ।

८. हामी हिमालय पर्वतको काखमा बसोबास गर्नेहरूका लागि भूकम्प र त्यसले ल्याउन सक्ने विपत्ति एकदमै नौलो र अकल्पनीय कुरा भने होइन । यस भूखण्डको विगत सात सय वर्षलाई नियाल्यौं भने हरेक असी-सय वर्षको अन्तरालमा भूकम्पले यहाँका घर, मठ-मन्दिर, गुम्बा आदि भौतिक संरचनाहरू ढालेर तहस-नहस पारिदिने अनि हाम्रा पुर्खाहरू हरेक पटक धुलो टक्टक्याउँदै पुनर्निमाणमा जुट्ने गरेको इतिहास भेटिन्छ । हुन पनि पृथ्वीमै सबैभन्दा कमलो पर्वतीय भूभागका बासिन्दा भएका नाताले हामी नेपालीले भूकम्पको वास्तविकतालाई आत्मसात् गरेर यहाँको प्रकृति र प्राकृतिक स्रोत अनुरुपको वातावरण मैत्री जीवनशैली विकसित गरी त्यससँगै बाँच्न सिक्नु सबै भन्दा उत्तम विकल्प हुने देखिन्छ । त्यस निम्ति हाम्रा मूल्यवान स्रोत–सम्पदाका रुपमा रहेका हिमाल, पहाड, शिवालिक र तराई–मधेशको प्राकृतिक विशेषता जोगाउनु जरुरी छ । हाम्रा हिमालमा हिउँ, पहाडका पाखामा वन–वनस्पति, शिवालिक र तराईको जंगलमा जीवजन्तु र वन सुरक्षित राख्न सक्यौ भनेमात्र तराई–मधेशको उर्वर कृषि भूमि बचाउँन सक्ने छौं, जसले राष्ट्रको अन्नको भकारीलाई रित्तिन दिने छैन ।

९. दिदीबहिनी तथा दाजुभाइहरू

हामी विगत आठ वर्षदेखि सार्वभौम संविधानसभा मार्फत मुलुकलाई नयाँ संविधान दिन लागि परेका छौं । तर आजसम्म पनि संविधान बन्न सकिरहेको छैन । पछिल्ला दिनहरूमा संविधान निर्माणको निम्ति मुलुकको वातावरण केही अनुकूल बन्दै गएको अनुभव गरिदै थियो । यही बेलामा यति ठूलो विनाशकारी भूकम्प आएर हाम्रा सामु नयाँ चुनौती थपिदियो । यो परिस्थितिमा कतै प्रश्न उठ्न सक्छः 'अब संविधान अथवा भूकम्पले भत्काएका संरचना मध्ये कुन पहिला निर्माण गर्ने ? तर यसमा हामी कोही पनि द्विविधामा रहनु हुँदैन । नयाँ संविधान र भत्किएका संरचना निर्माण सँगसँगै अघि बढ्नु पर्छ । त्यसमा पनि संविधान निर्माणलाई बढी प्राथमिकता दिदै जानु राम्रो हुन्छ । यथार्थमा, आउँदा केही महिना भूकम्प पीडितहरूको निम्ति राहत र अस्थाई बसोबासको व्यवस्था गर्न मै व्यतीत हुने छन् । दीर्घकालिन पुनर्निर्माणको क्रम त्यसपिछ मात्र शुरु हुन सक्छ । राजनीतिक दलहरूले अहिले भूकम्प पीडित जनतालाई राहत पुऱ्याउने सन्दर्भमा देखाएको जस्तो एकता र समझदारी संविधान निर्माणको सवालमा पनि कायम राख्न सकून भन्ने आग्रह गर्दछु । लाखौंको संख्यामा भत्किएका निजी तथा सार्वजनिक संरचनाहरूको पुनर्निर्माणको काममा वर्षौं लाग्न सक्छ, तर संविधान लेखनका निम्ति अब त्यति धेरै लामो समय लिनु न्यायोचित हुनेछैन ।

१०. भूकम्प पछिको पुनर्निर्माणलाई सन्तुलित, चुस्त र जनता केन्द्रीत तुल्याउनका निम्ति पनि नयाँ संविधानको खाँचो महशुस गरिने छ । कमजोर राजनीतिक प्रतिवद्धता तथा अन्तरिम संविधानमा पनि स्पष्ट प्रावधान नरहेका कारण विगत दशक देखि नै स्थानीय निकायहरू जनप्रतिनिधि विहिन रहँदै आएका छन् । ती निकायहरूको अभावमा भूकम्प, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपको बेला राहत वितरण गर्नेदेखि नियमित विकास निर्माणका योजनाको कार्यान्वयन समेत चाहेजस्तो प्रभावकारी हुन सकिरहेको छैन । यथार्थमा स्थानीय निकायहरूको चुनाव कुनै पनि बहानामा अब टार्न नमिल्ने एउटा अपरिहार्य राष्ट्रिय आवश्यकता बनिसकेको छ । तर त्यस निम्ति पनि नयाँ संविधानको निर्माण पूर्व शर्तको रुपमा रहेको छ । त्यतिमात्रै होइन, सरकार, संविधानसभा एवं व्यवस्थापिका संसद, राजनीतिक दल तथा तिनको नेतृत्व र हाम्रो समग्र राज्य प्रणालीप्रति नेपाली जनता एवं विश्व समुदायको आस्था र भरोसा कायम राख्नका लागि समेत अब संविधान निर्माण प्रक्रियाले उच्च प्राथमिकता पाउनु जरुरी भएको छ । यो कुरा म किन पनि दोहोऱ्याउँदै छु भने, जनचाहना अनुरुपको नयाँ संविधान बनाउनकै लागि भनेर नेपाली जनताको साथ र विश्व समुदायको सहयोगमा हामीले दुई दुई पटक संविधानसभाको निर्वाचन गरेका हौं र त्यसै अनुरूप जनता र विश्वलाई वचन पनि दिएका छौं । मुलुकमा करीब एक दशक देखि चल्दै आएको राजनीतिक तदर्थवाद अन्त्य गर्न धेरै ढिलो भइसकेको छ । त्यस निम्ति पनि नयाँ संविधान जारी हुनै पर्छ । आज म विशेष गरी संविधानसभामा रहेका राजनीतिक दलहरूसँग आग्रह गर्छु'अन्तरिम संविधान अन्तर्गतको गणतन्त्र दिवस यो नै अन्तिम होवोस मुलुकले अर्को गणतन्त्र दिवस नयाँ संविधान अनुसार मनाउन पावस् !'

११. "भूकम्प पीडितहरूको राहत, पुनर्स्थापना र पुनर्निर्माणको कामलाई राष्ट्रिय अभियानका रुपमा सञ्चालन गर्ने" भनी संविधानसभामा रहेका सम्पूर्ण दलहरूले सर्वसम्मतिबाट सङ्कल्प प्रस्ताव पारित गर्नुलाई मैले अत्यन्त सकारात्मक रुपमा लिएको छु । दलहरूले उक्त प्रस्ताव मार्फत गरेका संकल्प र त्यसपछि तिनले गाउँ, वडा र घरदैलो तहमा सञ्चालन गरेका राहत र सहयोगका कार्यक्रमले पीडित जनतालाई ढाढस प्रदान गरेको छ । भूकम्पबाट क्षतिग्रस्त पूर्वाधार एवं बस्तीहरूसँगै नयाँ संविधान निर्माण गर्ने सवालमा पनि राजनीतिक दलहरूबाट आगामी दिनमा यस्तै एकता र सहकार्यको संस्कृति प्रदर्शन हुने छ भन्ने अपेक्षा मैले राखेको छु ।

१२. भूकम्पले राजधानी र आसपासका जिल्लाहरूमा पुऱ्याकएको भौतिक क्षतिबाट हाम्रो राष्ट्रिय अर्थतन्त्र र नागरिकको दैनिक जीवनमा निकै गहीरो असर पार्ने संकेत देखिइ सकेका छन् । भौतिक संरचनाहरूको पुनर्निर्माण र पुनर्स्थापनामा ठूलो धनरासी र वर्षौंको समय लाग्न सक्छ । तर, राष्ट्रको निर्माण र पुनर्निर्माणमा पैसा र प्रविधि भन्दा जनताको जोस, जाँगर र तत्परताको उच्च भूमिका रहने तथ्यलाई हामीले भुल्नु हुँदैन । त्यसैले भूकम्प पछिको पुनर्निर्माण र नवनिर्माणलाई एउटा राष्ट्रिय अभियानको रुपमा अघि बढाउनु पर्छ । त्यस निम्ति एकातिर राष्ट्रिय एवं अन्तरराष्ट्रिय साधन स्रोत जुटाउने प्रयत्न गरिनु पर्छ भने अर्को तिर जनताको मनोबल र उत्साह अभिवृद्धि गर्न पुनर्निर्माणका हरेक निर्णय एवं कार्यमा उनीहरूलाई स्वामित्व ग्रहण गर्ने अवसर दिइनु पर्छ । हाम्रा पुर्खाले आफ्नै बल, बुद्धि र सीपबाट सिर्जना गरेका गाउँ, नगर मठ-मन्दिर र अन्य धरोहरहरू पुनर्स्थापित गर्न अहिलेको पुस्ताका नेपाली उत्तिकै सक्षम छन् भन्ने कुरामा म विश्वस्त छु । त्यसैले, पुनर्निर्माणको कार्यको थालनी गर्दा "हामी नेपाली सक्षम छौं, हामी सक्छौं ।" भन्ने संकल्प गरौं ।

१३. भूकम्पको धक्काले चिरा-चिरा पारेका पाखा–पर्वत र खेत बारीका कान्लामा छिटै सुरु हुने मनसुनी वर्षाको भेल पस्दा जीवन अझ कष्टप्रद हुन सक्ने भयले हिमाल, पहाड र तराई–मधेश समेत सबै क्षेत्रका वासिन्दालाई सताएको छ । यो स्थितिमा सम्बद्ध विषयका विज्ञहरू परिचालित गरी वर्षा अघि नै सबैलाई सुरक्षाको प्रत्याभूति गराउने तर्फ कदम चाल्नु आजको आवश्यकता हो । परिस्थिति दुःखद् हुँदाहुँदै पनि अहिलेको घडीलाई भावी नयाँ नेपालको नक्सा कोर्ने अवसरका रुपमा लिन सबै देशवासीहरूसँग विनम्र आग्रह गर्दछु । सुरक्षित गाउँ-बस्ती कहाँ बसाल्न सम्भव हुन्छ र नगर वा महानगरहरू कहाँ कहाँ विकास गर्न सकिन्छ भन्ने दीर्घकालीन खाका तयार पार्ने बेला पनि यही हो । भूकम्पका कारण पहिरो र भूक्षयको गंभीर जोखिममा परेका केही गाउँ-बस्तीहरूलाई उचित ठाउँमा स्थानान्तरण गरी मानवीय सुरक्षा सुनिश्चित गर्नु हामी सबैको कर्तव्य हो । त्यसरी स्थानान्तरण गर्दा सकेसम्म उस्तै परिवेश र भूगोल भएको सुरक्षित स्थानलाई प्राथमिकता दिनु उचित हुनेछ ।

१४. विपद्को घडिमा नेपाली युवाहरूले यसपटक स्वस्फूर्त रुपमा देखाएको स्वयंसेवी भाव, धैर्य, दृढता र सुन्दर भविष्य निर्माणको चाहनाले हामी सबैलाई भरोसा दिलाएको छ । यी उर्जाशील युवाहरू देशका अमूल्य श्रोत र शक्ति हुन् । भूकम्प पछिको नव नेपालको प्रमुख जिम्मेवारी युवाहरूको काँधमा सुम्पिन सकेको खण्डमा तिनले गणतन्त्र नेपाललाई छोटो समयमै विश्वसामु एक समुन्नत र गतिशील राष्ट्रका रुपमा स्थापित गर्न सक्नेछन् भन्ने मेरो विश्वास छ । यस निम्ति सर्वप्रथम युवाहरूका निम्ति 'वैदेशिक' को सट्टा स्वदेशी रोजगारको ढोका खोल्न सक्नु पर्छ ।

१५. आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,

अन्त्यमा, म अघि भनेकै एउटा कुरा दोहोऱ्याउन चाहन्छु भूकम्प, महाभूकम्पहरू नेपाली भूमिका वास्तविकता हुन् । धरतीको यो वास्तविकता बुझेर, उसैसँग मिलेर हामीले हाम्रा निर्माण कार्य र वर–व्यवहार गर्न सक्नु पर्छ । यस अघिका भूकम्पबाट हामीले भूकम्प आएको बेलामा 'जो जहाँ छ, त्यहाँबाट भाग्नु पर्छ' भन्ने सिकेका थियौं । तर २०७२ सालको भूकम्पबाट हामीले धेरै कुरा सिक्नु, जान्नु छ । त्यसमध्ये मनन गर्नै पर्ने सबैभन्दा महत्वपूर्ण पाठ हो । "हामीलाई भूकम्पले थिच्ने होइन रहेछ, थिच्ने त हामीले नै बनाएका हाम्रा आफ्नै भौतिक संरचनाले रहेछ ।" तसर्थ, भोलिका दिनमा भौतिक निर्माण गर्दा बाढी, पहिरो र हुरी बतास जस्ता वातावरणीय पक्षहरूलाई जस्तै भूकम्पलाई पनि ख्याल गरौं र महत्व दिऊँ । यो सालको भूकम्पले पैदा गरेको पीडा बिर्सौं तर यो सन्देश नबिर्सौं । साथै, भूकम्प पछि स्वःस्फूर्त सिर्जना भएको राष्ट्रिय एकता र सद्भावबाट प्राप्त ऊर्जालाई नयाँ संविधान एवं नव नेपालको निर्माणमा उपयोग गरौं !

धन्यवाद !

सबै नेपालीको जय होस् ।

## इद उल फित्रको शुभ अवसरमा सम्पूर्ण इस्लाम धर्मावलम्बीहरूमा दिनु भएको शुभकामना सन्देश

मुस्लिम धर्मावलम्बीहरूको महान् पर्व इद उल फित्रको अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका समस्त नेपाली मुस्लिम दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति र समृद्धिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु । धार्मिक तथा सांस्कृतिक विविधतायुक्त हाम्रो देशमा मनाइने इद उल फित्र जस्ता विशेष पर्वले देशभित्र वसोवास गर्ने विभिन्न जातजाति, भाषाभाषी र समुदायवीच आपसी मेलमिलाप, सद्भाव र भाइचाराको प्रवर्द्धन गर्दै आफ्ना ऐतिहासिक एवम् मौलिक संस्कृति र परम्पराको संरक्षण एवम् सम्वर्द्धन गर्न महत्वपूर्ण योगदान पुऱ्याएका छन् । यसले हामीलाई विविधतावीच एकताको भावना र प्रेरणा दुवै दिएको छ ।रमदानको अवसरमा लामो उपवास बसेर आत्मा शुद्धीकरण गर्ने र आफन्तहरूबीच खुशी साटासाट गरी मनाइने यस पर्वले आपसी सद्भाव अभिवृद्धि गर्न अझ बढी सहयोग पुऱ्याउने हुँदा यो चाडले हामी सबमा मेलमिलाप, एकता र शान्तिको प्रेरणा प्रदान गर्न सकोस् भनी हार्दिक कामना गर्दछु ।

धन्यवाद ।

सबै नेपालीको जय होस् ।

मिति २०७२ श्रावण ३ गते आइतबार ।

## बकर ईद (इदुल जोहा) पर्व २०७२ का अवसरमा दिनुभएको शुभकामना सन्देश

ईस्लाम धर्माबलम्बीहरूको महान पर्व बकर ईद (इदुल जोहा) का अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण ईस्लाम धर्माबलम्बी दिदीवहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि तथा देशमा राष्ट्रिय एकता, धार्मिक सहिष्णुता एवम् आपसी सद्भाव कायम हुन सकोस् भनी हार्दिक शुभकामना व्यक्त गर्दछु । धार्मिक तथा सांस्कृतिक विविधतायुक्त हाम्रो मुलुकमा मनाइने यस पर्वले नेपाली समाजलाई एकताको सूत्रमा आवद्ध गरी आपसी एकता, सहिष्णुता तथा सद्भाव कायम गर्न पुऱ्याएको योगदानलाई सम्मान गर्दै यसलाई निरन्तरता दिन जरुरी छ । भाषा, धर्म, कला, सँस्कृति, परम्परा तथा रीतिरिवाज कुनै पनि मुलुकको सभ्यता र सम्पन्नताका सूचक हुन् । हामी सम्पूर्ण नेपालीले आफ्नो मातृभूमिको सभ्यता, सम्पन्नता र विविधतालाई जोगाउन आ-आफ्नो स्थानबाट सत्सङ्कल्प, सद्भाव, सद्विचार र सत्कर्मलाई नछोडी धार्मिक सहिष्णुता एवम् सद्भावलाई चीरकाल पर्यन्त अक्षुण्ण राखी राष्ट्रिय एकता कायम गर्न सकौं, बकर इद पर्वको पावन अवसरमा यही मेरो सबैमा शुभकामना छ ।

धन्यवाद !

नेपाल र सबै नेपालीको जय होस ।

२०७२ असोज ८ गते शुक्रबार ।

## बडा दशैं २०७२ को उपलक्ष्यमा दिनुभएको शुभकामना सन्देश

१. नेपालीहरूको महान पर्व बडा दशैं तथा विजया दशमी, २०७२ को सुखद् अवसरमा देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदी-बहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक एवम् मंगलमय शुभकामना व्यक्त गर्दछु ।

२. चाडपर्वहरू नेपाली समाजका गहना हुन् । हरेक ऋतु परिवर्तन सँगै आइरहने चाडपर्वले हाम्रो भौगोलिक, धार्मिक, सांस्कृतिक, जातीय र भाषिक विविधतालाई आपसमा गाँसेर सामाजिक सद्भाव, राष्ट्रिय एकता र साझा नेपाली पहिचान कायम गर्नमा महत्वपूर्ण योगदान गरेका छन् । विभिन्न जात-जाति, समुदाय, भूगोल र धर्मावलम्बीका विशिष्ट परम्पराहरू हाम्रो राष्ट्रिय एकताको मियोका रूपमा रहेका छन् । तसर्थ, दशैं, तिहार, छठ, ल्होसार जस्ता पर्वहरूलाई साझा सांस्कृतिक उत्सवका रुपमा विस्तार र विकास गर्ने तर्फ ध्यान दिनु समयोचित हुने छ ।

३. जननिर्वाचित प्रतिनिधिहरूबाट संविधान बनाउने हाम्रो झण्डै सात दशक पुरानो राष्ट्रिय सपना भर्खरै साकार भएको छ । संविधानसभाबाट नेपालको संविधान' जारी भएको सुअवसरमा सम्पूर्ण नेपाली दिदी-बहिनी, दाजुभाइहरूलाई पुनः हार्दिक बधाई ज्ञापन गर्दछु । नयाँ संविधानको कार्यान्वयनसँगै झण्डै एक दशक अघि शुरु गरिएको शान्ति प्रक्रिया टुंगिएको छ भने जनआन्दोलनका उपलब्धिहरू- लोकतान्त्रिक गणतन्त्र, संघीयता, समावेशिता आदिले संस्थागत स्वरुप प्राप्त गरेका छन् । नयाँ संविधानको निर्माणसँगै प्रमुख राजनीतिक मुद्दाहरू निरुपण भएको पृष्ठभूमिमा अब सम्पूर्ण सोच र शक्ति देशको आर्थिक एवम् सामाजिक विकास तर्फ केन्द्रित गर्ने बाटो खुलेको छ । आर्थिक क्रान्ति आजको साझा राष्ट्रिय लक्ष्य बन्नु परेको छ ।

४. संविधान निर्माण आफैंमा एउटा निरन्तर प्रक्रिया हो । अभ्यास र कार्यान्वयन गर्दै अघि बढ्दा यो थप परिष्कृत, समावेशी र न्यायपूर्ण हुँदै जाने हो । नेपालको नयाँ संविधान देशमा संविधानवाद र लोकतन्त्रका आधारभूत मान्यता स्थापित गर्दै नेपालबाट सबै प्रकारका विभेद, अन्याय र शोषणलाई अन्त्य गर्न सफल हुने मेरो विश्वास छ । साथै, यस संविधानले हिमाल–पहाड–तराई–मधेश या पूर्व-पश्चिममा बसोबास गर्ने भिन्नभिन्न जातजाति, वर्ण, भाषा, धर्म र सामाजिक एवम् सांस्कृतिक पहिचान बोकेका सबै नेपालीको लागि समान अवसरका ढोका खोली राष्ट्रिय एकता सुदृढ पार्न र सामाजिक सद्भाव एवम् क्षेत्र-क्षेत्र, जातजाति र समुदाय-समुदायबीच आपसी भाइचारा कायम गर्न उल्लेख्य योगदान दिन सफल रहोस् भन्ने कामना गर्दछु ।

५. विनाशकारी भूकम्पले फैल्याएको सन्त्रास र क्षतिबाट मुलुकको ठूलो भूभाग अद्यापि आक्रान्त रहिरहेकै अवस्थामा देशको केही भूभाग, विशेषतः तराई-मधेश आन्दोलित र अशान्त हुन पुगेको छ । निरन्तरको बन्द, हड्ताल र असुरक्षाले तराई-मधेशका जनताको जीवनयापन अत्यन्त कष्टकर हुँदै गइरहेको छ र बीसौं लाख बालबालिकाको पढाई बर्बाद भएको छ । तराई-मधेशको आन्दोलनको असर त्यहाँमात्र सीमित रहेको छैन । त्यसले सिंगो मुलुककै उद्योग, कलकारखाना, बैंक-वित्तीय प्रणाली र राष्ट्रिय अर्थतन्त्रमा समेत प्रतिकूल असर पार्न थालेको छ । लोकतन्त्रमा विरोध, हड्ताल र आन्दोलनलाई स्वाभाविक प्रक्रियाका रुपमा लिइन्छ । विरोध र आन्दोलनको स्वरुप भने सधैं लोकतान्त्रिक र शान्तिपूर्ण हुनुपर्ने हुन्छ । साथै, आन्दोलनकारीप्रति राज्यका व्यवहार पनि संयमित र सहिष्णु हुनु अति जरुरी हुन्छ । लोकतान्त्रिक पद्धतिको सीमाभित्र रहेर उठाइने विरोधका आवाज र आन्दोलनका मागलाई गंभीर र संवेदनशील ढंगबाट ग्रहण गरी वार्ता, छलफल आदिको माध्यमबाट संबोधन गर्नु लोकतान्त्रिक सरकारहरूको कर्तव्य हुन आउँछ । परिवर्तन र लोकतन्त्रको संघर्षमा सधैं अग्रपंक्तिमा रहँदै आएका तराई-मधेशका जनताको आवाज सुन्न र त्यहाँको समस्याको समाधान पहिल्याउन अरु ढिलाई नगरौं भनी म संवद्ध सबै पक्षहरूसँग आग्रह गर्दछु ।

६. अन्त्यमा, कामना गर्दछु । लामो राजनीतिक संक्रमण र संविधानसभा मार्फत् मुलुकलाई प्राप्त राजनीतिक, संवैधानिक एवम् सामाजिक उपलब्धिहरूको जगेर्ना गर्दै समुन्नत नेपाल निर्माणको अभियानमा अघि बढ्न सकौं ! दुर्गा भवानीले हामी सबैलाई सत्विचार र सत्व्यवहारको आशीष दिउन् ।

सवै नेपालीको जय होस् !

धन्यवाद !

३, कात्तिक २०७२ ।

# निवर्तमान राष्ट्रपति डा. रामवरण यादवले आफ्नो विदाइ समारोहमा दिनु भएको मन्तव्य

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी
सम्माननीय उपराष्ट्रपति
सम्माननीय प्रधानमन्त्री
सम्माननीय प्रधान न्यायाधीश
सम्माननीय सभामुख
उपप्रधानमन्त्रीहरू
मन्त्रीहरू
व्यवस्थापिका-संसदका सदस्यहरू
संवैधानिक अंगका प्रमुखहरू
महामहिम राजदूतहरू
निजामती, जंगी तथा सुरक्षा सेवाका राष्ट्रसेवकहरू
उपस्थित भद्रमहिला तथा सज्जन वृन्द !

१. नेपाली जनताबाट चुनिएका प्रतिनिधिहरूद्वारा बनाइएको लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान कार्यान्वयनको यस गरिमामय घडीमा म सर्वप्रथम ती सम्पूर्ण अमर शहीद र योद्धाहरूलाई स्मरण गर्छु जसले आजको दिनलाई सम्भव र साकार पार्न आफ्नो जीवन आहुती गरे ।

२. म आज धेरै खुशी छु । नेपाली जनताले २००७ सालदेखि २०६२-६३ सम्मका आन्दोलनहरू मार्फत अभिव्यक्त गरेका कयौं चाहनाहरू आज साकार भएका छन् । नयाँ संविधान बनेको छ, शान्ति प्रक्रिया टुङ्गोमा पुगेको कारण हिंसात्मक द्वन्द्वको पीडादायी चक्रबाट मुलुकले त्राण पाएको छ, देशमा लोकतान्त्रिक गणतन्त्र संस्थागत भएको छ । संघीय र समावेशी शासन पद्धतिको ढोका खोलिएको छ । झण्डै एक दशकको अन्तराल पछि मुलुकको राजनीति स्वाभाविक र संवैधानिक मार्गमा पुनर्स्थापित हुन सकेको छ । यो सकारात्मक विकासका निम्ति सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूसँगै नवनिर्वाचित राष्ट्रपतिलाई पुनः बधाई ज्ञापन गर्दछु ।

३. कुनै पनि संविधान पूर्ण दस्तावेज हुन सक्दैन । निरन्तरको अभ्यासस, मन्थन र समय सापेक्ष संशोधनबाट नै संविधानले पूर्णता प्राप्त गर्ने हो । यस निम्ति राजनीतिक दलका अतिरिक्त सम्पूर्ण राज्य संयन्त्र र बौद्धिक वर्गले विशेष योगदान पुऱ्याउन सक्छन् । नेपालको राजनीतिले भविष्यमा नयाँ संविधानले तय गरेको दायराभित्रनै आफ्नो बाटो पहिल्याउने छ भन्ने अपेक्षा राखेको छु । संवैधानिक यात्रा छट्पटी पैदा गराउने गरी सुस्त हुने भएकोले यसमा पर्याप्त संयम र धैर्यको खाँचो पर्नेछ । तथापि, अबका हरेक राष्ट्रिय आवश्यकता र राजनीतिक समस्याको समाधान राजनीतिक दलहरूले संवैधानिक तथा शान्तिपूर्ण तरिकाबाट खोज्नेछन् भन्नेमा म विश्वस्त छु । अभ्यास गर्दै जाँदा लोकतान्त्रिक पद्धति जस्तो संघीयताको अवधारणा र प्रयोग पनि परिस्कृत, सहज र फलदायी हुँदै जानेछ ।

४. आज मेरो बिदाइसँगै देशको अन्तरिम शासन व्यवस्थाको एउटा चरण पूरा भएको छ । मुलुकका प्रमुख राजनीतिक र संवैधानिक मुद्दाहरू धेरै हदसम्म सुल्झिसकेको पृष्ठभूमिमा अब सबैको ध्यान आर्थिक र सामाजिक विकासतर्फ केन्द्रीत हुन सकोस् । त्यस निम्ति प्रमुख राजनीतिक दलहरूले १२ बुँदे सहमति देखि संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा हुँदासम्म कायम गरेको एकता र सहकार्य आगामी दिनहरूमा पनि कायम रहोस् भन्ने कामना गर्दछु । देशको प्राकृतिक, सांस्कृतिक, भौगोलिक र जातिगत विविधतालाई अभिशाप होइन बरदान ठानेर त्यसबाट लाभान्वित हुनका निम्ति सहभाव, सहकार्य, सद्भाव र सहिष्णुतालाई हामीले राष्ट्रिय संस्कारका रुपमा आत्मसात गर्न सकौं भन्ने मेरो विनम्र आग्रह छ ।

५. नयाँ संविधानको निर्माण र कार्यान्वयन अवश्य पनि चुनौती रहीत छैन । तराइ-मधेशको ठूलो भूभाग लामो समयसम्म अशान्त र आन्दोलित रहँदा त्यहाँका बासिन्दा तथा मुलुकभरकै जीवन अत्यन्त कष्टकर भएको तथा भूकम्पबाट प्रभावित जनताको जीवनयापन दुरुह हुँदै गएको तथ्यप्रति गम्भीर भई विशेषतः राजनीतिक दल, व्यवस्थापिका-संसद तथा सरकारले अविलम्ब यसतर्फ ध्यान दिने छन् भन्ने आशा गरेको छु । मुलुकका जुनसुकै भूभागका जुनसुकै समुदायले उठाएका

आवाज र गुनासालाई संयम र सहानुभूतिपूर्वक सुन्ने र शान्तिपूर्ण उपायबाट समस्याको समाधान खोज्ने संस्कार र संस्कृति शुरु गर्नका लागि विशेष आग्रह गर्दछु ।

६. सातवर्ष लामो मेरो कार्यकालका चुनौती र उपलब्धिहरूको मूल्याङ्कन गर्ने जिम्मा विज्ञहरूको काँधमा छोडेको छु । तथापि, दोहोऱ्याएर संविधानसभाको निर्वाचन गर्नेदेखि लिएर शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउने जस्ता राष्ट्रिय महत्वका कार्यहरू सफल तुल्याउन मलाई सहयोग पुऱ्यातउने राजनीतिक दलहरू तथा यस अवधिमा बनेका सरकारहरूलाई विशेष धन्यवाद दिन्छु । त्यस्तै, देशको सङ्क्रमणकालीन राजनीति र शान्ति प्रक्रियालाई अन्तरिम संविधानले निर्दिष्ट गरेको गन्तव्यसम्म डोऱ्याउन आफ्नो ठाउँबाट योगदान गर्ने निजामती सेवाका राष्ट्रसेवक कर्मचारीहरू, नेपाली सेना, सुरक्षाकर्मीहरू, नागरिक समाज, पत्रकार तथा प्रेस जगत, छिमेकी तथा अन्य मित्रराष्ट्रहरू, अन्तरराष्ट्रिय समुदाय सहित सम्पूर्ण नेपाली जनताप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

७. अन्त्यमा, सात वर्ष अघि 'हिमाल-पहाड, तराई-मधेश मध्ये जहाँ बसे पनि, जे-जस्तो भेषभूषा धारण गरे पनि, जुन भाषा बोले पनि, जुन धर्म-संस्कृति माने पनि नेपालको सीमाभित्र बस्ने हामी सबै नेपाली हौं' भन्दै म यो भवनमा प्रवेश गरेको थिएँ । आज यहाँबाट विदा हुँदै गर्दा म त्यही कथन पुनः दोहोऱ्याउँछु – हिमाल-पहाड, तराई-मधेश जहाँ बसेका भए पनि हामी सबै नेपाली हौं । यही भावना बोकेर हामी अघि बढौं ! यसमै हामी र हाम्रा सन्ततिको भविश्य सुरक्षित रहने छ ।

नेपाली-नेपालीबीचको एकता र सामाजिक सद्भावलाई अरु मजबुत पार्न नवनिर्वाचित सम्माननीय राष्ट्रपतिलाई सफलता मिलोस् भन्ने शुभकामना सहित विदा हुन्छु ।

सबै नेपालीको जय होस् !
धन्यवाद !
२०७२ साल कात्तिक १२ गते बिहीबार ।



## फोटो एल्बम खण्ड



सम्माननीय राष्ट्रपति डा. रामवरण यादवसमक्ष इजरायलका महामहिम राजदूत H.E. Mr. Yaron Mayer आफ्नो ओहदाको प्रमाणपत्र पेश गर्नुहुँदै ।



सम्माननीय राष्ट्रपति डा. रामवरण यादवसमक्ष जर्मनीका महामहिम राजदूत H.E. Mr. Matthias Meyer आफ्नो ओहदाको प्रमाणपत्र पेश गर्नुहुँदै ।



सम्माननीय राष्ट्रपति डा. रामवरण यादवसमक्ष ब्राजिलका महामहिम राजदूत H.E. Ms. Maria Teresa Mesqulta Pessoa आफ्नो ओहदाको प्रमाणपत्र पेश गर्नुहुँदै ।



सम्माननीय राष्ट्रपति डा. रामवरण यादवसमक्ष थाइल्याण्डका महामहिम राजदूत H.E. Mr. Vitti Vittisant, बाँयाबाट पहिलो, आफ्नो ओहदाको प्रमाणपत्र पेश गर्नुभए पश्चात ।



सम्माननीय राष्ट्रपति डा. रामवरण यादवसमक्ष फिनल्याण्डका महामहिम राजदूत H.E. Mr. Jurma Suvanto आफ्नो ओहदाको प्रमाणपत्र पेश गर्नुहुँदै ।



सम्माननीय राष्ट्रपति डा. रामवरण यादवसमक्ष संयुक्त राज्य अमेरिकाका महामहिम राजदूत H.E. Ms. Alaina B. Teplitz, बाँयाबाट पहिलो, आफ्नो ओहदाको प्रमाणपत्र पेश गर्नुभए पश्चात ।



सम्माननीय राष्ट्रपति डा. रामवरण यादव पूर्व प्रधानमन्त्री श्री झलनाथ खनालद्वारा रचित "कस्तो सपना" गीति एल्बमको लोकार्पण गर्नुहुँदै ।



सम्माननीय राष्ट्रपति डा. रामवरण यादव राष्ट्रपतिको कार्यालयका सचिव श्री शारदाप्रसाद त्रितालको बिदाई कार्यक्रममा ।



सम्माननीय राष्ट्रपति डा. रामवरण यादवसमक्ष दक्षिण एशियाका लागि मलेसियन विशेष दूत Mr. S. Samy Vellu, बाँयाबाट दोश्रो, समेतबाट भेट ।



सम्माननीय राष्ट्रपति डा. रामवरण यादवको समुपस्थितिमा राष्ट्रपतिको कार्यालयका सचिवबाट राष्ट्रपतिको कार्यालयका सहायक कम्प्यूटर अपरेटर श्री खडानन्द पौडेललाई वि.सं. २०७० को उत्कृष्ट कर्मचारीको प्रमाणपत्र प्रदान हुँदै ।



सामान्य प्रशासन मन्त्री माननीय लालबाबु पण्डितबाट राष्ट्रपतिको कार्यालयका ईन्जिनियर श्री बिनोदकुमार रञ्जितलाई वि.सं. २०७१ को निजामती सेवा पुरस्कार तथा प्रमाणपत्र प्रदान हुँदै ।



सम्माननीय राष्ट्रपति डा. रामवरण यादवसमक्ष अफगानिस्तानका महामहिम राष्ट्रपति H.E. Mr. Mohammad Ashraf Ghani बाट शिष्टाचार भेट ।



सम्माननीय राष्ट्रपति डा. रामवरण यादव १८ औं सार्क शिखर सम्मेलनका अवसरमा पाल्नुभएका सार्क मुलुकका राष्ट्र/सरकार प्रमुखहरूसँग ।



सम्माननीय राष्ट्रपति डा. रामवरण यादव इजरायलका कृषि तथा ग्रामीण विकास मन्त्री H.E. Mr. Yair Shamir, बाँयाबाट चौथो, समेतबाट शिष्टाचार भेट पश्चात ।



सम्माननीय राष्ट्रपति डा. रामवरण यादवसमक्ष मित्रराष्ट्र जनवादी गणतन्त्र चीनका महामहिम परराष्ट्र मन्त्री H.E. Mr. Wang Yie बाट शिष्टाचार भेट ।



सम्माननीय राष्ट्रपति डा. रामवरण यादव हिउँदयामको श्री चाँगुनारायणको कलश छायाँ दर्शन गुर्नहुँदै ।



सम्माननीय राष्ट्रपति डा. रामवरण यादवसमक्ष अन्तर्राष्ट्रिय रेडक्रस महासंघका अध्यक्ष Mr. Tadateru Konoe बाट शिष्टाचार भेट ।



सम्माननीय राष्ट्रपति डा. रामवरण यादवसमक्ष बेलायतका प्रधान सेनापति, बाँयाबाट दोश्रो, समेतबाट शिष्टाचार भेट पश्चात ।



सम्माननीय राष्ट्रपति डा. रामवरण यादव गणतन्त्र दिवस, २०७२ को पूर्वसन्ध्यामा देशवासीका नाममा सम्बोधन गर्नुहुँदै ।



सम्माननीय राष्ट्रपति डा. रामवरण यादव भूकम्पबाट प्रभावित जिल्लाहरुको अवलोकन हुँदै ।



सम्माननीय राष्ट्रपति डा. रामवरण यादव मित्रराष्ट्र बंगलादेशका महामहिम अर्थ मन्त्री H.E. Mr. Abul Maal A. Muhith समेतबाट शिष्टाचार भेट ।



राष्ट्रपतिको कार्यालयका निमित्त सचिवबाट राष्ट्रपतिको कार्यालयका खरिदार श्री सुर्दशन खनाललाई वि.सं. २०७१ को उत्कृष्ट कर्मचारीको प्रमाणपत्र प्रदान हुँदै ।



राष्ट्रपतिको कार्यालयका श्रीमान् सचिव टेकप्रसाद ढुङ्गानाबाट कार्यालयमा पदवहाली हुँदै ।

## निवर्तमान राष्ट्रपति डा. रामवरण यादवको बिदाइको झलकहरू







**ठेगाना** :
राष्ट्रपति भवन, शीतलनिवास, महाराजगञ्ज, काठमाडौं,
पो.ब.नं. ००१, फोन नं. ०१-४४१७८८७
वेबसाइट : www.presidentofnepal.gov.np
ईमेल: bulletin@presidentofnepal.gov.np